घोराही उपमहानगरपालिकाको स्थानीय पाठ्यक्रम

# हाम्रो घोराही

## आधारभुत तह (कक्षा १-८)



प्रकाशक

घोराही उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सामाजिक विकास महाशाखा

घोराही, दाङ

लुम्बिनी प्रदेश, नेपाल

सर्वाधिकार प्रकाशकमा

**संरक्षक**

श्री नरुलाल चौधरी - मेयर
श्री हुमा डि.सी. - उप मेयर

**प्राविधिक सहयोग**

श्री सुदर्शन रिजाल, विज्ञ सदस्य उप प्राध्यापक महेन्द्र बहुमुखी क्याम्पस, दाङ ।

**पाठ्यक्रम निर्माण कार्यदल**

श्री राममणि पाण्डे (सामाजिक विकास समिति संयोजक तथा कार्यदल - संयोजक
श्री जीवन गौतम - सदस्य
श्री निशान्त आचार्य - सदस्य
श्री नारायण प्रसाद पोखेल - सदस्य
श्री केशव थापा - सदस्य
श्री नारायण प्रसाद पौडेल - सदस्य सचिव

**सल्लाहकार समिति**

श्री भोजराज घिमिरे (प्रमुख प्रशासकीय अधिकृत, घोराही उपमहानगरपालिका)
श्री विनोद गौतम (प्रमुख सामाजिक विकास महाशाखा)

**भाषा सम्पादक : गोकर्ण पौडेल**

**प्रकाशक : घोराही उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, दाङ**
**सर्वाधिकार प्रकाशकमा**
**प्रथम संस्करण : २०८०**

घोराही उपमहानगरपालिकाको स्थानीय पाठ्यक्रम

# भूमिका

विद्यालय शिक्षाको मुख्य दस्तावेज राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, स्थानीय पाठ्यक्रम विकास कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले गरेको मार्गदर्शनअनुरुप हाम्रो घोराही स्थानीय पाठ्यक्रम विकास गरिएको छ । स्थानीय पाठ्यक्रम उपमहानगरपालिकाको सामाजिक विकास महाशाखाले घोराही उपमहानगरपालिकाका सरोकारवालाहरू तथा पाठ्यक्रम विज्ञको सहभागितामा तयार गरेको हो । स्थानीय पाठ्यक्रम निर्माणको लागि गठित कार्यदलले उपमहानगरपालिकाका १९ वटै वडाका आवश्यकता पहिचान गरी प्राथमिकीकरण गरेको छ । पाठ्यक्रम निर्माण कार्यदल तथा विज्ञ सदस्यले पाठ्यक्रम विकास केन्द्रले विकास गरेको ढाँचा बमोजिम पाठ्यक्रमको मस्यौदा तयार गरेको छ भन्ने विश्वास लिएका छौ । कार्यदल र विज्ञ सदस्यले शिक्षा सरोकारवालाहरुसँग विभिन्न चरणमा छलफल गरी पाठ्क्रमलाई अन्तिम स्वरुप दिने काम गरेको हो । कार्यदलले तयार गरेको मस्यौदालाई उपमहानगर शिक्षा समिति, कार्यपालिकामा समेत छलफल गरी अन्तिम रुप दिने काम गरिएको छ ।

घोराही उपमहानगरपालिकाले तयार गरेको यस स्थानीय विषयको पाठ्यक्रम शैक्षिक सत्र २०८० देखि उपमहानगरपालिका भित्रका सबै सामुदायिक र संस्थागत विद्यालयहरूमा एकै साथ लागू गरिनेछ । यस पाठ्यक्रमले स्थानीय आवश्यकतामा आधारित व्यावहारिक विषयवस्तुहरू समावेश गरेको छ भन्ने विश्वास लिएका छौं । यस पाठ्यक्रमको कार्यान्वयनले घोराही उपमहानगरपालिकाको ऐतिहासिक परिचय, धार्मीक परिचय, घोराहीका सम्पदाहरु, पेसा, व्यवसाय र सीप, मूल्य शिक्षा र जीवनोपयोगी सीप, विपत् व्यवस्थापन, फोहोर व्यवस्थापन तथा हरित विद्यालय र सामाजिक कार्य, संघसंस्था तथा व्यक्तित्व आदि विषयवस्तुहरूको बारेमा विद्यार्थीहरूमा ज्ञान, सीप, अभिवृद्धि विकास गर्नेछ भन्ने विश्वास लिएका छौं ।

पाठ्यक्रम निर्माणमा खट्ने कार्यदलका सदस्यहरू, रचनात्मक तथा अमूल्य राय सुझाव प्रदान गर्नुहुने विज्ञ सदस्य श्री सुदर्शन रिजाल, अन्तर्क्रिया कार्यक्रममा सक्रिय सहभागी हुने जनप्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी सबैमा घोराही उपमहानगरपालिकाको तर्फबाट हार्दिक आभार प्रकट गर्न चाहन्छौं ।

स्थानीय पाठ्यक्रम निर्माणको यो पहिलो प्रयासमा सबै विषय क्षेत्रहरू नसमेटिएको पनि हुन सक्छ । पाठ्यक्रम जीवित र गतिशील दस्तावेज भएकोले आवश्यक रुपमा यसलाई तदारुकताका साथ अद्यावधिक तथा परिमार्जन गर्दै लगिनेछ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी त्यस क्रममा देखिने कमी कमजोरी औंल्याई परिमार्जन र सुधारका लागि रचनात्मक सुझाव तथा पृष्ठपोषण प्रदान गरिदिनहुन सबै सरोकारवालाहरुमा हार्दिक अनुरोध गर्दछौं ।

हुमा डि.सी.
नगर उपप्रमुख

नरुलाल चौधरी .
नगर प्रमुख

# मन्तब्य

घोराही उपमहानगरपालिले शैक्षिक शत्र २०८० देखि लागु हुनेगरी आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रम “हाम्रो घोराही“ स्वीकृत गरी कार्यन्वयनमा ल्याएको छ । उक्त पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, स्थानीय पाठ्यक्रम विकास कार्यान्वयन मार्गदर्शन,२०७६ को परिधिमा रहेर विकास गरिएको छ । स्थानीय पाठ्यक्रम निर्माणको लागि गठित कार्यदलले स्थानीय पाठ्यक्रम निर्माण गर्दा उपमहानगरपालिकाका भित्रका सरोकारवाला निकायहरू तथा पाठ्यक्रम विज्ञको सहभागिता रहने गरी उपमहानगरपालिकाका १९ वटै वडाको अध्ययन गरी पाठ्यक्रमका विषयबस्तु पहिचान गरी प्राथमिकीकरण गरेको छ । पाठ्यक्रम निर्माण कार्यदल तथा विज्ञ सदस्यले पाठ्यक्रम विकास केन्द्रले विकास गरेको ढाँचा बमोजिम पाठ्यक्रमको मस्यौदा तयार गरेको छ भन्ने विश्वास लिएका छु । कार्यदल र विज्ञ सदस्यले शिक्षा सरोकारवालाहरुसँग विभिन्न चरणमा छलफल गरी पाठ्क्रमलाई अन्तिम स्वरुप दिने काम गरेको हो । कार्यदलले तयार गरेको मस्यौदालाई नगर शिक्षा समिति, कार्यपालिकामा समेत छलफल गरी अन्तिम रुप दिने काम गरिएको छ ।

घोराही उपमहानगरपालिकाले तयार गरेको यस स्थानीय पाठ्यक्रम शैक्षिक सत्र २०८० देखि उपमहानगरपालिका भित्रका सबै सामुदायिक र संस्थागत विद्यालयहरूमा एकै साथ लागू गरिने छ । यस पाठ्यक्रमले स्थानीय आवश्यकतामा आधारित व्यावहारिक विषयवस्तुहरू समावेश गरेको छ भन्ने विश्वास लिएको छु । निर्माण प्रक्रियाका सबै चरणमा सहभागी हुन नपाए पनि मुख्य मुख्य छलफलहरुमा म समेत सहभागी भएर राय दिने अवसर पाएकाले पाठ्यक्रम राम्रो बनेको छ भन्ने विश्वास लिएको छु । यस पाठ्यक्रमको कार्यान्वयनले घोराही उपमहानगरपालिकाको ऐतिहासिक परिचय, धार्मिक परिचय, घोराहीका सम्पदाहरु, पेसा, व्यवसाय र सीप, मूल्य शिक्षा र जीवनोपयोगी सीप, बिपत् व्यवस्थापन, फोहोर व्यवस्थापन तथा हरित विद्यालय र सामाजिक कार्य, संघसंस्था तथा व्यक्तित्व आदि विषयवस्तुहरूको बारेमा विद्यार्थीहरूमा ज्ञान, सीप, अभिवृत्ति विकास गर्नेछ भन्ने विश्वास लिएको छु ।।

पाठ्यक्रम निर्माणमा खटिनु भएका कार्यदलका सदस्यहरू, रचनात्मक तथा अमूल्य राय सुझाव प्रदान गर्नु हुने विज्ञ सदस्य, अन्तर्क्रिया कार्यक्रममा सक्रिय सहभागी हुने जनप्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी सबैमा घोराही उपमहानगरपालिकाको तर्फबाट हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

स्थानीय पाठ्यक्रम गतिशील दस्तावेज भएकोले कार्यन्वयनका क्रममा आउने थप राय सल्लाहका आधारमा अद्यावधिक तथा परिमार्जन गर्दै लगिनेछ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी त्यस क्रममा देखिने कमी कमजोरी औंल्याई परिमार्जन र सुधारका लागि रचनात्मक सुझाव तथा पृष्ठपोषण प्रदान गरि सहयोग गरिदिनुहुन सबै सरोकारवालाहरुमा हार्दिक अनुरोध गर्दछु ।

भोजराज घिमिरे
प्रमुख प्रसासकीय अधिकृत

# भूमिका

आधारभूत तहबाटै विद्यार्थीहरुलाई स्थानीय विषयको ज्ञान सीप प्रदान गर्नुपर्छ भन्ने मान्यतालाई महसुस गर्दै नेपाल सरकारले स्थानीय भाषा वा विषयलाई पाठ्यक्रममा राख्ने नीतिगत व्यवस्था गरेको छ । केन्द्रबाट तयार पारिएका पाठ्यक्रमले मात्र विद्यार्थीहरुलाई आवश्यक ज्ञान, सीप, व्यावहारिक क्षमताहरु प्रदान गर्न सक्ने अवस्था रहँदैन भन्ने यथार्थतालाई आत्मसात गरी स्थानीय पाठ्यक्रमको अवधारणा कार्यान्वयनमा आएको हो ।

यसै अवधारणा अनुसार स्थानीय विषयको पाठ्यक्रम निर्माणका लागि घोराही उपमहाागरपालिका शिक्षा समितिबाट सामाजिक विकास समिति संयोजक राममणि पाण्डेको संयोजकत्वमा विज्ञ सदस्यसहित ७ सदस्यीय कार्यदल गठन गरी यो पाठ्क्रम तयार गरिएको छ ।

कार्यदलले पहिलो चरणमा घोराही उपमहानगरपालिकाका १९ वटै वडाका जानकार व्यक्तिहरुको प्रतिनिधित्व तथा समुदाय विशेषका जानकार समेतको सहभागितामा उपमहानगरपालिकाका ७ स्थानमा कार्याशालाहरु आयोजना गरी पाठ्यक्रममा समावेश गरिने विषयका बारेमा सुझाव सङ्कलन गर्ने काम गरेको थियो । दोस्रो चरणमा छलफलबाट आएका सुझावहरुलाई डकुमेन्टेसन गरी पाठ्यक्रम निर्माणका विशेष प्राविधिक बैठकहरुमा पर्याप्त छलफलबाट पाठ्यक्रम विकास केन्द्रले विकास गरेको ढाँचामा मस्यौदा तयार गर्ने काम गरिएको थियो । कार्यदलले तयार गरेको मस्यौदामा उपमहानगरपालिकास्तरमा प्रधानाध्यापकहरु लगायकाका शिक्षा सरोकारवालाहरुसँग छुट्टै कार्यशालाहरुको आयोजना गरी पाठ्क्रममा कक्षागत रुपमा प्रस्ताव गरिएका विषय क्षेत्र र क्रम निर्धारण, सिकाई उपलव्धी र विषयको विस्तृतीकरणमा राय सुझाव लिइएको थियो । कार्यदलले उपमहानगरस्तरको कार्याशालाबाट आएका सुझाव समेतलाई समेटेर तयार गरिएको स्थानीय विषयको पाठ्यक्रमको मस्यौदालाई शिक्षा समिति र कार्यपालिका समेतमा छलफल गराई अन्तिम रुप दिएको थियो ।

धेरै नै मेहनेत साथ तयार गरिएको यस पाठ्यक्रमको कार्यान्वयनमा घोराही उपमहानगरपालिकाले विशेष भूमिका खेल्ने विश्वास कार्यदलले लिएको छ । यो पाठ्क्रम घोराही उपमहानगरपालिकाको पहिचान समेत हो । यस पाठ्क्रमको उद्देश्य अनुसार आगामी दिनमा उपमहानगरपालिकाले पाठ्यपुस्तक निर्माण गरी विद्यार्थीहरुको हातहातमा पुऱ्याउन सहयोग गर्नेछ भन्ने विश्वास लिएको छु । घोराही उपमहानगरपालिकाको स्थानीय विषयको पाठ्क्रम निर्माणमा सहयोग गर्ने सम्पूर्ण जनप्रतिनिधिहरु, प्रधानाध्यापकहरु, विव्यस अध्यक्षहरु, समुदाय विशेषका अगुवाहरु लगायत नागरिक समाजका सबै तह र तप्कामा कार्यदल हार्दिक आभार व्यक्त गर्दछ ।

राममणि पाण्डे
कार्यदल संयोजक

# विषयसूची

१. परिचय १

२. तहगत सक्षमता ६

३. विषयवस्तुको क्षेत्र एकाइ, पाठ्यभार तथा उपक्षेत्र ७
४. विषयवस्तुको क्षेत्र र विषयको विस्तृतीकरण ९
५. कक्षागत सिकाइ उपलब्धि १९
६. विषयको क्षेत्र, संभाबित शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन विधि २६
७. सम्भावित परियोजना तथा प्रयोगात्मक कार्यकलापहरू ८५
८. सिकाइ सहजीकरण विधि र प्रक्रिया ९१
९. विद्यार्थी मूल्याङ्कन ९४

**अनुसूचीहरू**

अनुसूची - १ : कक्षा १-३ को मूल्याङ्कन अभिलेखीकरण फाराम १०१
अनुसूची - ४ : विशिष्टीकरण तालिका कक्षा ६-८ १०८
अनुसूची - ५ : वडातहबाट आएका सुझावहरुको सूची ११०
सन्दर्भ सामग्रीहरु १२७

घोराही उपमहानगरपालिकाको स्थानीय पाठ्यक्रम

# भाग १ (एक) : परिचय

## १. स्थानीय पाठ्यक्रम परिचय

स्थानीयस्तरमा आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूकै विज्ञता र सक्रियतामा कम लागतमा स्थानीयस्तरमै तयार गरिने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । पाठ्यक्रम विकास तथा परिमार्जन निरन्तर चलिरहने प्रक्रिया हो । समाजको माग र सिकारुको आवश्यकताका आधारमा पाठ्यक्रममा समसामयिक, विश्वव्यापी र स्थानीय विषयवस्तुलाई समावेश गरिन्छ । स्थानीय तहमा अध्ययन गर्ने विद्यार्थीमा व्यवहारकुशल तथा जीवनोपयोगी सीप र सक्षमताहरू विकास गर्न पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सिकारुमैत्री बनाउने प्रयास गरिन्छ । यसै क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूपको सैद्धान्तिक अवधारणा अनुसार आधारभूत तहको मौजुदा पाठ्यक्रममा परिमार्जन गरी एकीकृत पाठ्यक्रम विकास गरिएको छ ।

पाठ्यक्रमको मौजुदा संरचनाअनुसार आधारभूत तहमा कक्षा १-३ मा साप्ताहिक ५ पाठ्यघण्टाका दरले वार्षिक एक सय ६० पाठ्यघण्टाको मातृभाषिक सीप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप र कक्षा ४-८ मा साप्ताहिक ४ पाठ्यघण्टाका दरले वार्षिक एक सय २८ पाठ्यघण्टाको मातृभाषा/स्थानीय विषय समावेश गरिएको छ । स्थानीय विषयअन्तर्गत मातृभाषा वा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप समावेश गरिएका छन् । यसअन्तर्गतका सिर्जनात्मक सीप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषय क्षेत्रका क्रियाकलापसँग पनि सम्बन्धित गराउन सकिन्छ । स्थानीय तहले विद्यालयको सहभागितामा स्थानीय विज्ञ, अभिभावक तथा शिक्षकको सहयोगमा स्थानीय विषयको पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याउनुपर्ने नीतिगत व्यवस्था गरिएको छ ।

स्थानीय पाठ्यक्रमको कार्यान्वयन स्थानीय तहबाटै हुने भएकाले विज्ञको सहयोगमा वा सरोकारवालाहरु स्वयंमा स्थानीय सक्षमता विकास गरी सबै विद्यालयमा मातृभाषा वा स्थानीय विषयको पठनपाठन सुनिश्चित गर्ने दायित्व पनि स्थानीय तहमै रहेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुसारको संरचनामा स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याउँदा स्थानीय आवश्यकता पूर्ति हुनुका साथै सिकाइप्रतिको अपनत्वसमेत विकास हुन्छ भन्ने मान्यता रहेको छ । यही आवश्यकतालाई दृष्टिगत गरी स्थानीय तहमा स्थानीय विषयवस्तुमा आधारित पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्नुपर्छ । पाठ्यक्रम विकास केन्द्रले स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ तयार गरि स्थानीय तह तथा विद्यालयहरुलाई नै स्थानीय स्थानीय पाठ्यक्रमको विकास गर्न सहजता प्रदान गरेको छ । सोही मार्गदर्शनको परिधिमा रही घोराही उपमहानगरपालिकाले स्थानीय शिक्षा सरोकारवालाहरुसँग प्रयाप्त छलफल गरी हाम्रो घोराही स्थानीय विषयको पाठ्यक्रम तयार गरेको छ ।

### १.१.स्थानीय पाठ्यक्रम निर्माणको औचित्य

स्थानीय स्तरका पहिचान, स्थानीय सीप, व्यवसाय, पेसा एव रोजगारलाई सम्बोधन गर्दै वैदेशिक रोजगारीमा समेत काम गर्न सक्ने उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गर्नु स्थानीय पाठ्यक्रमको मुख्य उदेश्य हो । शिक्षाले राष्ट्रियका साथै स्थानीय कला सौन्दर्य, आदर्श तथा विशिष्टताको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्नु, समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्ने लक्ष राखेको हुन्छ । केन्द्रीय तहमा निर्माण गरिने पाठ्यक्रमबाट मात्र सोअनुरूपको उद्देश्य पूरा गर्न सम्भव हुँदैन । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र सन्दर्भको अध्ययनबाट स्थानीय आवश्यकतालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रमको प्रावधान आवश्यक भइसकेको तथ्य विभिन्न अध्ययन तथा प्रतिवेदनले औंल्याएका छन् । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरूले स्पष्ट गर्दछन् ।

- पाठ्यक्रमका माध्यमबाट स्थानीय तहका आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई व्यावहारिक र प्रभावकारी तुल्याउनु ।
- स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको व्यवहार गर्न सक्ने तुल्याउनु ।
- भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन गर्नु ।
- एक स्थान/क्षेत्र/व्यक्तिको ज्ञानलाई अर्को स्थान/क्षेत्र/व्यक्तिमा अनुकरण गरी अनुभव साटासाट गरी उत्पादनमूलक ज्ञान, सीप, प्रविधिको विस्तार गर्नु ।
- स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सीप, भाषा आदिको संरक्षण र संवर्धन गर्नु ।
- स्थानीय ज्ञान, सीप र प्रविधिलाई राष्ट्रियकरणका साथै विश्वव्यापीकरण गर्न सहयोग गर्नु ।
- स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सक्ने गरी स्थानीय सरोकारवालालाई जिम्मेवारी बोध गराउनु ।
- स्वावलम्बी एवं आत्मनिर्भर हुने शिक्षा प्रदान गरी रोजगारमुखी नागरिक तयार गर्नु ।
- आयआर्जन, श्रमप्रति सम्मान, कामप्रति लगाव बढाउन सहयोग पुर्‍याउनु ।
- स्थानीय तहमा लुकेर बसेका ज्ञान, सीप र प्रविधिलाई पाठ्यक्रमका माध्यमबाट उजागर गर्ने प्रयत्न गर्नु ।
- स्थानीय विषयवस्तु समावेश गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्नु ।
- आधुनिक र बालमैत्री वातावरणमा सिकारुले व्यावहारिक ज्ञान लिने अवसर सिर्जना गर्नु ।
- परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई जगेर्ना गर्न र विकास गर्न सहयोग पुर्‍याउनु ।

राष्ट्रिय पाठ्यक्रम निर्माणमा सबै सरोकारवालाको संलग्नताको सम्भावना रहदैन । यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सीपलाई पूर्ण रूपले समेट्न सम्भव पनि हुँदैन । अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सीप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सीपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नुपर्छ ।

यसका लागि स्थानीय आवश्यकताका विषय/क्षेत्रलाई समावेश गरी सरोकारवालामा पाठ्यक्रमप्रति अपनत्वको भावना विकास गराउनु आवश्यक छ । स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोत सामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्दै शिक्षालाई स्थानीय परिवेशअनुरूप व्यवहारसँग जोड्ने मार्गचित्र तयार गर्नु यसको औचित्य रहेको छ ।

## १.३. स्थानीय पाठ्यक्रमको उदेश्यहरु

- सबै स्थानीय सरोकारवालाहरूलाई स्थानीय पाठ्यक्रमको अवधारणा, सिद्धान्त र औचित्यसहित यसको आवश्यकता पहिचान गरी स्स्थानीय विषयहरुलाई पाठ्यक्रममा समाबेश गर्न सहयोग गर्नु ।
- नेपालमा स्थानीय पाठ्यक्रम सम्बन्धी नीति तथा अभ्यासको समीक्षा गरी विद्यालय तहका लागि भावी योजना निर्माण र कार्यान्वयनका लागि जिम्मेबार बन्न सहजीकरण गर्नु ।

- स्थानीय तहमा स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, छनोट तथा कार्यान्वयनमा सहजीकरण गर्नु ।
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकसम्बन्धी नीतिगत व्यवस्थाको कार्यान्वयनमा सहयोग गर्नु ।

## १.४. स्थानीय पाठ्यक्रम निर्माणले हुने फाईदाहरु

- :स्थानीय आवश्यकताका विषयवस्तुले स्थान पाउने तथा स्थानीय विषयवस्तुमा आधारित हुने ।
- पाठ्यक्रम स्थानीय तहबाटै विकास हुने तथा स्थानीय भौतिक तथा मानवीय स्रोत साधनको उपयोग हुने ।
- पाठ्यक्रममा स्थानीय सरोकारवालाको अपनत्व रहने तथा विद्यालय र समुदायको सम्बन्ध सुदृढ हुने ।
- स्थानीय पाठ्यक्रमको विकास भई यसको कार्यान्वयनमा स्थानीयको पहुँच तथा प्रभावकारिता अभिवृद्धि हुने ।
- स्थानीय स्रोत तथा शैशिक सामग्रीको प्रयोग हुने भएकोले स्थानीय सरोकारवालाको सक्रिय सहभागिता रहने ।

## १.५.स्थानीय पाठ्यक्रम मार्गदर्शन २०७६ ले दिएका स्थानीय पाठ्यक्रमका सम्भावित विषय क्षेत्र

राष्ट्रिय पाठ्यक्रम प्रारूपले आधारभूत तहको कक्षा १–३ मा साप्ताहिक ५ पाठ्यघन्टा र कक्षा ४–८ मा साप्ताहिक ४ पाठ्यघण्टाको स्थानीय पाठ्यक्रम रहने व्यवस्था गरेको छ । माध्यमिक तहमा स्थानीय पाठ्यक्रम अलग्गै राखिएको छैन । माध्यमिक तहमा विद्यालयले ऐच्छिक विषय छनोट गर्दा स्थानीय तहसँग समन्वय गर्नुपर्ने व्यबस्था छ । आधारभूत तहका लागि सम्भाव्य स्थानीय विषयका क्षेत्रहरू यहाँ उल्लेख गरिएको छ ।

**मातृभाषा :**

नेपाल बहुभाषिक देश हो । बालबालिकालाई मातृभाषा सिक्ने अवसर प्रदान गर्नका लागि लेख्य भाषा भएका भाषिक समुदायका बालालिकाहरूलाई उनीहरूको मातृभाषा सिकाउने कार्यमा प्राथमिकता दिनुपर्दछ । विभिन्न मातृभाषी विद्यार्थीहरू भएको कक्षामा कुन मातृभाषा सिकाउने भन्ने कुराको निर्णय सहज छैन । धैरै अभिभावक तथा विद्यार्थीबाट एउटै मातृभाषामै पढाउने माग भई आएमा विद्यालय वा स्थानीय तहले पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका विभिन्न मातृभाषाका पाठ्यक्रम तथा पाठ्यपुस्तक हुबहु वा आवश्यकतानुसार परिमार्जन गरी प्रयोग गर्न वा निर्धारित ढाँचामा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरी प्रयोग गर्न सक्ने व्यबस्था गरिएको छ ।

**संस्कृति, सामाजिक विविधता, इतिहास, सांस्कृतिक सम्पदा, पुरातत्व**

- ऐतिहासिक स्थल, वस्तु, ऐतिहासिक व्यक्तित्व, प्राचीन स्मारक, स्थानीय समुदायको इतिहास, ऐतिहासिक ग्रन्थ लगायत ।
- मठमन्दिर,पाटीपौवा, चैत्य, स्तूप, पुराना दरबार, शिलालेख, ताम्रपत्रलगायत स्थानीय स्तरमा मनाइने विभिन्न धर्म, धार्मिक सहिष्णुता र सद्भाव, धार्मिक क्रियाकलाप, धार्मिक स्थल लगायत ।

- स्थानीय समुदायका आदिवासी, जनजाति, लोपोन्मुख जाति, दलित तथा पिछडिएका जाति र उनीहरूको रहनसहन, संस्कार लगायत । स्थानीय स्तरमा बोलिने भाषा, भाषिका र तिनीहरूको संरक्षण लगायत ।
- स्थानीयस्तरका क्लब, सरकारी तथा गैरसरकारी एबं समुदायमा आधारित सङ्घ संस्था, सामुदायिक सङ्घ संस्था लगायत ।
- स्थानीय क्षेत्रका शिक्षा, सामाजिक, सांस्कृतिक, साहित्यिक, कला, खेलकुद लगायतका क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिको जीवनी लगायत ।

**भूगोल, प्राकृतिक सम्पदा र तिनको सदुपयोग**

- स्थानीय परिवेशको धरातलीय स्वरूप, हावापानी, मौसम लगायत ।
- स्थानीय परिवेशको जङ्गल, रुखबिरुवा, खोला, नदीनाला, ताल, पोखरी,मूहान, जडीबुटी, जीवजन्तु ।
- स्थानीय प्राकृतिक स्रोत र सम्पदा, वातावरण संरक्षण र राष्ट्रिय निकुञ्ज लगायत ।

**परम्परागत तथा प्रचलित स्थानीय सीप तथा कला**

स्थानीय परिवेशअनुसार परम्परागत रूपमा प्रचलित वा लोपोन्मुख विभिन्न किसिमका कला, सङ्गीत, नृत्य, गायन, चकटी बुन्ने, गुन्द्री बुन्ने, सुकुल बुन्ने, धानको पुतली बनाउने, खेलौना बनाउने, माटाका भाँडा बनाउने, चित्र कोर्ने, गीत गाउने, गीत लेख्ने, मादल बजाउने, डम्फु बजाउने, खैँजडी बजाउने, हार्मोनियम बजाउने, टुङ्ना बजाउने, पञ्चेबाजा बजाउने, स्थानीय नृत्य देखाउने लगायत ।

**स्वास्थ्य, सरसफाइ, वातावरण संरक्षण**

- फोहोरमैला व्यवस्थापन, स्वच्छ खानेपानी, शौचालय, ढल निकास, अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, प्राथमिक उपचार, सामुदायिक स्वास्थ्य लगायत
- आफ्नो वरपरको वातावरणका तत्व, अवस्था र संरक्षणका उपाय लगायत ।
- योगाभ्यास, कपर्दी, थुँगी खेल, भुस दौड, बाघको छाला, गट्टा, डन्डिबियो, हवाई कासा, राजा कपर्दी एकखुट्टे लगायत । योग, दैनिक आहारविहार, परम्परागत प्राकृतिक उपचार, आनीबानी लगायत ।
- आयुर्वेद, जडीबुटीको प्रयोग आदि ।

**विविध**

- स्थानीय स्तरका कृषि, पन्छी तथा पशुपालन, उद्योग, पर्यटन, जडीबुटीलगायत अन्य आयआर्जनका क्षेत्र ।
- पेसा तथा व्यवसायको पहिचान तथा परिचय ।

- करेसाबारी, बगैचा, कौसी तरकारी । स्थानीय सरकारको बनोट र कार्य । स्थानीय शिक्षाको अवस्था ।
- प्राकृतिक प्रकोप ,उपभोक्ता सचेतना , स्थानीय पुस्तकालय र वाचनालय ।
- स्थानीय उद्योग र पर्यटन , जोखिम व्यवस्थापन ।
- माथि दिइएका विषय क्षेत्र उदाहरण मात्र हुन् । यीबाहेक स्थानीय परिवेशमा अनेकौ विषयक्षेत्र र विषयवस्तु हुन सक्छन् । तिनीहरूमध्येबाट आवश्यकताको पहिचान गरो एक वा सोभन्दा बढी पनि छनोट गरी पाठ्यक्रमको संरचनामा ढालेर पठनपाठन गर्न सकिन्छ । विषयक्षेत्र छनोट गरिसकेपछि उद्देश्यको आधारमा विषयवस्तु छनोट गर्नुपर्दछ । विषयवस्तुको छनोट गर्दा पनि कक्षा, तह, विद्यार्थीको उमेर, सिकाइस्तर, मनोविज्ञान, उपलब्ध स्रोत र साधन, समय आदिलाई ध्यान दिनुपर्दछ ।

विभिन्न विषय तथा कक्षामा स्थानीय विषयवस्तु एकीकरण विषयक्षेत्रका रूपमा अलग्गै स्थानीय पाठ्यक्रम रहने व्यवस्था कक्षा १–८ को पाठ्यक्रम संरचना रहेको छ । यही संरचनाअनुसार विद्यालय वा स्थानीय तहले पाठ्यक्रम विकास वा अनुकूलन गरी कार्यान्वयन गर्नुपर्दछ भने अन्य विषयक्षेत्रमा पनि विद्यालय तथा सम्बन्धित शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा स्थानीय विषयवस्तु समावेश वा एकीकरण गर्न सक्दछन् । यसमा शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा, परियोजना कार्यमा स्थानीय परिवेश, विषयवस्तुबाट क्रियाकलाप सुरु गर्ने, यसलाई पाठ्यक्रमका विषयवस्तुसँग जोड्ने गर्न सक्दछन् । त्यसै गरी सिकाइ क्रियाकलापका क्रममा स्थानीय परिवेशका उदाहरण प्रस्तुत गर्ने, सिकाइलाई स्थानीय परिवेशमा प्रयोग गर्ने, स्थानीय विषय वा परिवेशसंग सम्बन्धित गराउने गर्नुपर्छ । पाठ्यक्रमले निर्धारण गरेका सक्षमता तथा सिकाइ उपलब्धि हासिल हुने गरी शिक्षण सिकाइमा स्थानीय विषयवस्तु एकीकरण गर्नाले सिकाइलाई रुचिकर र सान्दर्भिक बनाउन थप सहयोग पनि प्राप्त हुन्छ ।

## १.६ पाठ्यक्रम निर्माणको सन्दर्भ

नेपालको संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको कार्यक्षेत्रभित्र राखेको छ । शिक्षालाई मौलिक हकका रूपमा व्यवस्था गरी शैक्षिक अधिकारको निक्षेपण र स्थानीयकरण मार्फत बलियो शैक्षिक जग निर्माणको मार्ग प्रशस्त गरेको छ । १५ औं योजनाले परम्परागत र स्थानीय ज्ञान, सीप र प्रविधिको संवर्द्धन तथा संरक्षण गर्दै वैज्ञानिक खोज एवम् अनुसन्धानबाट प्रतिपादित नवीनतम प्रविधिलाई मुलुकको समग्र विकास प्रक्रियामा उपयोग गर्ने रणनीति तय गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५ ले आधारभूत तहमा एउटा विषयका रूपमा स्थानीय विषय वा मातृभाषाको पाठ्यक्रम स्थानीय तहले तयार गरी पठनपाठन गराउनुपर्ने व्यवस्था गरेको छ । सङ्घीय सरकारले समग्र पाठ्यक्रम तथा परीक्षासम्बन्धी मापदण्ड, नीति, गुणस्तरका सूचक र बेन्चमार्क तयार गर्नुपर्ने, प्रदेश सरकारले सो सम्बन्धमा क्षमता विकास र समन्वय गर्ने तथा स्थानीय सरकारले सङ्घीय नीतिभित्र रही स्थानीय नीति निर्माण र कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी दिगो विकासका लक्ष्य, २०३० को सफल कार्यान्वयनका राष्ट्रिय रणनीतिमा समेत स्थानीय क्षमता, ज्ञान, सीप र प्रविधिलाई सबलीकरण गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सकिने कुरा उल्लेख गरिएको छ ।

यो पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले निर्दिष्ट गरेका प्रावधानलाई ध्यान दिई विकास गरिएको छ । यो पाठ्यक्रम निर्माणको मुख्य उद्देश्य स्थानीय विषयवस्तु, स्थानीय आवश्यकता पहिचान गरी स्थानीय

सहभागिता र विज्ञताको संलग्नतामा पाठ्यक्रम विकास गर्ने, विद्यार्थीहरूमा स्थानीय ज्ञान, सीप, अभिवृत्तिको विकास गर्ने, श्रमको सम्मान गर्ने भावनाको विकासको साथै स्थानीय पेसा, व्यवसाय, प्रविधि, मूल्य मान्यता, वातावरण संरक्षण तथा प्रवर्द्धन गर्ने रहेको छ । यसका लागि प्रारम्भिक कक्षादेखि नै स्थानीय परिवेशसँग परिचित गराउनका लागि स्थानीय पाठ्यक्रमको महत्वपूर्ण भूमिका हुन्छ । स्थानीय ज्ञान, सीप, प्रविधि, संस्कृति, प्रकृति, संस्कार, कला, भाषा, साहित्यको संवर्द्धन र सबलीकरणबाट मात्र अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धा गर्न सक्ने सोच, क्षमता विकास र वस्तु उत्पादन गर्न सकिने तथ्यलाई दृष्टिगत गरी स्थानीय पाठ्यक्रमको अवधारणालाई अगाडि सारिएको छ । यस पाठ्यक्रममा विशेषतः घोराही उपमहानगरपालिकाको परिचय, नक्साङ्कन र इतिहास, उपमहानगरपालिकाको गठन, सेवा प्रवाह र पालिकाभित्रको रीतिरिवाज, संस्कार र संस्कृति, स्थानीय धार्मिक र पर्यटकीय स्थलहरू, स्थानीय परम्परागत पेशा, व्यवसाय र प्रविधि, सङ्क्रामक रोगहरू, स्थानीय प्रकोप र जोखिमको पहिचान तथा व्यवस्थापन जस्ता पक्षहरू समावेश गरिएका छन् । गरेर सिक्ने पद्धतिमा आधारित भई सिकाइ सहजीकरण गर्ने र विद्यार्थीहरूलाई उनीहरूले विभिन्न माध्यमबाट प्राप्त ज्ञान, सीप र अभिवृद्धिलाई विद्यालय तथा समुदायमा प्रयोग गर्ने खालका क्रियाकलापलाई जोड दिएको छ ।

## २. तहगत सक्षमता/उद्देश्य

### कक्षा : १-३ का सक्षमता

१. परिवार टोल, वडा र घोराही उपमहानगरपालिकाको सामान्य परिचय
२. घोराही उपमहानगरपालिकाका धार्मिक तथा र पर्यटकीय स्थलको चिनारी
३. घोराहीका स्थानीय परम्परा तथा संस्कृतिप्रति सचेतना विकास
४. स्थानीय परम्परागत पेसा, व्यवसाय र सीपसँग परिचित
५. मूल्य शिक्षा, जीवनोपयोगी सीप, उद्घोषण कला तथा व्यबहारिक लेखनको विकास
६. विपत् व्यबस्थापन, फोहोर व्यबस्थापन र हरित विद्यालय
७. सामाजिक कार्य सामाजिक संघसंस्था तथा अनुकरणीय व्यक्तित्वहरुबारे जानकारी

### कक्षा ४-५ का सक्षमता

१. घोराही उपमहानगरपालिकाको  सङ्क्षिप्त परिचय, नक्सा र अवस्था पहिचान
२. घोराहीका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलको परिचय र महत्वबोध
३. घोराहीका परम्परा तथा संस्कृतिको परिचय  र महत्वबोध
४. स्थानीय परम्परागत पेसा, व्यवसाय र सीपको परिचय सम्मान तथा अभ्यासबोध
५. मूल्य शिक्षा, जीवनउपयोगी सीप, उद्घोषण कला, व्यवहारिक लेखन तथा स्थानीय खेलको परिचय, महत्वबोध एवम् अभ्यास
६. विपत व्यवस्थापन, फोहोर व्यबस्थापन तथा हरित विद्यालयको अवधारणासँग परिचित
७. सामाजिक कार्य, सामाजिक संघसंस्था तथा अनुकरणीय व्यक्तिहरुको चिनारी

### कक्षा ६-८ का सक्षमता

१. टोल, वडा तथा उपमहानगरपालिकाको परिचय कार्य संरचना सेवा प्रवाह
२. उपमहानगरपालिकाको धार्मिक तथा पर्यटकीय क्षेत्रको संरक्षण र महत्व
३. घोराहीका परम्परा, रीतिरिवाज, र संस्कृतिको खोजी, पहिचान र संरक्षण
४. परम्परागत पेसा, व्यवसाय र सीप प्रविधिको परिचय, महत्व, सम्भावना र सीपको अभ्यास

५. मूल्य शिक्षा, जीवन उपयोगी सीप, उद्घोषण कला, व्यवहारिक लेखन सीप तथा स्थानीय खेलहरुको पहिचान र संरक्षणमा तत्परता
६. विपत व्यबस्थापन, फोहोर व्यवस्थापन तथा हरित विद्यालय अवधारणाको बोध तथा प्रयोग
७. सामाजिक कार्य, सामाजिक संघसंस्था तथा अनुकरणीय व्यक्तित्वहरुको योगदानको अनुकरण

## ३. विषय क्षेत्रक्रम र अनुमानित पाठ्यभार

| क्र.सं. | विषय क्षेत्र | कक्षा १-३ | पूर्णाङ्क | कक्षा ४-८ | पूर्णाङ्क |
|---|---|---|---|---|---|
| १ | घोराहीको परिचय | ३० | १८ | २८ | २२ |
| २ | घोराहीका सम्पदा (धार्मिक तथा पर्यटकीय) | २५ | १६ | १५ | १२ |
| ३ | घोराहीका परम्परा र संस्कृति | ३५ | २२ | २५ | २० |
| ४ | घोराहीबासीका पेशा व्यवसाय तथा सीप | २० | १२ | १५ | १२ |
| ५ | मूल्य, शिक्षा, जीवन उपयोगी सीप, बोल्ने कला, व्यबहारिक लेखन सीप र स्थानीय खेल | २० | १२ | २० | १६ |
| ६ | विपत व्यवस्थापन, फोहोर व्यबस्थापन र हरित विद्यालय | १५ | १० | १३ | १० |
| ७ | सामाजिक कार्य सामाजिक संस्था तथा अनुकरणीय व्यक्तित्व | १५ | १० | १२ | १० |
| | **जम्मा** | **१६०** | **१००** | **१२८** | **१००** |

## ३. विषय क्षेत्रको उपक्षेत्रहरु

| क्र.सं. | विषय क्षेत्र | उपक्षेत्र |
|---|---|---|
| १ | घोराही उपमहानगरको परिचय | भौगोलिक बनोट, धरातलिय स्वरुप, खोलानाला, हावापानी, वनजंगल, वनस्पति, जडिबुटी, वन्यजन्तु, पशुपक्षी, कोइलाखानी, ढुङ्गाखानी, घर छिमेक, गाउँटोल, गाउँघर वडा परिचय, घोराही उपमहानगरपालिकाको परिचय, इतिहास, जनसंख्या, क्षेत्रफल, जातजाति घोराहीका मुख्य बजार तथा बजार उन्मुख क्षेत्रहरु, घोराही उपमहानगरपालिका र यस अन्तर्गतका शाखाहरुले दिने सेवाहरु, वडा समिति, नगरकार्य पालिका, नगरसभा, दाङको स्थानीय तह |
| २ | घोराहीका सम्पदा (धार्मिक, सास्कृतिक तथा पर्यटकीय क्षेत्र) | धार्मिक क्षेत्रहरु (धारपानी धाम, अम्बिकेश्वरी मन्दिर, गोरक्षरत्ननाथ मठ, मन्ठोऱ्या मन्दिर, लरैना, बासुदेव बराह, जामे मस्जिद, भरतपुर चर्च, भूह्यारथानहरु, नागेश्वर मन्दिर, बौद्ध गुम्बा, सुनाली मन्दिर गढीलेख, सिद्ध गुफा, रानी गुफा, बाह्रकुने दह, चरिङे दह, भोटे दह, ज्यामिरे दह, सुकीदह, चेपेताल, गगटे ताल, कर्जाही ढिकपुर गुलरिया तालहरु, मौलाकोट, सवारीकोट, माराकोट, राम्रा स्थानहरु, पर्यटकीय क्षेत्रहरु, ताल तलैयाहरु, लुंखुरी लेख, ऐतिहासिक महत्वका क्षेत्रहरु, पार्कहरु, पिकनिकस्थलहरु |
| ३ | घोराहीमा प्रचलित परम्परा तथा | थारु, मगर, ब्राम्हण क्षेत्री, मगर, नेवार, दलित तथा कुसुण्डा समुदायका चाडपर्बहरु (माघी, अट्वारी, दस्या, अष्टिम्की, हर्दहवा, गुरै, लौसारी |

| | | |
|---|---|---|
| | संस्कृतिहरु | पूजा, पेन्ड्या, हरिशयनी, हरिबोधीनी, जनैपूर्णिमा, देवाली, गोठेपूजा, भुम्या, साउने सङ्क्रान्ति, माघे सङ्क्रान्ति, बुभ्रु पूजा, कन्या पूजा, म्हपूजा, यमरी पुन्ही, सिथीनख, क्वाटीपर्व सपारु, कुलपूजाहरु, मेलाजात्राहरु, बाह्रकुने दह मेला, पिरफिरे मेला, धारपानी शिवरात्री मेला, चिन्हेथान मेला, ठानडाँडा मेला, सुनाली थान मेला, मण्डली मेला, टिकरी मेला समुदाय बिशेषका पहिरनहरु, गीत, संगितका क्षेत्रहरु, बाजाहरु, नृत्यहरु, कलासंस्कृति, |
| ४ | पेशा, व्यबसाय, सीप, कला | कृषि, पशुपालन, बाख्रापालन, बंगुरपालन, आरन, ढकिया, गुन्द्री बुन्ने, डोको बुन्ने, नाङलो, मादल, दुना टपरी बुनाई, सिलाइ कटाइ, अल्लो धागोबाट कपडा बुनाई, कम्मल बनाउने, माछापालन, ह्याचरी, स्थानीय व्यापार, स्थानीय व्यबसाय, घोराही सिमेन्ट, अष्टिम्की कला, चित्र कला, भित्रे चित्र कला, अष्टिम्की कला, टिका छेड्ना कला ( गोड्ना) |
| ५ | मूल्य शिक्षा, जीवन उपयोगी सीप, उद्घोषण कला, व्यबहारिक लेखन सीप तथा स्थानीय खेलहरु | आदर सत्कार, सहयोगी भावना, मेलमिलाप, सहकार्य, सञ्चार सीप, अन्तरव्यक्ति सम्बन्ध, संवेग व्यवस्थापन, स्वजागरण, सिर्जनात्मक सोचाइ, समस्या समाधान, लक्ष्य निर्धारण, निर्णय क्षमता सीप, कार्यक्रम सञ्चालन सीप, कार्यक्रमहरुमा बोलिने सम्बोधन, निवेदन लेखन, माइन्युट लेखन तथा भपाई लेखन, डण्डीबियो, चारी (गट्टे), ककफाइट, राज्ये (एक खुट्टे), तारो हान्ने खेल (धनुबाण) |
| ६ | विपत व्यवस्थापन, फोहोर व्यवस्थापन, हरित विद्यालय | प्राकृतिक र मानवजन्य विपत, पहिरो, चट्याङ, बाढी, आगलागी, भूक्षय, सर्पको टोकाइ, जंगली जनावरबाट हुने डर, बिपतको पूर्व तयारी, विपतबाट सुरक्षा, विपत व्यबस्थापन, फोहोर व्यबस्थापन, गल्ने तथा नगल्ने फोहोरबाट मोहर, फोहोरबाट ग्याँस (स्टानीटरी ल्याण्डफिल साइड ग्याँस प्लान्ट,) बाल बगैचा, विद्यालयमा हरियाली प्रबर्धन, हरित विद्यालय अवधारणा, इको क्लब |
| ७ | सामाजिक कार्य (असल अभ्यास) सामाजिक संघसंस्था तथा अनुकरणीय व्यक्तित्व | भ्काराबाट सामाजिक काम, पर्म (बाउरे), ऐचोपैचो, मटाँवा/बडघर, आमा समूह महिला, स्वास्थ्य स्वयंसेविका, बालक्लब, सञ्चार संस्थाहरु, साहित्यिक संस्था, शैक्षिक संस्था, पद्मोदय स्कुल, महेन्द्र क्याम्पस, कृष्ण सेन इच्छुक बहुप्राबिधिक शिक्षालय, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, सर्वोदय पुस्तकालय, खानेपानी संस्थाहरु, , सामुदायिक वन, सहकारी संस्था, बालक्लब, आमा समूह, लोकतान्त्रिक आन्दोलनका प्रथम सहिद उमेशचन्द्र थापा, किसान सहिद गुम्रा थारु, पहिलो मन्त्री भरतमणि शर्मा तथा शैक्षिक विकासमा अगुवाई गर्ने दामोदर शर्मा, हाम्रा उपमहानगरपालिका, प्रदेश र संघका जनप्रतिनिधिहरु, घोराहीका चर्चित कलाकार, खेलाडी, चित्राकार, गायककार.... |
| | जम्मा | |

**३.१. हाम्रो घोराही विषयको कक्षागत विषय क्षेत्र क्रम तथा विस्तृतीकरण तालिका : पाठ्यभार : ३०**

| विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| घोराहीको परिचय | हाम्रो घर<br>हाम्रो परिवार<br>परिवारमा नाता<br>हाम्रो करेसाबारी | हाम्रो वरपर<br>हाम्रो छिमेक<br>हाम्रो टोल<br>हाम्रो गाउँघर | बाटोघाटो<br>साध/सिमाना<br>भु-बनावट<br>नदी खोला |
| विषयवस्तुको विस्तृतीकरण | घरको चित्र<br>घरको परिचय<br>परिवारको चित्र<br>परिवारको परिचय,<br>परिवारका सदस्यहरु,<br>परिवारका सदस्यको बिचको नाता<br>करेसाबारीको चित्र<br>करेसाबारीको परिचय | घर वरपरको परिचय<br>वरपर पाइने वस्तुहरु<br>हाम्रो छिमेक<br>छिमेकको परिचय<br>टोलको परिचय<br>टोलमा पाइने चिज<br>गाउँघर परिचय<br>गाउँघरमा पाइने वस्तुहरु | बाटोको परिचय<br>साध/सिमानाको परिचय<br>साध/सिमाना जोडिएका टोलहरु<br>हाम्रो गाउँघरको भूबनावट<br>हाम्रा नदी खोलाहरु<br>(बबई, वालिम, सिस्ने, अर्जुन, कटुवा, सेवार, गुर्जे, हापुर, .....) |

**३.१. हाम्रो घोराही विषयको कक्षागत विषय क्षेत्र क्रम तथा बिस्तृतीकरण तालिका : पाठ्यभार : २८**

| विषय क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| घोराहीको परिचय | घोराहीको भौगोलिक अबस्था<br>वनजंगल, वन्यजन्तु चराचुरुङ्गी<br>घोराहीमा पाइने वनस्पति<br>घोराहीको हावापानी<br>घोराहीका खानी सम्पदा | घोराहीका प्राकृतिक स्रोतहरु<br>उपमहानगरपालिकाको सामान्य परिचय<br>घोराहीको क्षेत्रफल<br>घोराहीमा बसोबास गर्ने जातजाति<br>घोराहीका मुख्य बजार तथा बजार उन्मुख क्षेत्रहरु |
| विषयवस्तुको विस्तृतीकरण | घोराहीको भौगोलिक अवस्थाको परिचय<br>वनजंगल, वन्यजन्तु चराचुरुङ्गी<br>घोराहीमा पाइने वनस्पति<br>घोराहीको हावापानी<br>घोराहीका(चुन,कोइला) खानी सम्पदा | घोराहीका प्राकृतिक श्रोतहरु<br>उपमहानगरपालिकाको सामान्य परिचय<br>घोराहीको क्षेत्रफलन<br>थारु, ब्राम्हण क्षेत्री, मगर, नेवार। दलित .....<br>घोराही बजार र  नारायणपुर बजार<br>रामपुर, गोग्ली,  खैरा ........ |

**३.१. हाम्रो घोराही विषयको कक्षागत विषय क्षेत्र क्रम तथा बिस्तृतीकरण तालिका : पाठ्यभार : २८**

| विषय क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| घोराहीको परिचय र यसले दिने सेवा | घोराहीमा पाइने जडिबुटी र तीनको उपयोग<br>वडा परिचय र वडा समिति<br>वडा कार्यालयले दिने सेवाहरु<br>घोराहीको ऐतिहासिक परिचय<br>घोराहीको जनसंख्या | नगर कार्यपालिका<br>नगरपालिका सभा<br>उपमहानगरपालिकाका शाखा/महाशाखाहरु<br>उपमहानगरपालिकाले बालबालिका र महिलालाई दिने सेवा<br>स्वास्थ्य संस्थाले दिने सेवा | शिक्षा, युवा तथा खेलकुद शाखाले दिने सेवा<br>न्यायिक समिति र यसले दिने सेवा<br>उपमहानगर नगरपालिकाको आयस्रोत<br>दाङका स्थानीय तहहरु<br>दाङ जिल्लाको सामान्य परिचय |

| | | | |
|---|---|---|---|
| विषयबस्तुको विस्तृतीकरण | घोराहीमा पाइने जडिबुटी र प्रयोग<br>वडा परिचय र वडा समिति<br>वडा कार्यालयले दिने सेवाहरु<br>घोराहीको ऐतिहासिक परिचय<br>घोराहीको जनसंख्या (वडागत, लिंग अनुसार) | नगर कार्यापालिकाको परिचय, कार्यपालिकाको बनावट<br>नगरसभाको परिचय र बनावट<br>उपमहानगरपालिकाका शाखा/महाशाखाहरुको परिचय<br>उपमहानगरपालिकाले बालबालिका र महिलालाई दिने सेवा<br>स्वास्थ्य संस्थाले दिने सेवा | शिक्षा युवा तथा खेलकुद शाखाले दिने सेवाहरु<br>न्यायिक समितिको परिचय र यसको काम तथा यसले दिने सेवा<br>उपमहानगरपालिकाको आयस्रोत<br>दाङका स्थानीय तहहरुको नाम तथा परिचय<br>दाङ जिल्लाको सामान्य परिचय |

**३.२ हाम्रो घोराही विषयको कक्षागत विषय क्षेत्र क्रम तथा विस्तृतीकरण तालिका : पाठ्यभार : २५**

| **विषय क्षेत्र** | **कक्षा १** | **कक्षा २** | **कक्षा ३** |
|---|---|---|---|
| हाम्रा धार्मिक पर्यटकीय क्षेत्र | रमणिय/राम्रा ठाँउ<br>घुम्ने/डुल्ने ठाँउ<br>पार्कहरु<br>मनोरञ्जन स्थलहरु | पोखरी<br>ताल तलैया<br>झरना<br>नदी नाला | पर्यटक<br>पर्यटन<br>पर्यटकका प्रकार<br>पर्यटनको महत्व |
| विषयवस्तुको विस्तृतीकरण | रमाइला ठाउँको परिचय,<br>घुम्ने ठाँउको परिचय<br>पार्कहरुको परिचय<br>मनोरञ्जनस्थलहरु | प्राकृतिक तथा कृत्रिम पोखरीहरु<br>पोखरीको महत्व<br>घोराहीका तालतलैया<br>झरनाको परिचय<br>नदीनालाको परिचय | पर्यटकको परिचय<br>चित्रबाट<br>आन्तरिक र बाह्य पर्यटक)<br>पर्यटनको परिचय<br>फाइदा र महत्व |

**३.२. हाम्रो घोराही विषयको कक्षागत विषय क्षेत्र क्रम तथा विस्तृतीकरण तालिका : पाठ्यभार : १५**

| **विषय क्षेत्र** | **कक्षा ४** | **कक्षा ५** |
|---|---|---|
| हाम्रा धार्मिक पर्यटकीय क्षेत्र | घोराहीमा मानिने धर्महरु<br>(हिन्दु, बौद्ध, मुस्लिम र इसाई......)<br>धार्मिक स्थलहरु<br>(मन्दिर, गुम्बा, मस्जिद र चर्च.....) | घोराहीका जल सम्पदा<br>घोराहीका नदीनालाहरु<br>घोराहीका प्राकृतिक दहहरु<br>घोराहीका कृत्रिम पोखरी/तालहरु |
| विषयवस्तुको विस्तृतीकरण | हिन्दु बौद्ध, मुस्लिम र इसाई धर्मको परिचय<br>मन्दिर, भूह्यारथान, गुम्बा, मस्जिद र चर्चको परिचय तथा धार्मिक महत्व | बबई, वालिम, सिस्ने, अर्जुन, कटुवा, सेवार, गुर्जे हापुर ....आदि खोला नदीको परिचय र महत्व ।<br>घोराहीमा रहेका प्राकृतिक दहहरु (बाह्रकुने, चरिङे ज्यामिरे, भोटे दह ..................आदि) को परिचय<br>घोराहीमा रहेका कृत्रिम तालहरु (चेपे, गुलरिया, ढिकपुर, नवलपुर..........................आदि) को परिचय |

**३.३. हाम्रो घोराही विषयको कक्षागत विषय क्षेत्र क्रम तथा विस्तृतीकरण तालिका : पाठ्यभार : १५**

| **विषय क्षेत्र** | **कक्षा ६** | **कक्षा ७** | **कक्षा ८** |
|---|---|---|---|
| घोराहीका सम्पदा (धार्मिक पर्यटकीय क्षेत्र) | मन्ठोऱ्या र लरैना मन्दिर<br>बौद्व गुम्बा स्थल<br>मगर संग्रहालय तथा मगर होमस्टे<br>धार्मिक/पर्यटकिय क्षेत्र संरक्षणमा विद्यार्थीको भूमिका | गुलरिया सांस्कृतिक संग्रहालय<br>सहिद पार्क (त्रिभुवन) पार्क<br>थारु संग्राहलय<br>लुङखुरी लेख १९ वडा)<br>पर्यटकीय क्षेत्र संरक्षणमा स्थानीय समुदाय तथा स्थानीय तहको भूमिका | पाण्डवेश्वरी धाम<br>अम्बिकेश्वरी मन्दिर<br>सिद्वरत्ननाथ मठ<br>घोराहीका कोटहरु |
| विषयवस्तुको विस्तृतीकरण | मन्ठोऱ्या मन्दिरको परिचय<br>बौद्व गुम्वा परिचय<br>मगर संग्रहालय र मगर ग्राम होमस्टेको परिचय<br>धार्मिक/पर्यटकीय क्षेत्र संरक्षणमा विद्यार्थीको भूमिका | सांस्कृतिक संग्रहालय गुलरिया र लखन थापा सहिद पार्कको परिचय<br>थारु संग्रहालयको परिचय<br>थारु ग्राम होमस्टे र लुङखुरी लेख परिचय (१९ वडा)<br>पर्यटकीय क्षेत्र संरक्षणमा स्थानीय समुदाय र स्थानीय तहको भूमिका | पाण्डवेश्वरी धामको परिचय<br>अम्बिकेश्वरी मन्दिरको परिचय<br>सिद्वरत्ननाथ मठको परिचय<br>बराह क्षेत्र ( बाह्रकुने धार्मिक परिचय तथा महत्व<br>चेपे तालको परिचय<br>सवाारीकोट, माराकोट, सुनकोट, मौलाकोट<br>पर्यटकीय क्षेत्र संरक्षणमा स्थानीय तहको भूमिका |

**३.३. हाम्रो घोराही विषयको कक्षागत विषय क्षेत्र क्रम तथा विस्तृतीकरण तालिका : पाठ्यभार : ३५**

| **विषय क्षेत्र** | **कक्षा १** | **कक्षा २** | **कक्षा ३** |
|---|---|---|---|
| घोराहीका परम्परा र संस्कृति | खानाको परिकार<br>थारु परिकार<br>ब्राम्हण ,क्षेत्रीको खानाको परिकार<br>मगर ,नेवार जातिको परिकार | थारु जातिका भेषभूषा<br>ब्राम्हण/क्षेत्री जातिका भेषभूषा मगर जातिका भेषभूषा<br>नेवार जातिका भेषभूषा<br>अन्य समुदायमा प्रचलित भेषभूषा | घोराहीका स्थानीय मेलाहरु<br>बाह्रकुने दह (माघेसङ्क्रान्ति मेला),<br>धारपानी (शिवरात्री मेला)<br>भूम्या पर्व मेला (घोराही बसपार्क)<br>पिरफिरे मेला (चौघेरा मठ)<br>चिन्हेथान मेला (घोराही १८)<br>सुनालीथान मेला भगवती मन्दिर मेला (घोराही १९) मण्डली मेला, टिकरी मेला (घोराही १२) लरैना मेला घोराही १०) |

| | | | |
|---|---|---|---|
| विषयवस्तुको विस्तृतीकरण | थारु समुदायले चाडपर्व अनुसार खाने परिकारहरु (ढिकरी, खिर, खिचडी, योमरी छोयला कचिला चटामरी अण्डा ( खे.) ...............आदिको चित्र वर्णन | पगिया जामा, डैजाहा झुल्वा लेहंगा, चोल्या गोन्या, फरिया दौरा सुरवाल कोट टोपी, चोलो, धोती साडी, पटुका गुन्याचोली गादो पटुका, कछाड, सेतो पगरी चेम्ना टोपी डैफा .......आदि । | बाह्रकुने दह (माघेसङ्क्रान्ति मेला), धारपानी (शिवरात्री मेला) भूम्या मेला (बसपार्क) पिरफिरे मेला (चौघेरा) चिन्हेथान मेला (घोराही १८) सुनालीथान मेला (घोराही १९) |

**३.३. हाम्रो घोराही विषयको कक्षागत विषय क्षेत्र क्रम तथा बिस्तृतीकरण तालिका : पाठ्यभार : २५**

| विषय क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| घोराहीका परम्परा र संस्कृति २५ | थारु समुदायमा गाइने सङ्ख्या, बर्किमार, फाग पह्रना, सजना, मैना, उडासी, पैया गीत आदि । क्षेत्री मगर समुदायमा गाइने झाम्रे, दोहोरी, आदि गीत । ब्राम्हण समुदायको लोक भजनकिर्तन तथा नेवार समुदायमा गाइने ख्याली मि र घाटुमे जस्ता नेपाल भाषा गीत | माघी, दस्या, गुरै, अत्वारी, अष्टिम्की, हर्दहवा, पेन्डया पर्व, साउने सक्रान्ती (लुतो फाल्ने), हरिबोधिनी, हरिसयनी, जनै पुर्णीमा, नाग पञ्चमी कुसे औँसी गोठे पूजा सिथिनख, यमरी, गठे मंगल, क्वाटी पर्व, भूम्या माघे सङ्क्रान्ति थारु, ब्राम्हण क्षेत्री मगर नेवार दतित तथा कुसुण्डा समुदायको देवाली, लैसारी ....आदि कुल पूजाहरु |
| विषयको विस्तृतीकरण | समुदायमा गाइने सङ्ख्या, बर्किमार, फा पह्रना, सजना, मैना, उडासी, पैया गित आदि । क्षेत्री मगर समुदायमा गाइने झाम्रे, दोहोरी, आदि गीत । ब्राम्हण समुदायको लोक भजनकिर्तन तथा नेवार समुदायमा गाइने ख्याली मि र घाटुमे जस्ता नेपाल भाषा गीत | माघी, दस्या, गुरै, अत्वारी, अष्टिम्की, हर्दहवा, पेन्डया पर्व, साउने सक्रान्ती (लुतो फाल्ने), हरिबोधिनी, जनै पूर्णिमा गोठे पूजा आदिको परिचय भूम्या पर्व, माघे सङ्क्रान्ति पर्व, सिथिनख, यमरी, गठे मंगल, क्वाटी पर्व, लैसारी पूजा थारु, ब्राम्हण क्षेत्री मगर नेवार दलित तथा कुसुण्डा समुदायका कुल पूजा हरुको परिचय . |

**३.३. हाम्रो घोराही विषयको कक्षागत विषय क्षेत्र क्रम तथा विस्तृतीकरण तालिका : पाठ्यभार : २५**

| विषय क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| घोराहीका परम्परा र संस्कृति | छोक्रा, सखिया, दस्या, महोट्या, हुर्डुङग्या, झुमरा, मघौटा, बर्का । सरङ्ड्या भूम्या पैया, टप्पा, झाम्रे भजनकिर्तन नृत्य लैमा (कुसुण्डा नाँच) लाखे, रोपाइ/गाईजात्रा | हिन्दु धर्मका सोह्र संस्कार (पुंसबन, गर्भाधान, पुंसवन, सीमन्तोनयन, जातकर्म संस्कार ..........आदि । घोराहीका लोक नौमती (पञ्चे) बाजा सारंगी, खैजडी, मुरली, आदि) | झारा पर्म ऐँचोपैचो अन्नले सामान साट्ने चलन मर्दापर्दामा गरिने सहयोग |

| | | | |
|---|---|---|---|
| विषयवस्तुको विस्तृतीकरण | छोक्रा, सखिया, दस्या, महोट्या, हुर्डुङ्ग्या, झुमरा, मघौटा, बर्का,। सरङ्ड्या भूम्या पैया, टप्पा, झाम्रे ।<br>भजनकिर्तन नृत्य<br>लैमा (कुसुण्डा नाँच)<br>लाखे, रोपाइ जात्रा, गाईजात्रा | सोह्र संस्कार अन्तर्गतका गर्भाधान, पुंसवन, सीमन्तोनयन, जातकर्म संस्कार आदिको परिचय ।<br>नौमती (पञ्चे) बाजाको परिचय<br>सारंगी, खैजडी, मुरली आदिको परिचय | झारा (कुलो सफाई, बाटो सफाइ, निशुल्क श्रमदान )<br>पर्म<br>ऐँचोपैँचो<br>अन्नले सामान साट्ने चलन<br>मर्दापर्दामा गरिने सहयोग |

**३.४. हाम्रो घोराही विषयको कक्षागत विषय क्षेत्र क्रम तथा विस्तृतीकरण तालिका : पाठ्यभार : २०**

| विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| पेशा व्यवसाय सीप | परिवारका सदस्यले गर्ने पेसा<br>छिमृकीले गर्ने पेशा<br>परम्परागत पेसामा प्रयोग हुने औजारहरु | हस्तकला पेसाको परिचय<br>हस्तकला पेसाको उपयोगीता<br>हस्तकला आदि पेसाको महत्व | हस्तकलाका सामग्रीको प्रयोग<br>हस्तकलाका सामग्रीको प्रयोगबाट हुने फाइदा<br>परम्परागत हस्तकलाका सामग्रीको संरक्षण |
| विषयवस्तुको विस्तृतीकरण | परिवारका सदस्यले गर्ने पेसाको नाम<br>छिमेकीले गर्ने पेसाको नाम<br>स्थानीय पेसामा प्रयोग हुने औजारहरुको नाम | हस्तकला पेसाको परिचय<br>हस्तकला पेसाको उपयोगीता<br>हस्तकला आदि पेसाको महत्व | हस्तकलाका सामग्रीको प्रयोग<br>हस्तकलाका सामग्रीको प्रयोगबाट हुने फाइदा<br>परम्परागत हस्तकलाका सामग्रीको बजारीकरण |

**३.४. हाम्रो घोराही विषयको कक्षागत विषय क्षेत्र क्रम तथा विस्तृतीकरण तालिका : पाठ्यभार : १५**

| विषय क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| पेशा व्यवसाय सीप | परम्परागत कृषि खेती<br>(मकै खेती, धान खेती<br>गहु खेती, तोरी खेती)<br>परम्परागत कृषि खेतीका फाइदा<br>परम्परागत कृषि खेतीको बजारीकरण | फलाम निर्मित कुटो कोदालो हसिया खुर्पा फालो आदि ..सामग्री<br>कृषि औजारको प्रयोग र महत्व<br>फलाम निर्मित औजारको व्यवसायिक उत्पादन तथा बजारीकरण<br>दुनाटपरी खुटाई तथा बजारीकरण |
| विषयवस्तुको विस्तृतीकरण | मकै, धान, गहु तोरी खेती गर्ने तरिका<br>परम्परागत कृषि खेतीका फाइदा<br>परम्परागत खेतीको बजारीकरण<br>परम्परागत खेतीको व्यवसायीकरण | फलाम निर्मित कुटो कोदालो हसिया खुर्पा फालो आदि ..सामग्री<br>कृषि औजारको प्रयोग र महत्व<br>फलाम निर्मित औजारको व्यवसायिक उत्पादन तथा बजारीकरण<br>दुनाटपरी खुटाई तथा बजारीकरण |

**३.४. हाम्रो घोराही विषयको कक्षागत विषय क्षेत्र क्रम तथा विस्तृतीकरण तालिका : पाठ्यभार : १५**

| **विषय क्षेत्र** | **कक्षा ६** | **कक्षा ७** | **कक्षा ८** |
|---|---|---|---|
| पेसा व्यवसाय सीप | बेमौसमी तरकारी<br>फलफूल खेती<br>जडिबुटी खेती<br>घोराही<br>उपमहानगरपालिकाले कृषिलाई प्रोत्साहन गर्न गरेका कार्यहरु | भैसी /गाईपालन,<br>स्थानीय जातका बाखा/कुखुरा/ बंगुर पालन<br>स्थानीय मौरी पालन/माछापालन<br>घोराही उपमहानगरपालिकाले पशुपालनलाई प्रोत्साहन गर्न गरेका कार्यहरु | खर/गुद/मुजबाट ढकिया, गुन्द्री बुनाइ<br>बाँसको चोयाबाट निर्मित डोको, राय, थुन्से, मान्द्रो बुनाइ<br>अल्लो प्रशोधन तथा सामग्री निर्माण<br>हस्त निर्मित सामग्रीहरुको उत्पादन, प्रवर्धन र बजारीकरणमा स्थानीय तहको भूमिका |
| विषयवस्तुको विस्तृतीकरण | बेमौसमी तरकारी खेतीको परिचय, महत्व, बजारीकरण गर्ने तरिका<br>मेवा, अम्वा, केरा, आप खेती परिचय, खेती गर्ने तरिका, व्याबसायिक उत्पादन<br>टिमुर, अदुवा, बेसार परिचय, खेतीगर्ने तरिका, बजारीकरण सीप<br>घोराहीउपमहानगरले कृषिलाई प्रोत्साहन गर्न गरेका कार्यहरु | भैसी/गाईपालन<br>स्थानीय जातका बाखा/बंगुर/कुखुरा पालन<br>स्थानीय मौरीपालन/ माछापालन<br>घोराही उपमहानगरपालिकाले पशुपालनलाई प्रोत्साहन गर्न गरेका कार्यहरु | खर/गुद/मुजबाट ढकिया, गुन्द्री बुनाइ<br>बासको चोयाबाट निर्मित डोको, राय, थुन्से, मान्दो बुनाइ<br>अल्लो प्रशोधन तथा सामग्री निर्माण<br>हस्त निर्मित सामग्रीहरुको उत्पादन, प्रवर्धन र बजारीकरणमा स्थानीय तहको भूमिका |

**३.५. हाम्रो घोराही विषयको कक्षागत विषय क्षेत्र क्रम तथा विस्तृतीकरण तालिका : पाठ्यभार : २०**

| **विषय क्षेत्र** | **कक्षा १** | **कक्षा २** | **कक्षा ३** |
|---|---|---|---|
| मूल्य शिक्षा, जीवन उपयोगी सीप उद्घोषण कला तथा व्यवहारिक लेखन सीप तथा स्थानीय खेलहरु<br><br>२० | परिवारका सदस्य तथा साथीसँग मिलेर बस्ने अभ्यास,<br>मेलमिलाप<br>राम्रा बानीको नक्कल<br>खुसी हुने बानी<br>सहयोग गर्ने बानी<br>गुच्छा खेल<br>चारी खेल | नम्र व्यबहार<br>बुवाआमालाई गरिने व्यबहार<br>गुरु गुरु आमा तथा मान्यजनलाई गर्नुपर्ने शिष्ट व्यवहार<br>सदभाव<br>राज्ये र रुमाल<br>लुकाउने खेल | सदभाव साटासाट<br>सहभावको विकास<br>माया तथा करुणाभाव<br>अनुशासन भावको विकास<br>श्रम र सीपको सम्मा<br>भकुण्डो खेल<br>टिलो खेल |
| विषयवस्तुको विस्तृतीकरण | परिवारका सदस्यहरु बिचको मेलमिलाप<br>समूहमा मिलेर बस्ने अभ्यास, साथीभाइ बिच खुसी हुने बानी सहयोगको भावना | बुवाआमालाई गरिने व्यबहार<br>गुरु गुरु आमा तथा मान्यजनलाई गर्नुपर्ने शिष्ट व्यवहार | सुखदुखमा सदभाव तथा सहभाव साटासाट,<br>माया तथा करुणाभाव<br>अनुसासन भावको विकास<br>श्रम र सीपको सम्मानभाव<br>भकुण्डो तथा टिलो खेल खेल्ने अभ्यास गर्न |

**३.५. हाम्रो घोराही विषयको कक्षागत विषय क्षेत्र क्रम तथा विस्तृतीकरण तालिका : पाठ्यभार : २०**

| विषय क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| मूल्य शिक्षा, जीवन उपयोगी सीप, उद्घोषण कला, व्यवहारिक लेखन सीप तथा स्थानीय खेल<br>२० | सञ्चार सीप<br>अन्तर व्यक्ति सम्बन्ध सीप<br>प्रभावकारी सञ्चार सीप<br>सकारात्मक सोचाई<br>कक फाईट (कप फाइट) | उद्घोषण कला<br>उद्घोषणमा सम्बोधन<br>कलात्मक उद्घोषण शैली<br>बाघचाल<br>डण्डी बियो खेल |
| विषयवस्तुको विस्तृतीकरण | सञ्चार शिप<br>अन्तर व्यक्ति सम्बन्ध सीप<br>प्रभावकारी सञ्चार सीप<br>सकारात्मक सोचाई<br>कक फाईट (कप फाइट) | उद्घोषण कला<br>उद्घोषणमा सम्बोधन<br>कलात्मक उद्घोषण शैली<br>बाघचाल<br>डण्डी बियो खेल |

**३.५.हाम्रो घोराही विषयको कक्षागत विषय क्षेत्र क्रम तथा विस्तृतीकरण तालिका : पाठ्यभार : २०**

| विषय क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| मूल्य शिक्षा, जीवन उपयोगी सीप, उद्घोषण कला, व्यवहारित लेखन सीप तथा स्थानीय खेल | प्रभावकारी सञ्चार सीप<br>तार्किक वाक शैली<br>निवेदन लेख्ने ढाँचा<br>निवेदन लेख्ने तरिका<br>श्रम र सिर्जनाको सम्मान | निर्णय सीप<br>सकारात्मक सोच<br>सिर्जनात्मक सोचाई<br>भर्पाइ लेख्ने ढाँचा<br>भपाई लेख्ने तरिका | समस्याको पहिचान<br>समस्या समाधान<br>लक्ष्य निर्धारण<br>माईन्युट लेख्ने ढाँचा<br>माइन्युट लेख्ने तरिका |
| विषयवस्तुको विस्तृतीकरण | प्रभावकारी सञ्चार सीप<br>तार्किक वाक शैली<br>निवेदन लेख्ने ढाँचा<br>निवेदन लेख्ने तरिका<br>श्रम र सिर्जनाको सम्मान | निर्णय सीपको परिचय<br>छनौट तरिकाको परिचय<br>तुलना गर्ने तरिका, निष्कर्ष दिने तरिका<br>सकारात्मक सोचको परिचय, महत्व<br>सिर्जनात्मक कार्यको परिचय महत्व<br>भर्पाइको ढाँचा र लेख्ने तरिका | समस्या चिन्ने तरिका<br>समस्या समाधान गर्ने तरिका<br>लक्ष्य निर्धारण तरिका<br>समस्या पहिचान, समाधान र लक्ष्य निर्धारणबाट हुने फाइदा<br>माईन्युट लेख्ने तरिका |

**३.६. हाम्रो घोराही विषयको कक्षागत विषय क्षेत्र क्रम तथा विस्तृतीकरण तालिका : पाठ्यभार : १५**

| विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| विपत व्यवस्थापन<br>फोहोर व्यवस्थापन<br>हरित विद्यालय | घर तथा बिद्यालयमा हुनसक्ने सम्भावित बितपका घटना<br>घर तथा विद्यालयका फोहोर ठाउँहरु<br>फोहोर राख्ने ठाउँहरु<br>घर तथा विद्यालयमा फूल बगैचा | विपतका घटना हावाहुरी, चट्याङ, सर्पको टोकाइ, तालमा डुब्ने आदि परिचय<br>विपत हावाहुरी, चट्याङ, सर्पको टोकाइ, तालमा डुब्नु आदिका कारणहरु<br>फोहोरका कारणहरु<br>बगैचामा बिरुवाको संरक्षण<br>बिरुवालाई पानी दिने कुरामा सहभागी | आगलागीका कारणहरु<br>बाढीका कारणहरु<br>पहिरोका कारणहरु<br>फोहोरका प्रकार<br>फोहोरको वर्गीकरण<br>घर तथा विद्यालयको सरसफाइ<br>विद्यालय परिसरमा फूल रोपण |

| | | | |
|---|---|---|---|
| विषयवस्तुको विस्तृतीकरण | विपतका घटनाहरु<br>विद्यालय जादा र फर्कदा विपद् हुनसक्ने संभाबित ठाउँहरु<br>घर तथा विद्यालयका फोहोर ठाउँहरु<br>फोहोर संकलन गर्ने ठाउँहरु<br>घर तथा विद्यालयको फूल बगैँचा | विपतका घटना हावाहुरी, चट्याङ, सर्पको टोकाइ, तालमा डुब्ने आदि परिचय<br>विपत हावाहुरी, चट्याङ, सर्पको टोकाइ, तालमा डुब्नु आदिका कारणहरु<br>फोहोरका कारणहरु<br>बगैँचामा बिरुवाको संरक्षण<br>बिरुवालाई पानी दिने कुरामा सहभागी | आगलागी कारणहरु<br>बाढीका कारणहरु<br>पहिरोका कारणहरु<br>फोहोरका प्रकार तथा वर्गीकरणको तरिका<br>घर तथा विद्यालयको सरसफाइ<br>विद्यालय परिसरमा फूल रोप्ने काम |

**३.६. हाम्रो घोराही विषयको कक्षागत विषय क्षेत्र क्रम तथा विस्तृतीकरण तालिका : पाठ्यभार : १३**

| विषय क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| विपत व्यवस्थापन<br>फाहोर व्यवस्थापन<br>हरित विद्यालय | बाढी र पहिरोका प्रभाव तथा असरहरु<br>आगलागी र सर्पको टोकाइका प्रभाव तथा असरहरु<br>फोहोरमैलाले विद्यालयमा पारेको असरहरु<br>फोहोरको व्यबस्थापन परिचय<br>विद्यालय परिसरमा हरित बगैँचा निर्माण | बाढी र पहिरोबाट बच्ने उपायहरू<br>आगलागी र सर्पको टोकाइबाट बच्ने उपायहरु<br>फोहोरको वर्गीकरण<br>विद्यालयको सरसफाइमा सहभागी<br>हरित बगैँचाको संरक्षण गोडमेल |
| विषयवस्तुको विस्तृतीकरण | बाढी र पहिरोका प्रभाव तथा असरहरु<br>हावाहुरीका प्रभाव तथा असरहरु<br>आगलागीका प्रभाव तथा असरहरु<br>सर्पदंशको टोकाइका प्रभाव तथा असरहरु<br>फोहोर व्यबस्थापन परिचय<br>विद्यालयको परिसरमा हरित बगैँचा निर्माण | बाढीबाट बच्ने उपायहरू<br>पहिरोबाट बच्ने उपायहरु<br>आगलागीबाट बच्ने उपायहरु<br>हावाहुरीबाट बच्ने उपायहरु<br>सर्पदंशको टोकाई बच्ने उपायहरु<br>फोहोरको वर्गीकरण<br>विद्यालयको सरसफाइमा सहभागी<br>हरित बगैचा निर्माणले हुने फाइदा |

**३.६. हाम्रो घोराही विषयको कक्षागत विषय क्षेत्र क्रम तथा विस्तृतीकरण तालिका : पाठ्यभार : १३**

| विषय क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| विपत व्यवस्थापन<br>फोहोर व्यवस्थापन<br>हरित विद्यालय | सुरक्षित विद्यालय<br>हावाहुरीबाट जोगिन गरिने कृत्रिम घटना अभ्यास<br>फोहोर व्यवस्थापन कर्नर/खाडल<br>घर तथा विद्यालयमा वृक्षरोपण<br>हरित बगैचा निर्माणमा सहभागी | बाढी तथा पहिरोबाट जोगिन गरिन कृत्रिम घटना अभ्यास<br>विपततबाट जोगिन समुदायले खेल्नुपर्ने भूमिका<br>फोहोरबाट सजावट सामग्री निर्माण<br>घर तथा विद्यालयको खेर जाने पानीको उपयोग<br>फोहोरबाट मोहर हरित बगैचाको हेरचाह | आगलागीबाट बच्न गरिने कृत्रिम घटना अभ्यास<br>विपतमा गरिने आकस्मिक प्राथमिक उपचार<br>फोहोरको व्यवस्थापनका लागि विन तथा पिट कम्पोष्टिङ<br>फोहोर व्यवस्थापनमा स्थानीय तहको भूमिका<br>घर तथा विद्यालयको करेसाबारी हरित बगैचामा उत्पादिन वस्तुको संरक्षण गोडमेल मलजलमा सहभागी<br>फुल, फलफूल बगैचा तथा करेसाबारीमा उत्पादिन वस्तुको संकलन तथा बजारीकरणमा सहभागी |

| | | | |
|---|---|---|---|
| विषयवस्तुको विस्तृतीकरण | सुरक्षित घर<br>सुरक्षित विद्यालय<br>हावाहुरीबाट जोगिन गरिने कृत्रिम घटना अभ्यास<br>विपतबाट जोगिन विद्यार्थीको भूमिका<br>फोहोर व्यवस्थापनका लागि खाडल<br>वृक्षरोपणमा सरिक<br>घर तथा विद्यालयमा हरित बगैचा निर्माणमा सहभागी | बाढीबाट जोगिन गरिने कृत्रिम घटना अभ्यास<br>पहिरोबाट जोगिन गरिने कृत्रिम घटना अभ्यास<br>विपतबाट जोगिन समुदायले खेल्नुपर्ने भूमिका<br>फोहोरबाट सजावट सामग्री निर्माण<br>घर तथा विद्यालयको खेर जाने पानीको उपयोग<br>फोहोरबाट मोहर हरित बगैचाको हेरचाह | आगलागीबाट बच्न गरिने कृत्रिम घटना अभ्यास<br>विपतमा गरिने आकस्मिक प्राथमिक उपचार<br>ठोस फोहोरको व्यवस्थापनका लागि विन तथा पिट कम्पोष्टिङ<br>फोहोर व्यवस्थापनमा स्थानीय तहको भूमिका<br>घर तथा विद्यालयको करेसाबारी हरित बगैचामा उत्पादिन वस्तुको संरक्षण<br>गोडमेल मलजलमा सहभागी<br>फूल, फलफूल बगैंचा तथा करेसाबारीमा उत्पादिन वस्तुको संकलन तथा बजारीकरणमा सहभागी |

**३.७. हाम्रो घोराही विषयको कक्षागत विषय क्षेत्र क्रम तथा विस्तृतीकरण तालिका : पाठ्यभार : १५**

| विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| सामाजिक कार्य, सामाजिक संस्था/व्यक्ति | राम्रो काम<br>घर<br>घरमुली<br>विद्यालय<br>टोलका अगुवा | गुरु गुरुआमा,<br>महिला स्वास्थ्य स्वयसेविका<br>टोल विकास संस्था<br>समाजका मान्य व्यक्ति | बालक्लब<br>युवा क्लब<br>आमा समूह<br>स्वास्थ्य संस्थाहरु<br>शैक्षिक संस्थाहरु |
| विषयवस्तुको विस्तृतीकरण | राम्रो (सामाजिक) काम<br>घर एक सामाजिक संस्था<br>घरमुलीले गर्ने काम<br>विद्यालयको चिनारी<br>टोलका अगुवा | गुरु गुरु आमाको परिचय<br>महिला स्वास्थ्य स्वयंसेविकाले गर्ने काम<br>टोल विकास संस्था र यसले गर्ने काम<br>समाजका मान्य व्यक्ति | बालक्लब, युवा क्लब र समूहको महत्व<br>आमा समूह र समूहले गर्ने काम<br>स्वास्थ्य संस्थाको परिचय र त्यसले दिने सेवा<br>शैक्षिक संस्था र त्यसले दिने सेवा |

**३.७. हाम्रो घोराही विषयको कक्षागत विषय क्षेत्र क्रम तथा विस्तृतीकरण तालिका : पाठ्यभार : १२**

| विषय क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| **पेसा, व्यवसाय र सीप**<br>२० | • हस्तकला पेसा | • घोराही उपमहानगरपालिकाका मानिसले गर्ने हस्तकला लगायतका विभिन्न पेसा तथा व्यवसायहरुको बारेमा शिक्षकले तयार गरेको शैक्षिक सामग्री चार्ट, चित्र तथा भिडियोद्धारा देखाउने ।<br>• घोराहीका मानिसले परम्परादेखि नै गर्दै आएका हस्तकला पेसा व्यवसायको परिचय दिने ।<br>• विद्यार्थीहरुलाई उनीहरुका परिवारका सदस्य तथा छिमेकीले गर्ने पेसा तथा व्यवसायहरु बताउन लगाउने । | • परिवारका सदस्यले परम्परागत हस्तकला पेसा र व्यवसायको नाम बताउन लगाएर<br>• छिमेकीले गर्ने पेसाको नाम बताउन लगाएर | ६ |
| | • परम्परागत पेसा हस्तकलाको उपयोगीता | • घोराही उपमहानगरपालिकामा गरिने कृषि पशुपालन, व्यापार, हस्तकला पेसा आदि सम्बन्धित शिक्षकले तयार गरेको परम्परागत पेसाको उपयोगितासँग सम्बन्धित चार्ट, चित्र वा भिडियोद्धारा देखाउने ।<br>• ती पेसा गर्दा भएको फाइदा लाभको बारेमा बताउने ।<br>• विद्यार्थीहरुलाई आफ्नो परिवार तथा छिमेकीले गरिरहेका परम्परागत हस्तकला लगायत पेसाबाट भएको फाइदा बताउन लगाउने । विद्यार्थीले बताएका कुरामा छलफल गर्दै हस्तकला, पशुपालन, कृषि कर्म, परम्परागत सीपको उपयोगबाट भएको फाइदाहरु बताउने । | • घर तथा छिमेकीहरुले परम्परागत हस्तकला पेसा गरेर भएको फाइदाबारे बताउन लगाएर | ७ |
| | • परम्परागत हस्तकला पेसाको महत्व | • शिक्षकले परम्परागत पेसा हस्तकलाको महत्वका बारेमा तयार गरेको चार्ट, चित्र तथा श्रव्यदृश्य सामग्री कक्षामा प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई परम्परागत पेसा हस्तकलाको महत्वका बारेमा भन्न लगाउने । | • परम्परागत पेसाको महत्वका बारेमा सोधेर<br>• घरका सदस्यले किन परम्परागत हस्तकला | ७ |

| | | | | |
|---|---|---|---|---|
| | | • परम्परागत पेसा गरिरहनु भएका एक जना व्यक्तिलाई कक्षामै आमन्त्रण गरी त्यसबाट भएको फाइदा परम्परागत पेसाको महत्व बारेमा आफ्ना अनुभवहरु सुनाउन लगाउने । | आदि पेसा गरिरहेका छन् सोधेर | |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| मूल्य शिक्षा, जीवनोपयोगी सीप, उद्घोषण कला, व्यवहारिक लेखन तथा स्थानीय खेलहरु २० | • नम्र व्यवहार | • शिक्षकले नम्र व्यवहारसँग सम्बन्धित आफूले तयार गरेको चार्ट, चित्र तथा श्रव्यदृश्य सामग्री देखाउने<br>• विद्यार्थीलाई घर र विद्यालयमा कसरी नम्र भएर प्रस्तुत हुने भनेर अभिनय गरेर देखाउने<br>• विद्यार्थीलाई नम्र व्यवहार कसरी देखाउने भनेर सोध्ने साथै नम्र व्यवहारको अभिनय गर्न लगाउने | • विद्यार्थीहरुलाई नम्र व्यवहार भनेको के हो भनि सोधेर<br>• नम्र व्यवहारको अभिनय गर्न लगाएर | ५ |
| | • शिष्ट व्यवहार | • शिक्षकले शिष्ट व्यवहारका बारेमा तयार गरेको चार्ट, चित्र लगायतका शैक्षिक सामग्री प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई शिष्ट व्यवहारका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने । शिक्षकले टिपोट गर्दै जाने विद्यार्थीबाट आएका कुरा र शिक्षकको शैक्षिक सामग्री चार्टमा उल्लेखित कुरा छलफल गर्दै कक्षा सञ्चालन गर्ने | • शिष्ट व्यवहारबारे भन्न भन्न लगाएर<br>• शिष्ट व्यवहारको अभ्यास गर्न लगाएर | ५ |
| | • सदभाव | • शिक्षकले सद्भावका बारेमा बारेमा तयार गरेको शैक्षिक सामग्री प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई सद्भाव के हो भन्न लगाउदै शिक्षकले बोर्डमा विद्यार्थीले भनेका कुराको सूचीहरु बनाउँदै जाने ।<br>• शिक्षकले तयार गरेको शैक्षिक सामग्री र विद्यार्थीले बनाएको सूचीको तुलना गर्दै छलफल गराउदै पढाउने<br>• एकले अर्कालाई सद्भाव राख्ने अभिनयको अभ्यास गराउने | • सद्भाव भनेको के हो भन्न लगाएर<br>• सद्भाव देखाउने अभिनय गर्न लगाएर | ४ |
| | • राज्ये खेल | • शिक्षकले राज्ये (एक खुट्टे) खेल खेल खेल्नका लागि चाहिने सामग्रीको सूची बनाउने<br>• कक्षा बाहिरको खेल मैदानलाई प्रयोग गरेर राज्ये खेल्ने तरिका अभ्यास गराउने<br>• राज्ये खेल खेल्दा हुने व्यायाम र यसले गर्ने फाइदा बताउने | • राज्ये खेल खेल्न के के चाहिन्छ भन्न लगाएर<br>• राज्ये खेल खेल्ने अभ्यास गराएर | ३ |
| | • रुमाल लुकाउने खेल | • शिक्षकले रुमाल लुकाउने खेल खेल्नका लागि चाहिने सामग्रीको जोहो गर्ने ।<br>• कक्षा बाहिर खेल मैदानमा गोलाकारमा बस्न लगाई रुमाल लुकाउने खेल खेल्ने अभ्यासमा विद्यार्थीलाई सरिक गराउने ।<br>• रुमाल लुकाउने खेल खेल्दाका फाइदाका बारेमा बताउने । | • रुमाल लुकाउने खेल खेल्न के के चाहिन्छ भन्न लगाएर<br>• रुमाल लुकाउने खेल खेल्ने अभ्यास गराएर | ३ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| विपत व्यवस्थापन, फोहोर व्यवस्थापन | • विपतका घटना परिचय | • शिक्षकले घर तथा विद्यालयमा हुनसक्ने सम्भावित विपतका घटनाहरु बारेमा तयार गरेको शैक्षिक सामग्रीका चार्ट, चित्र तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई घर तथा विद्यालयमा हुनसक्ने सम्भावित | • घर तथा विद्यालयमा घट्न सक्ने सम्भावित विपतका घटनाहरुका बारेमा विद्यार्थीलाई | ५ |

| | | | | |
|---|---|---|---|---|
| र हरित विद्यालय १५ | | विपतका घटना के के हुन् भन्न लगाउदै शिक्षकले बोर्डमा विद्यार्थीले भनेका कुराको सूचीहरु बनाउदै जाने ।<br>• शिक्षकले तयार गरेको शैक्षिक सामग्री र विद्यार्थीले बनाएको सूचीको तुलना गर्दै छलफल गराउदै जाने । | भन्न लगाएर | |
| | • विपतका कारणहरु | • शिक्षकले विपतका कारणहरु बारेमा तयार गरेको शैक्षिक सामग्री चार्ट, भिडियो वा टिपोट प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई विपत के कारणले हुन्छ तपाईहरुलाई थाहा भएको कुरा भन्नुहोस् भनेर सोध्ने । विद्यार्थीले भनेको कुरा शिक्षकले बोर्डमा लेख्दै जाने ।<br>• शिक्षकले तयार गरेको शैक्षिक सामग्री र विद्यार्थीले बनाएको सूचीको तुलना गर्दै छलफल गराउदै पढाउने ।<br>• विपतका घटना भएका तथा हुन सक्ने क्षेत्रहरुको अवलोकन गराउने | • विद्यार्थीलाई विपतका कारणहरु भन्न लगाएर<br>• विपत कसको कारणले निम्तन्छ होला भन्न लगाएर | ४ |
| | • फोहोरका कारणहरु | • शिक्षकले फोहोरका कारणहरु बारेमा तयार गरेको शैक्षिक सामग्री चार्ट, भिडियो वा टिपोट प्रदर्शन गर्ने ।<br>• मोबाइल वा प्रोजेक्टरको सहायताले फोहोरका कारणहरु सर्च गरी भेटिएका सामग्रीहरु मोबाइल डिजिटल बोर्ड आदिमा प्रदर्शन गरिदिने ।<br>• विद्यार्थीहरुलाई फोहोरका कारणहरु बारे सोधी आएका कुरा टिपोट गर्दै छलफल गराउने जाने ।<br>• विद्यार्थीले भनेका कुरा र शिक्षकले बनाएको शैक्षिक सामग्रीको मद्यतले फोहोरका कारणहरु बारे कक्षामा छलफललाई निरन्तरता दिदै जाने । | • विद्याथीलाई घर तथा विद्यालयमा फोहोर हुनुकाकारणहरु भन्न लगाएर । | ३ |
| | • फुल बगैचाको संरक्षण | • शिक्षकले घर तथा विद्यालयमा फूल बगैचाको संरक्षणका बारेमा तयार गरेको शैक्षिक सामग्री चार्ट, भिडियो वा टिपोट प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई घर तथा विद्यालयको फूल बगैचाको संरक्षण भनेको के हो सोध्ने र उनीहरुले भनेका कुरा बोर्डमा टिपोट गर्दै जाने ।<br>शिक्षकले तयार गरेको घर तथा विद्यालयको फूल बगैचाका बारेमा तयार गरेको शैक्षिक सामग्री र विद्यार्थीले बनाएको सूचीको तुलना गर्दै छलफल गराउदै पढाउदै जाने । | • विद्यार्थीहरुलाई फूल बगैचाको संरक्षण भनेको के हो भन्न लगाएर | ३ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| सामाजिक कार्य, संघसंस्था र अनुकरणीय व्यक्तित्व १५ | • गुरु गुरुआमा | • शिक्षकले गुरु गुरुआमाका बारेमा तयार गरेको शैक्षिक सामग्री चार्ट, भिडियो वा टिपोट प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई गुरु गुरुआमा कसलाई भनिन्छ र उहाँहरुले के काम गर्नुहुन्छ भनेर भन्न लगाउने । शिक्षकले बोर्डमा टिपोट गर्दै जाने ।<br>• शिक्षकले तयार गरेको शैक्षिक सामग्री र विद्यार्थीले बनाएको सूचीको तुलना गर्दै छलफल गराउदै जाने<br>• गुरु गुरु आमालाई कक्षामा आमन्त्रण गरी उहाँहरुले देखाउने व्यवहारको अनुशरण गर्ने ।<br>• गुरु गुरुआमाका अनुभवहरु श्रवण गर्ने/सुन्ने । | • गुरु गुरुआमाका बारेमा विद्यार्थीलाई भन्न लगाएर<br>• गुरु गुरुआमाले देखाउने व्यवहार अनुशरण गर्न लगाएर | ४ |

| | | | | |
|---|---|---|---|---|
| | . महिला स्वास्थ्य स्वयंसेबिका | • शिक्षकले महिला स्वास्थ्य स्वयंसेविका बारेमा घरमा तयार गरेको शैक्षिक सामग्री चार्ट, चित्र, श्रव्यदृश्य सामग्री आदि कक्षाकोठामा प्रदर्शन गर्ने ।<br>• महिला स्वास्थ्य स्वयंसेविकाका बारेमा विद्यार्थीले भनेका कुरा बोर्डमा टिपोट गर्ने ।<br>• शैक्षिक सामग्री र विद्यार्थीले भनेका कुरा देखाउदै तुलना गर्न लगाएर अध्यापन गराउने ।<br>• कुनै एक महिला स्वास्थ्य स्वयंसेविकालाई कक्षाकोठामा आमन्त्रण गरी महिला स्वास्थ्य स्वयंसेविकाका काम र उनीहरुका अनुभव विद्यार्थीहरुलाई सुन्न लगाएर । | • महिला स्वास्थ्यस्वयंसेविकाका बारेमा विद्यार्थीले थाहा पाएको कुरा भन्न लगार<br>• महिला स्वास्थ्य स्वयंसेविकाहरुले समुदायमा गरेको कामको अवलोकन गराएर | ४ |
| | . टोल विकास संस्था | • टोल विकास संस्थाका बारेमा कक्षा शिक्षकले घरमा तयार गरेको शैक्षिक सामग्री विद्यार्थी माभ्फ प्रदर्शन गर्ने ।<br>• विद्यार्थीलाई टोल विकास संस्थाका बारेमा भन्न लगाउने ।<br>• विद्यार्थीले भनेका कुरा र शिक्षकले तयार गरेको शैक्षिक सामग्रीमा केन्द्रीत भएर छलफल गर्दै कक्षा सञ्चालन गर्ने । | • विद्यार्थीलाई टोल विकास संस्थाका बारेमा भन्न लगाएर | ३ |
| | . समाजका मान्य व्यक्ती | • शिक्षकले विद्यार्थीहरुलाई समाजका मान्य व्यक्तिहरुको बारेमा तयार गरेको शैक्षिक सामग्री चार्ट, नोट, श्रव्यदृश्य सामग्री विद्यार्थीहरुमाभ्फ प्रदर्शन गर्न लगाउने ।<br>• विद्यार्थीहरुलाई समाजको मान्य व्यक्तिका बारेमा के थाहा छ भनेर सोध्ने । विद्यार्थीले भनेका कुरा शिक्षकले बोर्डमा टिपोट गर्दै जाने ।<br>• शिक्षकले तयार गरेको शैक्षिक सामग्री र विद्यार्थीले भनेका कुराको सूचीको तुलना गर्दै छलफल गराउदै जाने | • विद्यार्थीलाई समाजका मान्य व्यक्तिको बारेमा भन्न लगाएर | ४ |

**विषयवस्तुको क्षेत्रक्रम, सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप र मूल्याङ्कन विधि तथा प्रक्रिया कक्षा ३**

| क्षेत्र/थिम | मुख्य विषयवस्तु | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|
| **घोराही उपमहानगर पालिकाको परिचय ३०** | • बाटो | • शिक्षकले चित्र, चार्ट आदि शैक्षिक सामग्री प्रदर्शन गरी विद्यार्थीलाई बाटोको बारेमा ध्यानाकर्षण गराउने ।<br>• विद्यार्थीहरुलाई आफू विद्यालय आउदा जादा कहाँबाट कसरी आउने जाने गर्छौ भन्ने कुरा सोधेर बाटोको बारेमा छलफलमा सहभागी गराउने ।<br>• श्रव्यदृश्य सामग्री देखाउदै बाटो हिड्दा अपनाउनुपर्ने सावधानीका बारेमा जानकारी दिने ।<br>• विद्यालय नजिकै हुने कार्यक्रमहरुमा जादा आउदा बाटोमा संगै हिडेर हिड्ने तरिकाका सिकाउने ।<br>• बाटोको मद्यतले हामी निश्चित गन्तव्यमा पुग्न सक्छौ भन्ने कुराको जानकारी तथा बोध गराउने । | • बाटोको बारेमा सोधेर<br>• विद्यार्थीलाई बाटोमा हिडाई हिड्दा सहि दिसाबाट हिडे `नहिडेको अवलोकन गरेर | ८ |

| | | | | |
|---|---|---|---|---|
| | • साध सिमाना | • शिक्षकले विद्यार्थीहरुलाई साध सिमानाका बारेमा आफूले चार्ट वा चित्रमा तयार गरेको शैक्षिक सामग्री प्रदर्शन गरी कक्षाको सुरुवात गर्ने ।।<br>• विद्यार्थीलाई साध सिमानाका बारेमा सोधी उनीहरुले भनेका भनेको कुरा टिपोट गर्ने ।<br>• विद्यार्थीले भनेका कुरा र शिक्षकले तयार गरेका सामग्री दुवै देखाउँदै छलफल गराएर<br>• विद्यार्थीलाई विद्यालयको साध सिमानाका चिन्हहरु देखाई चिन्न लगाउने प्रयोगात्मक अभ्यास गराएर | • साध सिमाना भनेको के हो भन्न लगाएर<br>• विद्यार्थीलाई विद्यालय क्षेत्रको साध सिमाना चिन्न लगाएर | ७ |
| | भू बनोट | • घोराही उपमहानगरपालिकाको भू बनोटको बारेमा बताउनु अघि विद्यालय परिसर र आफू बसेको गाउँघरको भू बनोटको बारेमा छलफल गराउने ।<br>• भू बनोटका बारेमा शिक्षकले तयार गरेको चार्ट पेपर तथा चित्र आदि प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई खेल मैदान तथा विद्यालय परिसर बाहिर लगेर भू बनोटको आकार देखाएर अग्लो भाग होचो भाग समथर भाग आदि देखाउँदै चिनाउँदै गर्ने । | • विद्यार्थीलाई भू बनोट बारेमा सोधेर<br>• विद्यार्थीलाई अग्लो होचो र समथर भू भागमा लगी हामी कुन भू भागमा छौ भन्ने चिन्ने अभ्यास गराएर | ७ |
| | • नदी खोला | • विद्यार्थीहरुलाई आफ्नो घर विद्यालय नजिक भएका आफूले देखेका नदी खोलाहरुको नाम भन्न लगाउने ।<br>• शिक्षकले नदी खोलाको बारेमा तयार गरेको चार्ट पेपर आदि शैक्षिक सामग्री प्रदर्शन गर्ने ।<br>• विद्यार्थीलाई नदी खोलामा हामीले के देख्छौ ? त्यहाँबाट के पाउछौ र त्यसलाई के मा प्रयोग गर्न सक्छौ भन्ने कुरा सोध्दै टिपोट गर्दै छलफलमा सहभागी गराउने ।<br>• विद्यालय नजिकको खोला नाला देखाउन सम्भव भएमा नदी खोलाको अवलोकन गराई देखाएर पढाउने । | • नदी खोला भनेको के हो सोधेर ।<br>• नदी खोला नजिक लगेर नदी खोला चिन्न लगाएर | ८ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| **घोराहीका सम्पदाहरु धार्मिक/ पर्यटकीय क्षेत्रहरु २५** | • पर्यटक | • चित्र एवं श्रव्यदृश्य सामग्रीबाट पर्यटकको चित्र प्रदर्शन गर्ने ।<br>• पर्यटकको परिभाषा लेखेको चार्ट प्रदर्शन गर्ने ।<br>• विद्यार्थीलाई पर्यटक कसलाई भनिन्छ ? कहाँबाट आउछन भनेर छलफलमा सहभागी गराउने ।<br>• पर्यटकलाई कस्तो व्यबहार गर्नुपर्छ र किन भनेर छलफल गर्ने । | • पर्यटक भनेका को हुन सोधेर<br>• पर्यटक कहाँबाट आउछन सोधेर | ५ |
| | • पर्यटन | • शिक्षकले पर्यटनका बारेमा लेखिएको /तयार गरेको चार्ट, चित्र वा श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने<br>• विद्यार्थीहरुलाई पर्यटन भनेको के हो र किन गरिन्छ भनेर छलफलमा सहभागी गराउने ।<br>• पर्यटन गर्नाले हुने फाइदाका बारेमा बताउने ।<br>• विद्यार्थीलाई विद्यालय नजिकै कुनै रमाइलो ठाउँ घुमाएर यसरी रमाइला रमाइला, नयाँ नयाँ ठाउँहरु घुम्ने कार्यलाई पर्यटन भनिन्छ भनेर बुझाउने । | • विद्यार्थीहरुलाई पर्यटन भनेको के हो सोधेर<br>• विद्यार्थीलाई नजिकैको कुनै ठाउँ घुमफिर गर्न लगाई पर्यटन गर्दाका फाइदा सोधेर<br>• | ५ |

| | | | | |
|---|---|---|---|---|
| | • पर्यटकका प्रकार | • शिक्षकले विद्याथीहरुलाई आज पढ्ने पाठको बारेमा जानकारी दिई आफूलु लगेको पर्यटकका प्रकार पाठसँग सम्बन्धित शैक्षिक सामग्री कक्षामा प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई पर्यटक कति प्रकारका हुन्छन ? नजिकै घुम्नु र टाढा घुम्नुमा के फरक छ भनेर सोध्ने । विद्यार्थीले भनेको कुरालाई टिपोट गर्ने<br>• आफूले प्रदर्शन गरेको शैक्षिक सामग्री र विद्यार्थीबाट आएका कुराहरुमा केन्द्रित रहेर पर्यटकका प्रकारहरुका बारेमा जानकारी दिने । | • विद्यार्थीलाई पर्यटकका प्रकारहरु भन्न लगाएर<br>• नजिकै घुम्नु र टाढा घुम्नुमा के फरक छ भन्ने सोधेर | ८ |
| | • पर्यटनको महत्व | • शिक्षकले विद्याथीहरुलाई पढाउने पर्यटनको महत्वका बारेमा घरबाट लगेको शैक्षिक सामग्री कक्षामा प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई तिमीहरु घुमफिर किन गर्छौ ? घुमफिर गर्दा के फाइदा हुन्छ आदि सोध्दै उनीहरुले भनेका कुरा टिपोट गर्दै कक्षालाई अगाडि बढाउने ।<br>• पर्यटन गर्दा हुने फाइदाका बारेमा बताउने । | • विद्यार्थीलाई पर्यटनका महत्वका बारेमा भन्न लगाएर<br>• विद्यार्थीलाई कुनै नयाँ ठाउँ घुम्दा कस्तो अनुभव भएको थियो भन्न लगाएर | ७ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| **घोराहीका परम्परा र संस्कृतिहरु ३५** | • दह मेला ( माघेसङ्क्राति ) भूम्या पर्व मेला | • शिक्षकले विद्याथीहरुलाई पढाउन लागेको पाठको बारेमा जानकारी दिई आफूले घरबाट लगेको दह मेला तथा भूम्या पर्व मेला पाठसँग सम्बन्धित शैक्षिक सामग्रीको चार्ट, अडियो भिडियो क्लिप आदिलाई कक्षामा प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई तिमीहरु दह मेला तथा भूम्या पर्व गएका छौ कि छैनौ ? ति मेला पर्बका बारेमा के थाहा पाएका छौ आदि कुरा सोध्ने ।<br>• मेला गएका, मेलामा सहभागी भएका विद्यार्थीलाई अगाडि बोलाएर त्यहाँ जादाको अनुभव भन्न लगाउने । मेला पर्वसँग सम्बन्धित धार्मिक विश्वास र प्रचलनका बारेमा बताउने ।<br>• मेलामा जादाका फाइदा तथा महत्वका बारेमा बताउने । | • दह मेलाका बारेमा सोधेर<br>• भूम्या पर्वका बारेमा सोधेर | ८ |
| | • धारपानी शिवरात्री मेला तथा शिवरात्रीको अवसरमा लाग्ने अन्य स्थानका मेलाहरु | • शिक्षकले विद्याथीहरुलाई पढाउन लागेको पाठको बारेमा जानकारी दिई आफूले घरबाट लगेको धारपानीमा शिवरात्रीको अवसरमा लाग्ने मेला तथा अन्य मन्दिरहरुमा शिवरात्रीको अवसरमा लाग्ने मेला पाठसँग सम्बन्धित शैक्षिक सामग्रीको चार्ट, अडियो भिडियो क्लिप आदिलाई कक्षामा प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई तिमीहरु धारापानीको शिवरात्री मेला तथा अन्य मन्दिमा लाग्ने शिवरात्री मेलामा गएका छौ कि छैनौ ? ति मेला पर्वका बारेमा के थाहा पाएका छौ आदि कुरा सोध्ने ।<br>• मेला गएका, मेलामा सहभागी भएका विद्यार्थीलाई अगाडि बोलाएर त्यहाँ जादाको अनुभव भन्न लगाउने । मेला पर्वसँग सम्बन्धित धार्मिक विश्वास र प्रचलनका बारेमा बताउने । | • धारापानीमा लाग्ने शिवरात्री मेलाका बारेमा सोधेर<br>• अन्य मन्दिरहरुमा लाग्ने शिवरात्री मेलाका बारेमा भन्न लगाएर | ८ |

| | | | | |
|---|---|---|---|---|
| | | • मेलामा जादाका फाइदा तथा महत्वका बारेमा बताउने । | | |
| | • पिर फेर्ने मेला (चौधेर मठ) | • शिक्षकले विद्याथीहरुलाई पढाउन लागेको पाठको बारेमा जानकारी दिई आफूले घरबाट लगेको चौघेरा मठमा लाग्ने पिर फेर्ने मेला पाठसँग सम्बन्धित शैक्षिक सामग्रीको चार्ट, भिडियो क्लिप आदिलाई कक्षामा प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई तिमीहरुले चौघेरामा लाग्ने पिर फेर्ने मेलाका बारेमा के थाहा पाएका छौ भनेर सोध्ने ।<br>• पिर फेर्ने मेलाका बारेमा मलाई थाहा छ भन्ने विद्यार्थीलाई अगाडि बोलाएर थाहा भएको कुरा भन्न लगाउने ।<br>• चौघेरा मठमा पिर (मठाधिश) पिर फेर्ने मेलामा हुने गतिविधिहरु बताउने ।<br>• मेलासँग सम्बन्धित ऐतिहासिक सन्दर्भबारे पनि बताउने । | • विद्यार्थीलाई पिर फेर्ने मेलाका बारेमा थाहा पाएका कुरा भन्न लगाएर । | ६ |
| | • चिन्हेथान मेला तथा सुनाली थान मेला | • शिक्षकले विद्याथीहरुलाई पढाउन गइरहेको चिन्हेथान मेला र सुनाली थान मेलाका बारेमा तयार गरेको चार्ट पेपर तथा चित्र या फोटो भिडियो प्रदर्शन गर्ने ।<br>• चिन्हेथान तथा सुनाली थान मेलामा सहभागी भएका विद्यार्थीलाई मेलाका बारेमा भन्न लगाउने ।<br>• मेलाको परिचय तथा ऐतिहासिक महत्वका बारेमा बताउने । | • विद्यार्थीलाई चिन्हेथान मेला तथा सुनालीथान मेलाका बारेमा भन्न लगाएर | ६ |
| | • मण्डली मेला, टिकरी मेला, लरैना मेला तथा अन्य मेलाहरु | • शिक्षकले विद्याथीहरुलाई पढाउने पाठ मण्डली, टिकरी लरैना तथा अन्य मेलाहरुका बारेमा तयार गरेको चार्ट पेपर, चित्र, फोटो तथा भिडियो प्रदर्शन गर्ने ।<br>• मण्डली, टिकरी लरैना आदि मेलामा सहभागी भएका विद्यार्थीलाई मेलाका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• मेलाका बारेमा परम्परादेखि चल्दै आएका परम्परागत भनाई, ऐतिहासिक सन्दर्भहरु आदि बताउने । | • मण्डली मेला, टिकरी मेला लरैना मेला तथा अन्य कुनै एक मेलाका बारेमा विद्यार्थीलाई भन्न लगाएर<br>• | ७ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| **पेसा, व्यवसाय र सीप**<br>२० | • हस्तकलाका सामग्रीको प्रयोग | • घोराही उपमहानगरपालिकाका मानिसहरुले बनाउने हस्तकलाका सामग्रीहरुको प्रयोगका बारेमा शिक्षकले तयार गरेको शैक्षिक सामग्री प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई आफ्नो घर तथा छिमेकमा उत्पादन हुने हस्तकलाका सामान के काममा प्रयोग हुने गरेको छ सोध्ने ।<br>• हस्तकला निर्मित सामग्रीको प्रयोगबाट हुने गरेका भएका फाइदाका बारेमा बताउने ।<br>• हस्तकलाका सामान उत्पादन गर्ने तरिकाहरु बताउने ।<br>• मकैको पोस्कर,पराल,मकैको सुकेको पात तथा मुज गुद आदिबाट निर्माण गर्न सकिने सामान बनाउने अभ्यास विद्यालय तथा कक्षाकोठामै गरेर देखाउने । | • हस्तकलाका सामानको प्रयोगबारे विद्यार्थीलाई सोधेर | ६ |
| | • हस्तकलाका | • घोराही उपमहानगरपालिकामा उत्पादन भइरहेका हस्तकलाका सामानहरुको प्रयोगबाट हुने फाइदाका | • घरमा प्रयोग भइरहेका हस्तकलाका सामानको | ७ |

| | | | | |
|---|---|---|---|---|
| | सामग्रीको प्रयोगले हुने फाइदा | बारेमा प्रयोग गरिरहेका व्यक्तिलाई कक्षामा आमन्त्रण गरी अनुभव सुनाउन लगाउने ।<br>• हस्तकलाका सामान प्रयोगबाट भएको फाइदाका बारेमा शिक्षकले तयार गरेको शैक्षिक सामग्री चार्ट, फोटो भिडियो आदि प्रदर्शन गर्ने ।<br>• विद्यार्थी स्वयंलाई घरमा प्रयोग भइरहेका सामानहरुको नाम भन्न लगाई ती किन र कसरी बनाइएका हुन र त्यसबाट के फाइदा भइरहेको छ भन्न लगाउने । | नाम सोधेर<br>• घरमा भएका हस्तकलाका सामानहरु के काममा प्रयोग भइरहेको छ भन्न लगाएर | |
| | •परम्परागत हस्तकलाका सामग्रीकोब जारीकरण | • शिक्षकले चित्र वा भिडियोद्धारा हाम्रा परम्परागत हस्तकलाका सामग्रीको बजारीकरणका बारेमा तयार गरेको शैक्षिक सामग्री प्रदर्शन गर्ने ।<br>• शिक्षकले विद्यार्थीलाई आफ्नो घर तथा छिमेकमा उत्पादन भइरहेका हस्तकलाका सामग्रीहरुको बजारीकरणका सीपका बारेमा बताउने ।<br>• हस्तकलाका सामग्रीहरुको परम्परागत बजारीकरणको तरिकाहरु बताउने । | • हस्तकलाका सामग्रीहरुको बजारीकरणका बारेमा विद्यार्थीहरुलाई सोधेर<br>• विद्यार्थीलाई आफ्नो घरमा बनाइने कुनै हस्तकलाका सामग्री बनाएर देखाउन लगाएर | ७ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| मूल्य शिक्षा, जीवनोपयोगी सीप, उद्घोषण कला, व्यवहारिक लेखन तथा स्थानीय खेलहरु २० | • सद्भाव साटासाट | • शिक्षकले कक्षा कोठामा जानु पूर्व तयार गरेको पाठसँग सम्बन्धित सद्भाव साटासाट विषयको बारेमा लेखिएको चित्र तथा श्रव्यदृष्य सामग्री देखाउने ।<br>• विद्यार्थीलाई घर र विद्यालयमा एक अर्कामा गरिने सद्भावको आदान प्रदानका बारेमा विद्यार्थीहरुलाई आफूलाई थाहा भएको कुरा भन्न लगाएर | • कक्षाकोठामै मिलेर बसेको मेलमिलाप अभ्यास गर्न लगाएर<br>• मिलेर बस्दा हुने फाइदा भन्न लगाएर | ५ |
| | • माया करुणाभाव | • शिक्षकले माया तथा करुणाभाव पाठका बारेमा तयार गरेको शैक्षिक सामग्री प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई एक अर्कामा माया तथा करुणाभाव प्रदर्शन गर्ने बानी बताएर । | • माया तथा करुणाभावका बारेमा बताउन लगाएर | ५ |
| | • अनुशासन | • शिक्षकले अनुशासनका बारेमा तयार गरेको शैक्षिक सामग्री प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई अनुशासन भनेका के हो भन्न लगाउने ।<br>• अनुशासनमा बस्दाका फाइदाबारे पनि बताइदिने । | • विद्यार्थीलाई अनुशासनका बारेमा भन्न लगाउने<br>• | ४ |
| | • श्रम र सीपको सम्मान | • शिक्षकले विद्यार्थीलाई श्रम र सीपको सम्मान गर्ने बारे लेखिएका चार्टहरु प्रस्तुत गर्ने ।<br>• श्रम र सीपको सम्मान गर्दा हुने फाइदाका बारेमा बताउने ।<br>• किसान तथा श्रमजीवीले गरिरहेको श्रमको दृश्य देखाएर | • विद्यार्थीलाई श्रम र सीपको बारेमा भन्न लगाएर | ३ |
| | • भकुण्डो<br>• टिलो | • भकुण्डो तथा टिलो खेल खेल्नका लागि चाहिने सामग्री जुटाउने ।<br>• शिक्षकको भकुण्डो तथा टिलो खेलका नियमहरु बताउने ।<br>• कक्षाकाठा बाहिर खेल मैदानमा गएर भकुण्डो तथा टिलो | • भकृण्डो तथा टिलो मध्ये कुनै एक खेल खेल्न चाहिने कच्चा पदार्थहरु भन्न लगाएर<br>• कुनै एक खेल खेलेर | ३ |

| | | | | |
|---|---|---|---|---|
| | | खेल खेलेको अभ्यास गर्ने । | खेलेको अवलोकन गरेर | |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| विपत व्यवस्थापन, फोहोर व्यवस्थापन र हरित विद्यालय<br>१५ | . आगलागीका कारणहरु | • शिक्षकले आगलागीका कारणहरु लेखिएको चार्ट प्रदर्शन गर्ने ।<br>• विद्यार्थीलाई आगलागीका कारण के के हुन्छन भनेर सोध्दै उनीहरुले भनेका कुरा बोर्डमा टिपोट गर्ने ।<br>• बोर्डमा टिपेको कुरा र चार्टमा लेखिएका कुराबारे विद्यार्थीसँग छलफल गर्ने । | • विद्यार्थीलाई आगलागीका कारण भन्न लगाएर | ३ |
| | . बाढी तथा पहिरोका कारणहरु | • शिक्षकले बाढी तथा पहिरोका कारणहरु लेखिएको चार्ट प्रदर्शन गर्ने ।<br>• विद्यार्थीलाई बाढी तथा पहिरोका कारण के के हुन्छन भनेर सोध्दै उनीहरुले भनेका कुरा बोर्डमा टिपोट गर्ने ।<br>• बोर्डमा टिपेको कुरा र चार्टमा लेखिएका कुराबारे विद्यार्थीसँग छलफल गर्ने । | • विद्यार्थीलाई बाढीका कारण भन्न लगाएर<br>• विद्यार्थीलाई पहिरोका कारण भन्न लगाएर | ४ |
| | . फोहोरका प्रकार तथा वर्गीकरण | • शिक्षकले फोहोरका प्रकार तथा फोहोरको वर्गीकरण बारे लेखिएका चार्ट प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई फोहोरका प्रकार तथा फोहोरको वर्गीकरणका बारेमा भन्न लगाउने ।<br>• विद्यालयमा जम्मा भएका फोहोर कुन प्रकारको हो छलफल गर्ने ।<br>• विद्यालयमा जम्मा भएको फोहोरलाई वर्गीकरण गर्ने अभ्यास गर्ने । | • विद्यार्थीलाई घर तथा विद्यालयमा भएको फोहोरका प्रकार भन्न लगाएर<br>• विद्यार्थीले फोहोरको वर्गीकरण गर्दै गरेको अवलोकन गरेर | ४ |
| | . विद्यालयको सरसफाई तथा विद्यालयमा फूलरोपण | • शिक्षकले विद्यालयका सरसफाइ तथा विद्यालयमा फूल रोपणका बारेमा तयार गरेको चार्ट प्रदर्शन गर्ने ।<br>• विद्यार्थीले गरेको अनुभव सोध्ने साथै विद्यालयको सरसफाई तथा फूल रोप्ने तरिकाबारे बताउने ।<br>• विद्यार्थीलाई विद्यालयको सरसफाई र विद्यालयमा फूल रोप्ने कार्यमा सरिक गराउने ।<br>• | • विद्यार्थीले विद्यालयको सरसफाई गरेको अवलोकन गरेर<br>• विद्यार्थीले फूल रोपेको अवलोकन गरेर | ४ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| सामाजिक कार्य, संघसंस्था र अनुकरणीय व्यक्तित्व<br>१५ | . बालक्लब | • शिक्षकले बालक्लबका बारेमा लेखेको चार्ट प्रदर्शन गर्ने ।<br>• बालक्लबका बारेमा बताउने ।<br>• कक्षाकोठाका विद्यार्थीहरुको बालक्लब निर्माण गर्ने ।<br>• बालक्लबको अगुवाइमा विद्यालयमा सरसफाई गराउने ।<br>• क्लबमा आबद्ध भएर काम गर्दा हुने फाइदाबारे बताउने । | • बाल क्लबका बारेमा भन्न लगाएर<br>• क्लबमा आबद्ध हुँदा हुने फाइदा भन्न लगाएर | ४ |
| | . युवा क्लब | • शिक्षकले युवाक्लबका बारेमा लेखेको चार्ट प्रदर्शन गर्ने ।<br>• युवाक्लबका बारेमा बताउने ।<br>• विद्यार्थीहरुको भेलाबाट युवा क्लब निर्माण गर्ने ।<br>• युवाक्लबको अगुवाईमा विद्यालयमा सरसफाई गराउने ।<br>• क्लबमा आबद्ध भएर काम गर्दा हुने फाइदाबारे बताउने । | • युवा क्लबका बारेमा भन्न लगाएर<br>• युवा क्लबमा आबद्ध हुदा हुने फाइदा भन्न लगाएर | २ |

| | | | | |
|---|---|---|---|---|
| | . आमा समूह | • शिक्षकले आमा समूह बारेमा लेखेको चार्ट प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई बालबालिकाको बालक्लव, युवाहरुको युवाक्लब भए जस्तै आमाहरुको आमा समूह हुन्छ भनेर आमा समूह बारेमा बताउने ।<br>• आमा समूहको अगुवाइमा गाउँको धारा वा इनारको सरसफाई गराउने ।<br>• समूह तथा क्लबमा आबद्ध भएर काम गर्दा हुने फाइदाबारे बताउने । | • आमा समूह बारे भन्न लगाएर<br>• क्लबमा आबद्ध हुँदा हुने फाइदा भन्न लगाएर | ३ |
| | . स्वास्थ्य संस्थाहरु | • शिक्षकले स्वास्थ्य संस्थाका बारेमा लेखिएको चार्ट विद्यार्थी माझ प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई स्वास्थ्य संस्था देखेका छौ ? यहाँ के काम हुन्छ ? भनेर सोध्ने । विद्यार्थीबाट आएका कुरा बोर्डमा टिपोट गर्ने ।<br>• शिक्षकले तयार गरेको चार्ट र विद्यार्थीबाट आएका बोर्डमा लेखिएका कुरामा केन्द्रित भएर स्वास्थ्य संस्थाको बारेमा छलफल अगाडि बढाउने ।<br>• विद्यालय नजिक कुनै स्वास्थ्य संस्था भएको अवस्थामा विद्यार्थीलाई स्वास्थ्य संस्थामा अवलोकन गराउने । | • विद्यार्थीलाई स्वास्थ्य संस्थाका बारेमा भन्न लगाएर<br>• स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवाका बारेमा भन्न लगाएर | ३ |
| | . शैक्षिक संस्थाहरु | • शिक्षकले शैक्षिक संस्थाका बारेमा लेखिएको चार्ट विद्यार्थी माझ प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई तिमिले देखेको शैक्षिक संस्थामा के के काम हुन्छ भनेर भनेर सोध्ने । विद्यार्थीबाट आएका कुरा बोर्डमा टिपोट गर्ने ।<br>• शिक्षकले तयार गरेको चार्ट र विद्यार्थीबाट आएका बोर्डमा लेखिएका कुरामा केन्द्रित भएर शैक्षिक संस्थाको बारेमा छलफल अगाडी बढाउने ।<br>• विद्यार्थीलाई उनीहरुले पढिरहेको शैक्षिक संस्थामा के कसरी काम हुने गरेको छ जानकारी दिदै सबै शाखाहरुको अवलोकन गराउने । | • विद्यार्थीलाई शैक्षिक संस्थाका बारेमा भन्न लगाएर<br>• शैक्षिक संस्थाले प्रदान गर्ने सेवाका बारेमा भन्न लगाएर | ३ |

**विषयवस्तुको क्षेत्रक्रम, सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप र मूल्याङ्कन विधि तथा प्रकृया  कक्षा ४**

| क्षेत्र/थिम | मुख्य विषयवस्तु | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|
| **घोराही उपमहानगर पालिकाको परिचय २८** | • घोराहीको भौगोलिक अबस्था | • चित्र एवं श्रव्यदृश्य सामग्री देखाउदै घोराहीको भौगोलिक अबस्थाबारे बताउने ।<br>• विद्यार्थीलाई आफु बस्ने घर आफुले पढ्ने बिद्यालय आफ्नो गाउँका रमणीय ठाउहरु रहेको स्थान अग्लो होचो समथर कस्तो स्थानमा छन भनेर सोध्ने ।<br>• विद्यार्थीलाई हामी कुन जिल्ला र कुन प्रदेशमा बस्छौ ? हाम्रो भौगोलिक प्रदेश कुन हो आदि कुरा सोध्दै विद्यार्थीलाई कक्षा क्रियाकलापमा सहभागी गराउने ।<br>• विद्यार्थीलाई छलफलमा सहभागी गराउँदै कक्षा सञ्चालन गर्ने ।<br>• प्रविधिको प्रयोग गरी आफू रहेको स्थान कुन अक्षांश र | • विद्यार्थीलाई आफु बसेको भुगोलका अवस्थाबारे सोधेर<br>• आफु बसेको उपमहानगर कुन प्रदेश र कुन जिल्लामा छ भन्न लगाएर | ७ |

| | | | | |
|---|---|---|---|---|
| | | देशान्तरमा छ भन्ने पत्ता लगाउने प्रक्रियामा विद्यार्थीलाई सरिक गराउने । | | |
| | • वनजंगल, वन्यजन्तु चराचुरुङ्गी | • शिक्षकले विद्यार्थीहरुलाई घोराहीका वनजंगल, वन्यजन्तु र चराचुरुङ्गी<br>• का बारेमा तयार गरेको शैक्षिक सामग्री प्रदर्शन गर्ने ।<br>• विद्यार्थीलाई आफूले देखेको वनजंगल, वन्यजन्तु चराचुरुङ्गी आदि भन्न लगाउने ।<br>• विद्यार्थीले नजिकको वनजंगल तथा खोला किनारको अवलोकन गराई वनजंगलमा पाइने वस्तुहरु तथा वन्य जनतु र चराचुरुङ्गी आदि देखाउने । | • वनजंगलको बारेमा भन्न लगाएर<br>• वन्यजन्तुको बारेमा भन्न लगाएर<br>• विद्यार्थीले वनजंगलको अवलोकन गरेर सिकेको कुरा सोधेर | ७ |
| | • घोराहीको वनमा पाइने वनस्पती | • शिक्षकले घोराहीको वनजंगलमा पाइने वनस्पती पाठ बारे तयार गरेको शैक्षिक सामग्री प्रदर्शन गर्ने ।<br>• विद्यार्थीलाई तिमीहरुले घर तथा विद्यालय वरपर देखेका वनस्पतिहरुको नाम भन्न लगाउने ।<br>• विद्यार्थीलाई विद्यालय नजिकको वनजंगल अवलोकन गराई वनस्पतीहरुको नाम चिनाउने । ती वनस्पती के काममा प्रयोग गर्न सकिन्छ बताउने । | • विद्यार्थीलाई वनस्पतीको नाम भन्न लगाएर<br>• वनजंगलको अवलोकनमा देखेका वनस्पतीको नाम सोधेर | ५ |
| | • घोराहीको हावापानी | • शिक्षकले घोराहीको हावापानीको बारेमा तयार गरेको शैक्षिक सामग्री चार्ट पेपर, फोटो वा भिडियो प्रदर्शन गर्ने ।<br>• विद्यार्थीलाई घोराहीको मौसम अनुसार आजभोलि गर्मी छ वा जाडो छ भन्दै आज बर्षायाम र हिउँदयाममा गर्मी जाडो के हुन्छ भनेर सोध्ने । आएको जवाफलाई टिपोट गर्दै छलफल गर्दै कक्षा सञ्चालन गर्ने । | • विद्यार्थीलाई घोराहीको हावापानीका बारेमा भन्न लगाएर | ५ |
| | • घोराहीका खानी सम्पदा | • शिक्षकले घोराही उपमहानगरपालिकामा रहेका ढुंगा ,चुन तथा खानी सम्पदाका बारेमा तपार गरेको चार्ट पेपर, फोटो वा भिडियो क्लीप प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई तिमीहरुको विद्यालय या घर नजिकै के यस्ता खानीहरु छन ? भनेर सोध्ने । विद्यार्थीले भनेका कुरा बोर्डमा टिपोट गर्दै हो होइन छलफल गर्ने ।<br>• विद्यालय तथा घर नजिक भएका खानी सम्पदामा लगेर विद्यार्थीलाई अवलोकन गराउने । देखेको कुरा प्रतिवेदनको रुपमा लेख्न लगाउने । | • विद्यार्थीलाई खानी सम्पदाका बारेमा भन्न लगाएर<br>• खानी सम्पदा अवलोकन गर्दा देखेका कुरा भन्न लगाएर | ४ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| **घोराहीका सम्पदाहरु धार्मिक/ पर्यटकीय क्षेत्रहरु १५** | • घोराहीमा मानिने धर्महरु (हिन्दु, बौद्व, मुस्लिम, इसाई......) | • विद्यार्थीहरुलाई आ आफ्नो घर परिबारमा मान्ने गरेको धर्मका बारेमा भन्न लगाउने ।<br>• शिक्षकले घोराहीमा मानिने धर्मका बारेमा तयार गरेको शैक्षिक सामग्री चार्ट प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुले घरमा मान्ने धर्म र चार्टमा लेखिएका धर्महरुका बारे छलफल गर्दै कक्षा सञ्चालन गर्ने ।<br>• विद्यार्थीहरुलाई हाम्रो गाउँघरमा भएका धार्मिक मठमन्दिरहरुको नाम भन्न लगायने र ती कुन धर्मसँग सम्बन्धित छन भनेर बताउने । | • विद्यार्थीलाई आफ्नो घर परिबारमा मान्ने धर्मको बारेमा भन्न लगाएर<br>• मन्दिरको चित्र देखाइ यो कुन धर्मसँग सम्बन्धित छ भनी सोधेर | ९ |

| | | | | |
|---|---|---|---|---|
| | • घोराहीमा रहेका धार्मिकस्थल (मन्दिर, भूम्याथान, गुम्बा, मस्जिद, चर्च.....) | • शिक्षकले धार्मिकस्थलहरु पाठका बारेमा बनाएको शैक्षिक सामग्रीको चार्ट प्रस्तुत गर्ने ।<br>• विद्यार्थीहरुलाई आफ्नो घर, टोल तथा बिद्यालय आसपासमा कुन कुन धार्मिक स्थलहरु छन भन्न लगाउने ।<br>• धार्मिक स्थलहरुको चित्र देखाउदै यो चित्र यो धर्मसँग सम्बन्धित छ भनेर बताउने ।<br>• विद्यार्थीहरुलाई नजिकैको कुनै एक धार्मिक स्थलको अवलोकन गराउने ।<br>• अवलोकन गरेको धार्मिक स्थलमा हुने गरेका गतिविधि देखाउदै त्यसका बारेमा बताउने । | • विद्यार्थीहरुलाई आफ्नो परिवारले मान्ने धर्मका बारेमा सोधेर<br>• विद्यार्थीलाई घर नजिकैको धार्मिक स्थलमा देखेका कुरा भन्न लगाएर | ६ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| **घोराहीका परम्परा र संस्कृतिहरु २५** | सख्या, बर्किमार, फाग पढ्ना, सजना, मैना, उडासी, पैया गीत आदि । | • शिक्षकले थारु समुदायको संस्कृति मानिने सख्या, बर्किमार, फाग पढ्ना, सजना मैना आदि गीतका बारेमा तयार गरेको शैक्षिक सामग्री प्रदर्शन गर्ने ।<br>• शिक्षकले यी गीतसँग सम्बन्धित कुनै टुक्का गाउन आउने भए गाएर सुनाउने र अर्थ लगाउने ।<br>• विद्यार्थीलाई यी मध्ये कुनै गीतको टुक्का आउने भए गाउन लगाउने ।<br>• गीत संगितको महत्व तथा यसबाट हुने फाइदा बताउने | • विद्यार्थीलाई गीत गाउने कार्यमा सरिक गराएर<br>• | १० |
| | • क्षेत्री मगर समुदायमा गाइने टप्पा, पैया, मारुनी झाम्रे, दोहोरी, आदि गित । | • शिक्षकले विद्याथीहरुलाई आज पढ्ने पाठ मगर क्षेत्री आदि समुदायमा गाइने टप्पा, पैया, मारुनी, झाम्रे दोहोरी, आदि गीतसँग सम्बन्धित भिडियो क्लिप, चार्ट वा फोटो आदि प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई तपाईको घर छिमेकमा गाइने गीतहरु भन्न लगाउने ।<br>• शिक्षकले आफूले जानेका गीतहरु गाइ सुनाउने ।<br>• यी गीतहरु कुन बेला के विश्वासका साथ गाइन्छ गीतहरुको महत्व र सन्दर्भबारे बताउने | • विद्यार्थीलाई आफ्नो घर छिमेकमा गाइने कुनै गीत गाउन भनेर<br>• विद्यार्थीलाई गीत तथा नृत्यमा सहभागी हुन लगाएर | ८ |
| | • भजनर्कितन तथा नेपालभाषाका ख्याली मी र घाटुमे गित | • शिक्षकले ब्राम्हण क्षेत्री समुदायमा प्रचलनमा रहका भजनर्कितन तथा नेवार समुदायमा प्रचलनमा रहेको ख्याली मि र घाटु मे पाठसँग सम्बन्धित शैक्षिक सामग्री तयार गरी कक्षामा प्रस्तुत गर्ने ।<br>• विद्यार्थीहरुलाई यी गीतसँगतका बारेमा थाहा भएको कुरा भन्न लगाउने ।<br>• यस प्रकारका गीत गाउने समय गाउने तरिका गाउँदा हुने फाइदा आदी बताउने । | • विद्यार्थीहरुलाई घर परिवारमा गाइने परम्परागत गीतको बारेमा भन्न लगाएर<br>• गीत गाउने समय भन्न लगाएर | ७ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| **पेसा, व्यवसाय र सीप १५** | • परम्परागत कृषि खेती (मकै खेती, धान खेती गहु खेती, | • घोराही उपमहानगरपालिकाका मानिसले गर्ने परम्परागत कृषि खेती (मकै धान, गहुँ र तोरी) खेतीका बारेमा शिक्षकले तयार गरेको शैक्षिक सामग्री प्रदर्शन गर्दै परम्परागत कृषि पेसाका बारेमा बताउने ।<br>• विद्याथीहरुलाई आफ्नो घर परिवारमा के कस्ता | • परिवारका सदस्यले गर्ने कृषि पेशाका बारेमा भन्न लगाएर | ७ |

| | | | | |
|---|---|---|---|---|
| | तोरी खेती) | परम्परागत कृषि खेती हुने गरेको छ भन्न लगाउने ।<br>• विद्यार्थीले भनेका कुरा र चार्टमा देखाइएको कुरामा केन्द्रित भएर छलफल गर्दै परम्परागत कृषि प्रणालीका बारेमा बताउने । | | |
| | • परम्परागत कृषि खेतीका फाइदा | • घोराही उपमहानगरपालिकामा परम्परागत कृषि खेतीबाट हुने फाइदाका बारेमा शिक्षकले तयार गरेको शैक्षिक सामग्री प्रस्तुत गर्ने ।<br>• विद्यार्थीलाई घर परिवारमा परम्परागत कृषि खेती गर्दा घर परिवारलाई भएको फाइदाका बारेमा भन्न लगाउने ।<br>• परम्परागत अर्गानिक कृषि खेतीबाट लिनसक्ने लाभका बारेमा जानकारी दिने । | • घर तथा छिमेकीले गरेको परम्परागत कृषि खेतीबाट भएको कुनै दुई फाइदा भन्न लगाएर<br>• | ४ |
| | • परम्परागत कृषि खेतीको बजारीकरण | • शिक्षकले तयार गरेको पाठसँग सम्बन्धित परम्परागत कृषि खेतीको बजारीकरणको बारेमा तयार गरेको शैक्षिक सामग्री, चार्ट तथा भिडियो क्लिप प्रदर्शन गरी विद्यार्थीलाई जानकारी दिन ।<br>• परम्परागत खेतीलाई बजारीकरण गर्दा हुने फाइदा र यसबाट हुने अन्य लाभका बारेमा बताउने ।<br>• विद्यार्थीलाई घरमा उत्पादन भएको कृषि खेतीका बजारीकरणबाट भएको आम्दानी तथा लाभका बारेमा बताउने । | • परम्परागत कृषि बाट उत्पादित वस्तुको बजारीकरण गर्दा हुने फाइदा भन्न लगाएर<br>• | ४ |
| **क्षेत्र/थि म** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| मूल्य शिक्षा, जीवनोपयोगी सीप, उद्घोषण कला, व्यवहारिक लेखन तथा स्थानीय खेलहरु २० | . सञ्चार सीप | • सञ्चार सीपसंग सम्बन्धित चित्र तथा श्रव्यदृश्य सामग्री दखाउने<br>• विद्यार्थीलाई दुई दुई जनाको दुई समूह बनाई एक अर्कामा बोलेर लेखेर तथा अभिनय र सङ्केत माध्यमबाट कुराकानी हाउभाउ प्रस्तुत गर्न लगाउने ।<br>• विद्यार्थीले सञ्चार गरेको कुरा हेरिरहेका बाँकी विद्यार्थीहरुलाई उनीहरुले सञ्चार गरेको कुरा बुझ्यौकि बुझेनौ ? के बुझ्यौ भनेर भन्न लगाउने ।<br>• शिक्षकले शैक्षिक सामग्रीको रुपमा सञ्चार सीपका बारेमा बनाएका सामग्री र विद्यार्थीले भनेका गरेका कुरालाई तुलना गर्न लगाउन । | • सञ्चार गरेको अभ्यास गर्न लगाएर<br>• सञ्चार गर्दा के कुरामा ध्यान दिनुपर्छ भन्ने कुरा सोधेर | ५ |
| | . अन्तरव्यक्ति सम्बन्ध सीप | • शिक्षकले अन्तरव्यक्ति सम्बन्ध सीपका बारेमा तयार गरेको शैक्षिक सामग्री प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई अन्तर व्यक्ति सम्बन्धका बारेमा भन्न लगाउदै विद्यार्थीले भनेका कुरालाई शिक्षकले बोर्डमा टिपोट गर्दै जाने ।<br>• शिक्षकले तयार गरेको शैक्षिक सामग्री र विद्यार्थीले बनाएको सूचीको तुलना गर्दै छलफल गराउदै जाने | • अन्तरव्यक्ति सम्बन्ध किन आवश्यक छ भन्न लगाएर<br>• अन्तरव्यक्ति सम्वन्ध सीपले के कुरामा मद्यत गर्छ भन्न लगाएर | ५ |
| | . प्रभावकारी सञ्चार सीप | • शिक्षकले विद्यार्थीलाई मैले कसरी पढाउदा तिमीहरुले सजिलो तरिकाले बुझ्छौ भनेर सोध्ने ।<br>• विद्यार्थीले भनेका कुरा टिपोट गर्दै उनीहरुले भनेको कुरामा शिक्षकले थप सहजीकरण गर्दै प्रष्ट पार्ने । | • प्रभावकारी सञ्चार सीपका बारेमा सोधेर<br>• सञ्चार अभिनय गर्न लगाई सो कार्यको | ४ |

| | | | | |
|---|---|---|---|---|
| | | • शिक्षकले प्रभावकारी सञ्चार सीपका बारेमा तयार गरेको शैक्षिक सामग्रीको चार्ट प्रस्तुत गर्ने ।<br>• प्रभावकारी सञ्चार सीप हाम्रो जीवनमा किन आवश्यक छ भनि बताउने ।<br>• प्रभावकारी सञ्चार सीपको मद्यतले गर्न सकिने कुराहरु बताउने | अवलोकन गरेर | |
| | • सकारात्मक सोचाइ | • सकारात्मक सोचाईको बारेमा शिक्षकले तयार गरेको शैक्षिक सामग्री प्रस्तुत गर्ने<br>• विद्यार्थीलाई सकारात्मक सोचाई भनेको के हो भनेर भन्न लगाउने ।<br>• विद्यार्थीबाट आएका कुरामा थप प्रष्ट पार्ने काम गर्ने । सकारात्मक सोचाइले मिल्ने खुसीका बारेमा बताउने । | • सकारात्मक सोचाईका बारेमा सोधेर<br>• सकारात्मक सोचाईको मिल्ने खुशीका बारेमा भन्न लगाएर | ३ |
| | • कप (कक) फाइट खेल | • कप (कक फाइट) खेल कसरी खेलिन्छ थाहा छ भने भन्नुहोस भनि विद्यार्थीलाई सोध्ने ।<br>• थाहा छ भन्ने विद्यार्थीलाई अगाडि आमन्त्रण गरी ल साथीहरुलाई कक फाइट खेल कसरी खेलिन्छ खेलेर देखाउन भन्ने ।<br>• एक जना विद्यार्थीले गरेको हेरिरहेका अन्य विद्यार्थीलाई पनि त्यसै गरी खेलेर देखाउन लथाउने । | • साथीहरु दुई वा तीन ३ जनाको समुहमा बाडिएर दुई समूह बनाई कक फाइट खेल खेल्ने अभ्यास गरेर | ३ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| विपत व्यबस्थापन, फोहोर व्यवस्थापन र हरित विद्यालय १३ | • बाढी र पहिरोको प्रभाव तथा असरहरु | • शिक्षकले बाढी र पहिरोको प्रभाव तथा असरका बारेमा तयार गरेका शैक्षिक सामग्रीहरु प्रस्तुत गर्ने<br>• बिपत र पहिरोले हाम्रो गाउँघर तथा विद्यालय आसपासमा पारेका असरहरु बताउने ।<br>• विद्यार्थीसँग छलफल गर्दै विपतका बारेमा विद्यार्थीले राखेका जिज्ञासाहरुबारे प्रष्ट पार्ने ।<br>• बाढी तथा पहिरोले पारेका असरहरु देखिने खालका चित्र तथा दृश्य सामग्री देखाउने । | • बाढीले पार्न सक्ने प्रभावका बारेमा सोध्न<br>• पहिरोले पार्ने सक्ने प्रभावका बारेमा सोध्ने | ५ |
| | • आगलागी र सर्पको टोकाइका प्रभाव तथा असरहरु | • शिक्षकले आगलागी र सर्पको टोकाइले पारेका प्रभाव तथा असरका बारेमा तयार गरिएका शैक्षिक सामग्री चार्ट, फोटो तथा भिडियोहरु देखाउने<br>• विद्यार्थीहरुलाई तपाइको छर छिमेकमा आगलागी वा सर्पको टोकाइका घटना भएका छन भने त्यस्ले पारेको असरका बारेमा बताउन लगाउने ।<br>• आगलागीमा परेर बचेका तथा सर्पको टोकाइमा परेर निको भएका अनुभवी व्यक्तिहरुलाई कक्षाकोठामा आमन्त्रण गरी उनीहरुका अनुभव सुन्ने । | • विद्यार्थीलाई घर तथा विद्यालय आसपासमा भएका, सुनेका वा देखेका आगलागीका असरको बारेमा सोधेर | ४ |
| | • फोहोरमैलाले विद्यालयमा पारेका असरहरु | • फोहोर मैलाले विद्यालयमा पारेका असरहरुको बारेमा बताउने ।<br>• फोहोरले विद्यालयमा पारेको असर देखीने स्थानहरुका ेविद्यार्थीलाई अवलोकन गराउने ।<br>• फोहोरले विद्यालय परिसरमा पारेका असर सम्बन्धी चित्र, फोटोहरु तथा देखाउने । | • फोहोरले विद्यालयमा पारेको असरका बारेमा भन्न लगाएर<br>• | ३ |

| | | | | |
|---|---|---|---|---|
| | . विद्यालय परिसरमा हरित बगैचा निर्माण | . विद्यालय परिसरमा हरित बगैचा निर्माण गर्नुपर्नाका कारणहरुबारे बताउने<br>. विद्यालयमा हरित बगैचा निर्माण गर्दा बिद्यालय तथा विद्यार्थीलाई हुने फाइदाका बारेमा बताउने ।<br>. शिक्षकले हरित बगैचा निर्माण सम्बन्धी तयार गरेको शैक्षिक सामग्री प्रदर्शन गर्ने ।<br>. विद्यालयमा हरित बगैचा निर्माण गर्ने प्रक्रियामा विद्यार्थीहरुलाई सहभागी गराउने | . विद्यालयमा हरित बगैचा भनेको के हो भन्न लगाएर<br>. हरित बगैचा निर्माण किन गर्ने भन्ने सोधेर | ३ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| सामाजिक कार्य, संघसंस्था र अनुकरणीय व्यक्तित्व १२ | . सहकारी संस्थाहरु | . शिक्षकले सहकारी संस्था वित्तीय सेवा दिने सामाजिक प्रकृतिको संस्था भएको जानकारी दिने<br>. शिक्षकले सहकारी संस्थाको परिचय समेटिएको चित्र सहितको शैक्षिक सामग्री प्रदर्शन गर्ने<br>. सहकारी संस्थाबाट सदस्य तथा समुदायका मानिसले कसरी फाइदा लिन सक्छन भन्ने कुरा बताउने<br>. सहकारीका माध्यमबाट समुहगत हितमा कसरी जोडिन सकिन्छ भन्ने कुरा बताउने । | . सहकारी संस्थाका बारेमा भन्न लगाएर सहकारीमा आबद्ध हुँदाका फाइदा बारे सोधेर | ३ |
| | . सामुदायिक वनहरु | . शिक्षकले सामुदायिक वन उपभोक्ता समूह वनको दिगो व्यवस्थापनका लागि समुदायबाटै गठित एक सामाजिक प्रकृतिको संस्था भएको जानकारी दिने ।<br>. सामुदायिक वन उपभोक्ता समूहमा आबद्ध हुँदा हुने फाइदाका बारेमा बताउने ।<br>. सामुदायिक वन उपभोक्ता समूह कसरी वन स्रोतको दिगो उपयोग साथै व्यवस्थापन गर्दै वनको संरक्षण गर्छन गर्छन भन्ने कुराको जानकारी दिने । | . सामुदायक बन कसरी सामाजिक संस्था हो भन्ने सोधेर<br>. सामुदायिक वन समूहमा आबद्ध हुदा हुने फाइदाका बारेमा सोधेर<br>. | ३ |
| | . बडघर आदि सामुदायिक संस्थाहरु | . थारु समुदायमा परम्परादेखि विद्यमान बडघर परम्पराका बारेमा बताउने<br>. बडघर जस्तै समुदायमा रहेका थारु कल्याणकारिणी सभा, नेपाल मगर संघ, नेवार सेवा समिति ब्राम्हण समाज क्षेत्री समाज, प्युठान दाङ सरोकार समाज, लुङाली समाज आदि सामुदायिक संस्थाले कसरी सामुदायिक हितमा काम गर्छन भनेर उदाहरण दिएर बताउने ।<br>. सामुदायिक संस्थामा आबद्ध हुँदा हुने फाइदाका बारेमा बताउने | . विद्यार्थीलाई बडघर वा कुनै सामुदायिक संस्थाका बारेमा भन्न लगाएर<br>. सामुदायिक संस्थामा आबद्ध हुँदा हुने फाइदाका बारेमा भन्न लगाएर | २ |
| | . स्वास्थ्य व्यवस्थापन समिति र यसले गर्ने काम | . शिक्षकले स्वास्थ्य संस्था व्यवस्थापनका लागि गठन हुने स्वास्थ्य व्यवस्थापन समितिको बारेमा तयार गरेको चार्ट, चित्र, तस्बीर तथा श्रव्य दृश्य सामग्री देखाउने<br>. स्वास्थ्य व्यवस्थापन समितिको संरचना तथा गठन प्रक्रियाका बारेमा बताउने<br>. स्वास्थ्य व्यवस्थापन समितिले गर्ने कामहरुबारे बताउने | . स्वास्थ्य व्यवस्थापन समितिका बारेमा सोधेर<br>. स्वास्थ्य व्यवस्थापन समितिले गर्ने काम सोधेर | २ |
| | . इको क्लब | . शिक्षकले विद्यालय तथा समुदाय तहमा हरियाली प्रवर्धन | . इको क्लब भनेको के | २ |

| | | | | |
|---|---|---|---|---|
| | र यस्ले गर्ने कामहरु | गर्ने उदेश्यले गठन हुने इको क्लबका बारेमा जानकारी दिएर<br>• इको क्लबले गर्न सक्ने कामहरुका बारेमा बताएर<br>• इको क्लबले गर्ने गतिविधिमा सहभागीता जनाउन लगाउने | हो भन्न लगाएर<br>• इको क्लबका कामहरुबारे सोधेर | |

**विषयवस्तुको क्षेत्रक्रम, सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप र मूल्याङ्कन विधि तथा प्रकृया  कक्षा ५**

| क्षेत्र/थिम | मुख्य विषयवस्तु | सम्भावित  सिकाइ सहजीकरण  क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|
| **घोराही उपमहानगर पालिकाको परिचय**<br>२८ | • घोराहीका प्राकृतिक स्रोत | • शिक्षकले घोराहीका प्राकृतिक स्रोतहरु पानी, वनजंगल नदीनाला आदिलका बारेमा बताउने ।<br>• विद्यार्थीहरुलाई हाम्रो घोराहीमा रहेका प्राकृतिक स्रोत के के होलान भनेर सोध्ने ।<br>• शिक्षकले प्राकृतिक स्रोतको बारेमा तयार गरेको चित्र, चार्ट तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने<br>• विद्यार्थीलाई नजिक भएको प्राकृतिक स्रोते अवलोकन गराई देखेको कुरा भन्न लगाउने । | • प्राकृतिक स्रोतका बारेमा भन्न लगाएर<br>• प्राकृतिक स्रोत अवलोकन गर्दा देखेका कुरा भन्न लगाएर | ६ |
| | • घोराही उप महानगरको सामान्य परिचय | • घोराही उपमहानगरपालिकाको परिचय बताउने ।<br>• शिक्षकले घोराही उपमहानगरपालिकाको बारेमा तयार गरेको शैक्षिक सामग्री चार्ट, फोटो तथा भिडियो क्लीप प्रदर्शन गर्ने ।<br>• उपमहानगरपालिकाको स्थापना मिति बारे जाकारी दिने<br>• घोराही उपमहानगरपालिकामा साविकका कुन कुन गाविस तथा नपा मिसिएका छन् बताइदिने ।<br>• घोराही उपमहानगरपालिकामा अवस्थित क्षेत्रफल र यसको सिमाना आदि बारे जानकारी दिने ।<br>• विद्यार्थीलाई उपमहानगरपालिकाको बारेमा थाहा पाएका कुरा भन्न लगाउने । | • घोराही उपमहानगरपालिकाको क्षेत्रफल सोधेर<br>• घोराही उपमहानगरपालिकाको सिमाना सोधेर | ६ |
| | घोराहीको क्षेत्रफल | • घोराही उपमहानगरपालिकाको जम्मा क्षेत्रफल तथा वडागत क्षेत्रफल लेखिएको चार्ट प्रदर्शन गर्ने ।<br>• चार्ट देखाएर विद्यार्थीहरुलाई घोराही उपमहानगरपालिकाको क्षेत्रफल र आफू बसेको वडाको क्षेत्रफल भन्न लगाउने ।<br>• घोराहीको सबैभन्दा धेरै क्षेत्रफल भएको ठुलो वडा र कम क्षेत्रफल भएको सबैभन्दा सानो वडाको बारेमा जानकारी दिने | • घोराहीको क्षेत्रफल सोधेर<br>• आफू बस्ने वडाको क्षेत्रफल सोधेर<br>• | ४ |
| | • घोराहीमा बसोबास गर्ने जातजाति | • शिक्षकले घोराहीमा बसोबास गर्ने जातजातिका बारेमा जानकारी दिने ।<br>• कक्षाकोठामा हामी कुन कुन जातजातिका विद्यार्थीहरु छौ भनेर छलफल गर्ने<br>• शिक्षकले घोराहीमा बसोबास रहेका जातजातिगत बारेमा तयार गरेको लिखित शैक्षिक सामग्री प्रस्तुत गरी छलफल गराउने<br>• जातजाति तथा अन्य धेरै विषयमा उपमहानगरपालिकाको प्रोफाइल अध्ययन गर्दा थाहा | • विद्यार्थीलाई आफ्नो टोल छिमेकमा कुन कुन जातजाति समुदायको बसोबास रहेको छ सोध्ने<br>• घोराहीमा बसोबास गर्ने जातजातिको नाम भन्न लगाउने । | ६ |

| | | | | |
|---|---|---|---|---|
| | | पाउन सकिने कुरा बताउने<br>• जातजाति अनुसारका पहिचान तथा विशेषताबारे जानकारी दिने | | |
| | • घोराहीका मुख्य बजार तथा बजार उन्मुख क्षेत्रहरु | • घोराहीको मुख्य मुख्य बजार घोराही बजार र नारायणपुर बजारका बारेमा जानकारी दिने<br>• विद्यार्थीहरुलाई आ आफ्नो वडाको सबैभन्दा ठुलो बजार र बन्दै गरेको बजार क्षेत्रको नाम भन्न लगाउने ।<br>• विद्यार्थीहरुले भनेको कुरा र शिक्षकले तयार गरेको शैक्षिक सामग्रीका साथै घोराही उपमहानगरपालिकाको प्रोफाइलमा भएका बजार क्षेत्रका बारेमा जानकारी दिने | • घोराहीका प्रमुख बजारको नाम भन्न लगाएर ।<br>• आफ्नो वडाको प्रमुख बजार भन्न लगाएर | ६ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| **घोराहीका सम्पदाहरु धार्मिक/ पर्यटकीय क्षेत्रहरु १५** | • घोराहीका जल सम्पदा | • शिक्षकले आफूले खोजेर अध्ययन गरेर घोराहीका जल सम्पदाका बारेमा तयार गरेको शैक्षिक सामग्री प्रदर्शन गर्ने<br>• घोराहीका जलसम्पदा नदीनालाहरु, पोखरीहरु, प्राकृतिक तहहरु,  तालतलैयाहरु, झरनाहरु आदिका बारेमा चित्र भिडियो क्लीप आदि देखाउने ।<br>• विद्यार्थीहरुलाई आफ्नो घर तथा विद्यालय छेउ भएका तालतलैया, पोखरी, दह नदीनाला आदिको नाम भन्न लगाउने<br>• जलसम्पदाको उपयोग के के काममा भइरहेको छ र गर्न सकिन्छ भन्ने बारे जानकारी दिने । | • विद्यार्थीलाई आफ्नो घर तथा विद्यालय नजिक भएको जलसम्पदाका नाम भन्न लगाएर<br>• जलसम्पदाको उपयोग के काममा भएको छ सोधेर | ४ |
| | • घोराहीका नदीनाला | • विद्यार्थीहरुलाई घर तथा विद्यालय नजिक भएका नदीनालाहरुको नाम भन्न लगाउने ।<br>• घर तथा विद्यालय नजिक भएका नदीनालाको पानीको उपयोग के काममा भइरहेको छ विद्यार्थीलाई भन्न लगाउने ।<br>• शिक्षकले खोजेर तयार गरेको नदीनालाका बारेमा तयार गरेको शैक्षिक सामग्री प्रदर्शन गर्ने ।<br>• नजिकैको कुनै एक नदीनालाको स्थलगत अवलोकन गराउने । त्यहाँको पानी कहाँ कसरी प्रयोग भइरहेको छ बताउने ।<br>• नदीनालाको पानीको प्रयोग के कसरी गर्न सकिन्छ थप भन्ने बारेमा विद्यार्थीहरुसँग छलफल गर्ने । | • विद्यार्थीहरुलाई नदी नालाका नामहरु भन्न लगाएर<br>• विद्यार्थीलाई नदीको पानी के काममा उपयोग भएको छ सोध्ने । | ४ |
| | • घोराहीका प्राकृतिक दह/पोखरी | • शिक्षकले विद्याथीहरुलाई आज पढ्ने पाठ घोराहीका प्राकृतिक दह तथा पोखरीहरुको बारेमा जानकारी दिई आफूले लगेको पाठसँग सम्बन्धित शैक्षिक सामग्री कक्षामा प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई तिमीहरुले देखेका प्राकृतिक दह तथा पोखरीहरुको नाम र त्यहाँ हुने गतिविधि भन्न लगाउने ।<br>• आफूले प्रदर्शन गरेको शैक्षिक सामग्री र विद्यार्थीबाट आएका कुराहरुमा तुलना गर्दै प्राकृतिक दह तथा पोखरीका बारेमा बताउने । | • आफ्नो घर वरपर रहेका दह तथा पोखरीको नाम भन्न लगाउने<br>• दह तथा पोखरीको महत्व भन्न लगाउने | ४ |

| | | | | |
|---|---|---|---|---|
| | | • दह तथा पोखरीको महत्व बताउने | | |
| | • घोराहीका<br>• कृत्रिम<br>• ताल/पोखरी | • शिक्षकले विद्यार्थीलाई घोराहीमा निर्माण गरिएका कृत्रिम ताल तथा पोखरीहरुको बारेमा जानकारी दिने ।<br>• कृत्रिम ताल र पोखरीका बारेमा आफूले तयार गरेका शैक्षिक सामग्री चार्ट चित्र भिडियो क्लिप आदि प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई आफ्नो घर तथा विद्यालय नजिक रहेका तथा आफूले देखेका कृत्रिम ताल तथा पोखरीहरुका नाम र त्यहाँ हुने गतिविधि र त्यसको उपयोगीताबारे भन्न लगाउने ।<br>• घर तथा विद्यालय नजिक भएका कृतिम ताल तथा पोखरीको अवलोकन गराई त्यहाँ भएका कुरा भन्न लगाउने | • आफ्नो घर तथा विद्यालय नजिक भएका कृत्रिम ताल तथा पोखरीको नाम भन्न लगाउने ।<br>• कृत्रिम ताल तथा पोखरी े फाइदाबारे सोधेर | ३ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| **घोराहीका परम्परा र संस्कृतिहरु २५** | थारु समदायका माघी, दस्या, गुरै, अत्वारी, अष्टिम्की, हर्दहवा, पेन्डया पर्व | • शिक्षकले विद्याथीहरुलाई थारु समुदायले मनाउने चाडहरुको नाम भन्न लगाउने ।<br>• थारु समुदायले मनाउने कुन चाड कुन महिना वा दिनमा मनाइन्छ भन्न लगाउने<br>• शिक्षकले थारु समुदायका चाडहरुका बारेमा तयार गरेको शैक्षिक सामग्री चार्ट, तस्बीर, चित्र, तथा भिडियो प्रदर्शन गर्ने<br>• विद्यार्थीहरुलाई माघी, दस्या, गुरै, अत्वारी, अष्टिम्की, हर्दहवा, पेन्डयो पर्वहरुमा सहभागी भएको भएमा त्यस बेला गरिने क्रियाकलाप र पर्वका अनुभव सुनाउन लगाउने । | • विद्यार्थीलाई माघी तथा दस्या पर्वका ेबारेमा भन्न लगाएर<br>• गुरै अत्वारी अष्टिम्की हर्दहवा,पेण्डया आदि पर्वका बारेमा भन्न लगाएर | ७ |
| | • ब्राम्हण समुदायमा मनाइने साउने सङ्क्रान्ति (लुतो फाल्ने), हरिबोधिनी, हरिशयनी, जनैपूर्णिमा, नाग पञ्चमी कुसेऔसी | • शिक्षकले विद्याथीहरुलाई ब्राम्हण, क्षेत्री तथा अन्य समुदायमा मनाइने साउने सङ्क्रान्ति, लुतो फाल्ने पर्व, हरिबोधीनी तुलसी रोप्ने<br>• चाड, हरिशयनी तुलसीको विवाह गरिदिने चाड जनैपूर्णिमा , नागपञ्चमी, कुसेऔँसी आदिका बारेमा तयार गरेका शैक्षिक सामग्री प्रस्तुत गर्ने ।<br>• विद्यार्थीहरुलाई आफ्नो घरमा मनाइने चाडवाडका साथै यी चाडवाडमा सहभागी भएको अनुभव र गरिने क्रियाकलापहरु भन्न लगाउने ।<br>• आफूले प्रदर्शन गरेको शैक्षिक सामग्री र विद्यार्थीबाट आएका कुराहरुमा तुलना गर्दै साउने सङ्क्रान्ति हरिबोधिनी, हरिशयनी, जनैपूर्णिमा, कुसेऔसी आदि पर्वका बारेमा बताउने । | • विद्यार्थीलाई आफ्नो घर परिवारमा मनाउने चाडवाडको नाम भन्न लगाएर<br>• विद्यार्थीहरुलाई आफ्नो परिवार तथा समुदायमा मनाइने प्रचलित चाडमा सहभागी भइ त्यहाँ गरिएका क्रियाकलाप भन्न लगाएर | ६ |
| | गोठे पूजा सिथिनख, यमरी, गठे मंगल, क्वाटी | • शिक्षकले विद्याथीहरुलाई नेवार तथा मगर समुदायमा प्रचलित गोठे पूजा, सिथिनख, इमरी गठेमंगल, क्वाटी पर्व, भूम्या पर्व माघे सङ्क्रान्ति आदिका बारेमा तयार गरेको शैक्षिक सामग्री प्रदर्शन गर्ने । | • विद्यार्थीहरुलाई माघी पर्वमा गरिने क्रियाकलाप तथा पर्वका बारेमा भन्न | ६ |

| | | | | |
|---|---|---|---|---|
| | पर्व,<br>भूम्या पर्व ,<br>माघे<br>सङ्क्रान्ति पर्व | • विद्यार्थीलाई नेवार तथा मगर समुदायले मनाउने गोठे पूजा, सिथिनख, यममरी, गठे मंगल क्वाटी पर्व भूम्या पर्व र माघे सङ्क्रान्ति आदि मध्ये आफूलाई थाहा भएको कुनै एक पबवका बारेमा भन्न लगाउने | लगाएर<br>• विद्यार्थीलाई भूम्या पर्वका बारेम भन्न लगाएर | |
| | • थारु, ब्राम्हण क्षेत्री मगर नेवार दलित तथा कुसुण्डा समुदायको देवाली, लैसारी ....आदि कुलपूजा | • शिक्षकले विद्याथीहरुलाई थारु, ब्राम्हण, क्षेत्री मगर, नेवार, कुसुण्डा, दलित आदि समुदायसँग सम्बन्धित देवाली, लैसारी आदि पूजाका बारेमा खोजेर तयार गरेका चित्र, चार्ट, फोटो तथा भिजुअल सामग्री प्रदर्शन गर्ने<br>• विद्यार्थीहरुलाई आ आफ्नो समुदायमा मनाइने कुल पूजाको नाम र त्यस अवसरमा गरिने क्रियाकलाप भन्न लगाउने ।<br>• आफूले प्रदर्शन गरेको शैक्षिक सामग्री र विद्यार्थीबाट आएका कुराहरुमा तुलना गर्दै समुदायमा प्रचलित कुलपूजाका बारेमा जानकारी दिने । | • विद्यार्थीलाई आफूले घरमा मनाइने कुल पूजाका बारेमा भन्न लगाएर<br>• कुल पूजामा गरिने क्रियाकलापहरु भन्न लगाएर | ६ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| **पेसा, व्यवसाय र सीप**<br>**१५** | • आरन व्यवसाय (फलामबाट कुटो, कोदालो, हसिया, खुर्पा.. आदि निर्माण | • घोराही उपमहानगरपालिकामा रहेको आरन व्यवसाय फलाम पिटेर औजार बनाउने सीपका बारेमा बताउने ।<br>• शिक्षकले आरन व्यवसायका बारेमा तयार गरेको शैक्षिक सामग्री चार्ट, भिडियो आदी प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई आफ्नो घर छिमेक तथा गाउँमा देखेका आरन व्यवसायका बारेमा भन्न लगाउने<br>• विद्यालय तथा घर नजिकै आरन व्यवसाय सञ्चालन भएको ठाँउको स्थलगत अवलोकन गराउने । | • परिवारका सदस्यले गर्ने पेसा र व्यवसायको नाम बताउन लगाएर | ४ |
| | स्थानीय कृषि व्यवसायमा स्थानीय कृषि औजारको प्रयोग र महत्व | • घोराही उपमहानगरपालिकामा खेती गरिने कृषि पेसामा प्रयोग हुने स्थानीय कृषि औजारको प्रयोग र महत्वका बारेमा बताउने<br>• विद्यार्थीहरुलाई घर छिमेक तथा विद्यालयमा प्रयोग हुने कृषि औजारका नाम र काम बारे बताउन लगाउने<br>• कृषि औजारको प्रयोग र यसको स्थानीय महत्व बारे जानकारी दिने | • छिमेकीहरुले गर्ने पेसाको नाम बताउन लगाएर<br>• छिमेकीले गर्ने पेसाको चित्र कोर्न लगाएर | ४ |
| | • फलाम निर्मित कृषि औजारको व्यवसायिक उत्पादन तथा बजारीकरण | • कृषि पेसामा प्रयोग हुने फलाम निर्मित कृषि औजारहरुको उत्पादन हुदै गरेका चित्र वा भिडियो प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई हाम्रा परम्परागत पेसामा प्रयोग हुने कृषि औजारहरुको चित्रहरु देखाउने र त्यसको काम बताइदिने ।<br>• विद्यार्थीहरुलाई आफ्नो घर परिवारले प्रयोग गरिरहेका कृषि औजारको नाम र त्यसलाई के काममा प्रयोग गर्ने गरिएको छ भन्न लगाउने ।<br>• स्थानीय सामग्री प्रयोग गरेर स्थानीयस्तरमै उत्पादन गर्न सकिने कृषि औजारलाई कसरी कहाँ लगेर व्यवसायिक बिक्री वितरण गर्न सकिन्छ भन्ने कुराको जानकारी दिने । | • परम्परागत पेसामा प्रयोग हुने औजारहरुको नाम भन्न लगाएर<br>• कुन औजार के काममा प्रयोग गरेका छौ भनी सोधेर | ४ |
| | • दुनाटपरी | • विद्यार्थीलाई दुना टपरी देखे/नदेखेको, प्रयोग गरेको / | • दुना टपरीको प्रयोगका | ३ |

| | | | | |
|---|---|---|---|---|
| | खुटाई तथा बजारीकरण | नगरेको, के काममा प्रयोग गर्ने गरेको आदि कुरा सोध्ने ।<br>• शिक्षकले दुनाटपरी खुटाई र बजारीकरण सम्बन्धि तयार गरेको शैक्षिक सामग्री प्रस्तुत गर्ने ।<br>• शिक्षकले गाउँघरमै पाइने साल , मालुका,चिउरी आदिको पातबाट दुना टपरी बनाउन सकिने कुराको जानकारी दिने<br>• दुनाटपरीलाई घर परिवारमा हुने विवाह, जन्म तथा मृत्य संस्कार आदि धेरै मानिस जम्मा हुँदा थाल कचौराका रुपमा प्रयोग गर्ने परम्परागत चलनका बारेमा जानकारी दिने ।<br>• विद्यार्थीलाई गाउँघरमा दुनाटपरी खुट्दै गरेको र त्यसलाई घरायसी काममा प्रयोग गर्दै गरेका स्थलहरुको अवलोकन गराउने ।<br>• गाउँघर तथा बजारमा दुना टपरीका माग धेरै हुने भएकाले यसको व्यवसायिक उत्पादन गरी बजारीकरण गर्न सकिने कुराको जानकारी दिने । यसका लागि गाउँघरमा केही महिलाहरुले दुना टपरी व्यवसाय सञ्चालन गरेर आम्दानी गर्ने गरेको उदाहरणहरु दिने । | बारेमा सोधेर<br>• दुनाटपरी कसरी बनाइन्छ सोधेर<br>• | |

| क्षेत्र/थिम | मुख्य विषयवस्तु | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घन्टा |
|---|---|---|---|---|
| मूल्य शिक्षा, जीवन उपयोगी सीप, उद्घोषण कला, व्यवहारिक लेखन तथा स्थानीय खेलहरु २० | • उद्घोषण कला | • शिक्षकले विद्यार्थीहरुलाई उद्घोषण कलाका बारेमा जानकारी दिने ।<br>• विद्यार्थीलाई उद्घोषण/ बोल्ने कला भनेको के हो भन्न लगाउने<br>• शिक्षकले उद्घोषण कलासँग सम्बन्धित तयार गरेको शैक्षिक सामग्रीका टिप्स लेखिएको चार्ट प्रदर्शन गर्ने ।<br>• विद्यार्थीलाई कक्षामै माइक्रोफोन दिएर बोल्ने अभ्यास गर्न लगाउने<br>• उद्घोषण पूर्व गर्नुपर्ने तयारीका बारेमा जानकारी दिएर । | • विद्यार्थीलाई कुनै कुरा बोल्न लगाएर<br>• उद्घोषण गर्दाको तयारी भन्न लगाएर<br>• | ५ |
| | • उद्घोषणमा सम्बोधन | • सभा समारोह आदि औपचारिक कार्यक्रमको उद्घोषण गर्दा गरिने सम्बोधनको तरिकाबारे जानकारी दिने<br>• सम्बोधन गर्दा कार्यक्रमका अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यु, ड्यासमा आसिन अतिथि गण तथा उपस्थित सम्पूर्ण सज्जनवृन्द मात्र भन्ने । कसैलाई व्यक्तिगत सम्बोधन, धेरै पद जोडेर लामो भाषण नगर्ने सम्बोधन नगर्ने ।<br>• उत्कृष्ट सम्बोधन शैलीका उदाहरणहरुको भिडियो क्लीप्सहरु देखाउने ।<br>• विद्यार्थीहरुलाई माइक्रोफोन दिएर उद्घोषणमा गरिने सम्बोधनको अभ्यास गर्न लगाउने । | • उद्घोषण गर्दा सम्बोधन गरिने कुराबारे सोधेर<br>• उद्घोषण सम्बोधनका अभ्यास प्रस्तुत गर्न लगाइ अवलोकन गरेर<br>• | ४ |
| | • कलात्मक उद्घोषण शैली | • उद्घोषण कार्यक्रमको प्रभावकारीताको मापन भएकाले उद्घोषण शैली कलात्मक हुनुपर्छ भन्ने कुरालाई उद्घोषकले सधैं ख्याल राख्नुपर्ने कुरा बताउने<br>• उद्घोषणले समयको पालना र उद्घोषण गरिरहेको विषयलाई सधैं ध्यानमा राखेर उद्घोषण गर्नुपर्ने कुरा | • सहयोगी भावना तथा खुशीका बारेमा विद्यार्थीलाई भन्न लगाएर<br>• सहयोग गरेको तथा | ४ |

| | | | | |
|---|---|---|---|---|
| | | बताउने ।<br>• कलात्मक उद्घोषण कार्यक्रम सफलताको सूचक भएकाले उद्घोषकलाई विषय केन्द्रित हुन, समयको पाबन्दीलाई ख्याल गर्न र वक्ताहरुलाई विषयभन्दा बाहिर नजाने कुरामा सचेत रहनु पर्ने कुरालाई सधै मनन गर्नुपर्ने कुरा बताउने ।<br>• कक्षाकोठामै उद्घोषण प्रतियोगीता सञ्चालन गरी तुलनात्मक रुपमा कुन विद्यार्थीले उद्घोषण गरेको कुन पक्ष राम्रो भयो भनेर विद्यार्थीलाई नै मूल्याङ्कन गर्न लगाउने । | खुशी भएको अभिनय गर्न लगाएर | |
| | • बाघ चाल खेल | • शिक्षकले बाघचाल  खेल खेल्नका लागि चाहिने सामग्रीको सूची बनाउने<br>• कक्षा कोठामै दुई दुई जनाको समूह बनाई बाघचाल खेलेको अभ्यास गरेर देखाउने<br>• बाघचाल खेल खेल्दा के फाइदा हुन्छ बताउने | • बाघ चालखेल खेल्न के के चाहिन्छ भन्न लगाएर<br>• बाघचाल खेल खेल्ने अभ्यास गर्न लगाइ अवलोकन गरेर | ३ |
| | • डण्डिबियो खेल | • शिक्षकले डण्डी बियो खेल खेल्नका लागि चाहिने सामग्रीको सूची बनाउने<br>• कक्षा कोठा बाहिरको खेल मैदानमा डण्डीबियो खेल खेल्ने खेल्ने  अभ्यास गरेर देखाउने<br>• विद्यार्थीलाई समूह समूहमा बाडेर डण्डीबियो खेल खेलेर देखाउन लगाउने | • डण्डी बियो खेल खेल्न के के चाहिन्छ भन्न लगाएर<br>• डण्डीबियो खेल खेलेर अभ्यास गरेको अवलोकन गरेर | ४ |

| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
|---|---|---|---|---|
| विपत व्यवस्थापन, फोहोर व्यवस्थापन र हरित विद्यालय १३ | • बाढी र पहिरोबाट बच्ने उपायहरु | • शिक्षकले बाढी र पहिरोबाट बच्ने उपायबारे लेखिएको चार्ट पेपर प्रस्तुत गर्ने<br>• विद्यार्थीलाई बाढी र पहिरोबाट बच्ने उपायहरुबारे जानकारी दिने<br>• विद्यार्थीहरुलाई बाढी र पहिरोबाट बच्न सक्ने उपायहरुको सूची बनाएर प्रस्तुत गर्न लगाउने<br>• शिक्षकले तयार गरेको शैक्षिक सामग्री र विद्यार्थीले बनाएको सूचीका बारेमा छलफल गर्दै पढाउने | • बाढीबाट बच्ने उपाय सोधेर<br>• पहिरोबाट बच्ने उपाय सोधेर | ४ |
| | • आगलागी र सर्पको टोकाइबाट बच्ने उपायहरु | • शिक्षकले आगलागी र सर्पको टोकाइबाट बच्ने उपायबारे लेखिएको चार्ट पेपर प्रस्तुत गर्ने<br>• विद्यार्थीलाई आगलागी र सर्पको टोकाइबाट बच्ने उपायहरुबारे जानकारी दिने<br>• विद्यार्थीहरुलाई आगलागी र सर्पको टोकाइबाट बच्न सक्ने उपायहरुको सूची बनाएर प्रस्तुत गर्न लगाउने<br>• शिक्षकले तयार गरेको शैक्षिक सामग्री र विद्यार्थीले बनाएको सूचीका बारेमा छलफल गर्दै पढाउने | • आगलागीबाट बच्ने उपाय सोधेर<br>• सर्पको टोकाइबाट बच्ने उपाय सोधेर | ३ |
| | • फोहोरको वर्गीकरण<br>• विद्यालयको सरसफाइमा | • फोहोर बिसर्जन गर्नुपूर्व गल्ने फोहोर र नगल्ने फोहोर छुट्टाउने तरिका बारे बताउने ।<br>• शिक्षकले फोहोरको वर्गीकरण बारेमा तयार गरेको शैक्षिक सामग्री चित्र, चार्ट तथा भिडियो फोटो आदि | • विद्यार्थीले फोहोरको वर्गीकरण गर्दै गरेको अवलोकन गरेर<br>• विद्यार्थी सरसफाई | ३ |

| | | | | |
|---|---|---|---|---|
| | सहभागी | प्रदर्शन गर्ने ।<br>• विद्यार्थीलाई फोहोरको बर्गिकरण गर्ने तरिका सोध्ने<br>• विद्यालय परिसरमा भएको फोहोरलाई सुरक्षित तरिकाले गल्ने र नगल्ने फोहोर छुट्टाएर देखाउने<br>• शिक्षक स्वंय तथा विद्यार्थी मिलेर कक्षाकोठामा थुप्रिएको फोहोरको सरसफाई तथा विद्यालय परिसरको सरसफाई कार्यमा सहभागी हुने । | अभियानमा सहभागी भएको अवलोकन गरेर | |
| | . हरित बगैचाको संरक्षण पानी हाल्ने गोडमेल गर्ने आदि | • विद्यालयको कम्पाउण्डभित्र तारबार भित्र निर्माण गरिएको तथा रोपिएको बिरुवाको संरक्षण गर्ने तरिका बताउने<br>• शिक्षक स्वयंले विद्यालयको हरित बगैचामा पानी हाल्ने तथा गोडमेल गर्ने कार्यमा सरिक भएको विद्यार्थीहरुलाई देखाउने ।<br>• विद्यार्थीहरुलाई हरित बगैचामा पानी हाल्ने तथा गोडमेल गर्ने कार्यमा सरिक गराउने ।<br>• हरित बगैचाको निर्माण तथा संरक्षण गर्दा हुने फाइदाबारे बताउने । | • हरित बगैचाको संरक्षण गर्ने तरिका भन्न लगाएर<br>• विद्यार्थी हरित बगैचाको संरक्षण कार्यमा सरिक भएको अवलोकन गरेर | ३ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| सामाजिक कार्य, संघसंस्था र अनुकरणीय व्यक्तित्व १२ | . विद्यालय व्यवस्थापन समिति र यसले गर्ने काम | • विद्यालयको दिगो व्यबस्थापन र सञ्चालनका लागि अभिभावकहरुको सक्रियतामा बनाइएको समितिलाई विद्यालय व्यवस्थापन समिति भनिन्छ भन्ने जानकारी दिने ।<br>• आफ्नै विद्यालयको उदाहरण दिई हाल यस विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष र अन्य सदस्यहरु ......हुनुहुन्छ भनी विद्यार्थीलाई जानकारी दिने ।<br>• विद्यालय व्यवस्थापन समितिको परिचय र यसले गर्ने कामका बारेमा शिक्षकले तयार गरेको शैक्षिक सामग्री प्रदर्शन गर्ने । | • विद्यार्थीलाई आफ्नो विद्यालय व्यवस्थापन समितिको अध्यक्षको नाम भन्न लगाएर<br>• विद्यालय व्यवस्थापन समितिले गर्ने काम भन्न लगाएर | २ |
| | . वडा अध्यक्ष तथा सदस्यहरुले गर्ने काम | • हालका वडा अध्यक्ष तथा वडा सदस्यहरुको बारेमा चिनारी दिएर ।<br>• वडा अध्यक्ष र वडा सदस्यले गर्ने काम बारे जानकारी दिएर<br>• वडा अध्यक्ष र वडा सदस्यले वडाबासीलाई कसरी सहज तरिकाले सेवा दिन सक्छन भन्ने कुरा बताउने ।<br>• वडा कार्यालयको अवलोकन गराई वडा अध्यक्ष र वडा सदस्यले वडा कार्यालयमा बसेर कसरी काम गरिरहेका छन् भनी देखाउने ।<br>• | • वडा अध्यक्ष र सदस्यहरुको नाम भन्न लगाएर<br>• विद्यार्थीले वडा कार्यालयको स्थलगत अवलोकन गरेको हेरेर | २ |
| | . खानेपानी उपभोक्त संस्था | • उपभोक्तालाई सहज तरिकाले खानेपानी सेवा उपलब्ध गराउने उदेश्यले उपभोक्ताहरु आफैले छानेको समितिलाई खानेपानी उपभोक्ता समिति भनिन्छ भन्ने बताउने ।<br>• खानेपानी संस्थाका बारेमा शिक्षकले तयार गरेको शैक्षिक सामग्री विद्यार्थीमाझ देखाउने | • खानेपानी उपभोक्ता समितिको बारेमा भन्न लगाएर<br>• नजिकको खानेपानी संस्था अवलोकन गराई देखेको कुरा | २ |

| | | | | |
|---|---|---|---|---|
| | | • नजिकैको कुनै एक खानेपानी संस्थाको अफिसको अवलोकन गराई यसले कसरी काम गर्छ भन्ने कुराको जानकारी दिने ।<br>• खानेपानी संस्थको अध्यक्ष वा सचिवलाई कक्षामा अतिथिको रुपमा बोलाएर खानेपानी संस्थाका बारेमा जानकारी दिन लगाउने । | भन्न लगाएर | |
| | . सामुदायिक विकासमा सामुदायिक संस्थाहरुको भूमिका | • समुदायको विकासमा समुदायमै खुलेका संस्थाले कसरी काम गर्न सक्छन भन्ने कुराको जानकारी दिने ।<br>• शिक्षकले समुदायमा रहेका संस्थाले समुदायको विकासमा खेल्ने भूमिकाका बारेमा तयार गरिएको शैक्षिक सामग्री प्रदर्शन गर्ने ।<br>• समुदायमा रहेका कुनै एक सामुदायिक संस्थाका अध्यक्षलाई कक्षामा आमन्त्रण गरी त्यस संस्थाले कसरी सामुदायिक हितमा भूमिका खेलेको छ भन्ने बताउने ।<br>• समुदायमा भएको कुनै काम (जुन सामुदायिक संस्थाको पहलमा बनेको थियो) को स्थलगत अवलोकन गराएर | • सामुदायिक विकासमा सामुदायिक संस्थाको भूमिका बारे सोधेर<br>• सामुदायिक संस्थाको पहलमा समुदायमा गरेको कुनै एक काम भन्न लगाएर | २ |
| | . रेडक्रस, जुरेस, स्काउट र यीनका कामहरु | • उपमहानगरपालिकामा क्रियाशील रेडक्रस घोराही उपशाखा, विद्यालयहरुमा गठित जुनियर रेडक्रस शाखा र स्काउटका समितिहरुले गर्ने कामहरु बताउने ।<br>• शिक्षकले रेडक्रस, जुरेस तथा स्काउट र यी संस्थाले गर्ने कामका बारेमा तयार गरेको शैक्षिक सामग्री देखाउने /प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई रेडक्रस, जुरेस र स्काउटले गर्ने कामबारे भन्न लगाउने ।<br>• रेडक्रस उपशाखा सभापतिलाई कक्षामा आमन्त्रण गरी रेडक्रस उपशाखाले घोराही उपमहानगरपालिकामा सञ्चालन गरेका कामका बारेमा विद्यार्थीलाई जानकारी दिन लगाउने ।<br>• स्काउटसँग सम्बन्धित पदाधिकारीलाई विद्यालयमा आमन्त्रण गरी स्काउटले गर्ने / दिने सेवाबारे विद्यार्थीलाई जानकारी दिने । | • रेडक्रसले गर्ने काम भन्न लगाएर<br>• स्काउटले गर्ने काम भन्न लगाएर | ४ |

**विषयवस्तुको क्षेत्रक्रम, सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप र मूल्याङ्कन विधि तथा प्रकृया  कक्षा ६**

| क्षेत्र/थिम | मुख्य विषयवस्तु | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|
| **घोराही उपमहानगर पालिकाको परिचय २८** | • घोराहीमा पाइने जडिबुटी र तिनको उपयोग | • घोराही क्षेत्रमा घर तथा वनजंगलमा पाइने जडिबुटीहरुको चित्र एवं श्रव्यदृश्य सामग्री देखाउदै जडिबुटीहरु चिनाउने र तिनीहरुको उपयोगीता बारे जानकारी दिने ।<br>• विद्यार्थीहरुलाई आफ्नो घर तथा नजिकैको वनजंगलमा पाइने जडिबुटीहरु र त्यसको प्रयोगबारे आफूलाई भएको कुरा भन्न लगाउने ।<br>• जटिबुटी पाइने सम्भावित स्थानको अवलोकन गराउँदै जटिबुटीहरु चिनाउने र तिनीहरुको स्थानीय प्रयोगबारे बताउने ।<br>• समुदायमा भएका जडिबुटीका जानकार अगुवा गुरवा,वैद्य | • विद्यार्थीलाई आफूले चिनेका जडिबुटीका बारेमा भन्न लगाएर<br>• घर परिवारमा जडिबुटीलाई के काममा प्रयोग गरिन्छ भन्न लगाएर<br>• जडिबुटी पाइने स्थानको अवलोकन गर्दा थाहा पाएका कुरा | ६ |

| | | | | |
|---|---|---|---|---|
| | | तथा कविराजलाई कक्षा कोठामा आमन्त्रण गरी जडिबुटीबारे उनीहरुका अनुभवहरु तथा प्रयोग गर्ने तरिकाका बारेमा जानकारी लिने | भन्न लगाएर | |
| | • वडा परिचय र वडा समिति | • घोराहीमा रहेका वडाहरुको परिचय दिदा शिक्षकले पढाइरहेको विद्यालय रहेको वडालाई आधारमानी विद्यार्थीलाई त्यही वडाको परिचय दिने । यसो गर्दा विद्यार्थीले शुरुमा आफू बसोबास गर्ने वा आफूले पढ्ने विद्यालय रहेको वडाको परिचय पाउछन । <br>• घोराही उपमहानगरपालिकाको नक्सामा वडाको नक्सा समेत खुल्ने नक्साबाट पढाउदा उपमहानगरपालिका र वडाको आकार थाहा हुने कुरा बताउने <br>• विद्यार्थीलाई आ आफ्नो वडामा रहेका सरकारी कार्यालयहरु, विद्यालयहरु मठमन्दिर लगायतका धार्मिक स्थलहरु के के छन ? बताउन लगाउने । <br>• वडा नेपालको सबैभन्दा तल्लो तहको प्रशासनिक एकाई भएको बताउने । <br>• वडाबाट जनताले पाउने सेवाबारे बताउने तथा वडा कार्यालय सञ्चालनका लागि जननिर्वाचित एक वडा अध्यक्ष एक दलित महिला, एक महिला सदस्य र अन्य दुई वडा सदस्य गरी पाँच सदस्यीय वडा समितिको बारेमा जानकारी दिने । <br>• विद्यार्थीलाई वडाका बारेमा बुझाउन वडा कार्यालयको स्थलगत अवलोकन गराउने । | • विद्यार्थीलाई वडाको बारेमा भन्न लगाउने <br>• वडा समितिको को रहन्छन भनेर सोधेर | ६ |
| | वडा कार्यालयले दिने सेवाहरु | • विद्यार्थीलाई वडा कार्यालयबाट हामीले के के सेवा पाउछौ भन्न लगाउने विद्यार्थीले भनेका कुरा बोर्डमा टिपोट गर्ने । <br>• शिक्षकले वडा कार्यालयले दिने सेवाका बारेमा तयार गरेको सामग्री चार्टमा प्रस्तुत गर्ने । <br>• विद्यार्थीलाई वडा कार्यालयको अवलोकन गराई वडाले प्रदान गर्ने सेवाका बारेमा प्रत्यक्ष जानकार बनाउने । <br>• विद्यार्थीले भनेका कुरा, वडा कार्यालयको अवलोकन गर्दा देखेका कुरा र शिक्षकले तयार गरेका शैक्षिक सामग्रीको सहायताले वडा कार्यालयले प्रदान गर्ने सेवाहरु बताउने | • विद्यार्थीलाई वडा कार्यालयले दिने कुनै दुई सेवाको नाम भन्न लगाएर <br>• वडा कार्यालय अवलोकन गर्दा थाहा पाएका कुरा भन्न लगाएर | ६ |
| | • घोराहीका ऐतिहासिक परिचय | • घोराही गाउँ पञ्चायत घोराही नगरपालिका हुँदै उपमहानगरपालिका बन्दा सम्मको ऐतिहासिक सन्दर्भबारे जानकारी दिने । <br>• घोराहीको नामाकरण कसरी घोराही रहन गयो भन्ने सन्दर्भ बारे जानकारी दिने । <br>• घोराहीको पुरानो इतिहास झल्कने सन्दर्भहरु बारे जानकारी दिने । <br>• घोराहीलाई चिनाउने प्राचीन तस्बीर, इतिहास झल्कने थप सन्दर्भबारे पनि बताउने । <br>• घोराहीको इतिहास बुझेका पुराना इतिहासकार आदिलाई कक्षामा आमन्त्रण गरी घोराहीको बारेमा आफूले थाहा पाएका कुरा भन्न लगाई सुन्ने व्यवस्था मिलाउने | • घोराहीको बारेमा थाहा पाएको कुनै दुई कुरा भन्न लगाउने । <br>• घोराहीको नामाकरणका बारेमा थाहा पाएको कुरा सुनाउन लगाएर | ५ |

| | | | | |
|---|---|---|---|---|
| | • घोराहीको जनसांख्यिक अवस्था | •पछिल्लो जनगणना तथा घरधुरी सर्वेक्षण अनुसार घोराहीको जनसांख्यिक अवस्था झल्कने चार्ट प्रस्तुत गर्ने ।<br>• घोराहीको जनसांख्यिक अवस्थालाई महिला र पुरुष लिंग अनुसार तथा वडा अनुसारको चार्ट बनाई देखाउने ।<br>• विद्यार्थीहरुलाई घोराहीको कुन वडामा सबैभन्दा धेरै र कुन वडामा सबैभन्दा कम जनसंख्या रहेछ भनेर सोध्ने ।<br>• जनसांख्यिक अवस्थाले भौगोलिक अवस्था र उपलब्ध स्रोत साधनको उपयोगमा पार्ने असर बारे बताउने | • घोराहीको कुल जनसंख्याबारे सोधेर<br>• जनसंख्याले विकासमा पार्ने कुनै एक असर भन्न लगाएर | ५ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| **घोराहीका सम्पदाहरु धार्मिक/ पर्यटकीय १५** | • मन्ठोर्या मन्दिर<br>• लरैना मन्दिर | • लरैना र मन्ठोर्या मन्दिरका बारेमा शिक्षकले तयार गरेको खोजी सामग्री चित्र या भिडियो आदि प्रदर्शन गर्ने ।<br>• शिक्षकले घोराही १० मा रहेका मन्ठोर्या र लरैना मन्दिरका बारेमा बताउने ।<br>• मन्ठोर्या र लरैना मन्दिरको ऐतिहासिकताका बारेमा जानकारी दिने ।<br>• मन्दिर व्यवस्थापन समिति तथा ती मन्दिरसँग जानकारी राख्ने व्यक्तिहरुलाई कक्षामा आमन्त्रण गरी अथवा भिडियो कल मार्फत जानकारी दिने व्यवस्था मिलाउने ।<br>• विद्यार्थीहरुलाई मन्ठोर्या र लरैना मन्दिरका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने । ती मन्दिरका बारेमा घरका अभिभावकलाई सोधेर थप केही नयाँ कुरा आएमा भोलिको कक्षामा भन्नुपर्ने कुरा बताउने ।<br>• मन्ठोर्या मन्दिर तथा लरैना मन्दिर स्थलको अवलोकन गराउने ।<br>• मन्ठोर्या र लरैना जस्तै आफ्नो वडामा रहेका पर्यटकीय स्थलहरुको बारेमा बताउने । | • मन्ठोर्या मन्दिरका बारेमा सोधेर<br>• लरैना मान्दिरका बारेमा भन्न लगाएर<br>• मन्ठोर्या र लरैना जस्तै आफ्नो वडामा रहेका अन्य धार्मिक तथा पर्यटकीय स्थलहरुको बारेमा भन्न लगाएर | ४ |
| | • नमछु बौद्ध गुम्बा | • नमछु बौद्ध गुम्बाका बारेमा शिक्षकले तयार गरेको खोजी सामग्री चित्र या भिडियो आदि प्रदर्शन गर्ने ।<br>• शिक्षकले घोराही १८ मा रहेका नमछु बौद्ध गुम्बाका बारेमा बताउने ।<br>• नमछु बौद्ध गुम्बाको ऐतिहासिकताका बारेमा जानकारी दिने ।<br>• नमछु बौद्ध गुम्बा व्यवस्थापन समिति तथा गुम्बासँग जानकारी राख्ने व्यक्तिहरुलाई कक्षामा आमन्त्रण गरी अथवा भिडियो कल मार्फत जानकारी दिने व्यवस्था मिलाउने ।<br>• विद्यार्थीहरुलाई नमछु बौद्ध गुम्बाका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने । साथै गुम्बाका बारेमा घरका अभिभावकलाई सोधेर थप केही नयाँ कुरा आएमा भोलिको कक्षामा भन्नुपर्ने कुरा बताउने ।<br>• नमछु बौद्ध गुम्बा रहेको स्थानको अवलोकन गराउने<br>• गुम्बास्थलबाट देखिने घोराही बजार आदिका बारेमा बताउने । | • नमछु बौद्ध गुम्बाका बारेमा सोधेर<br>• गुम्बास्थल अवलोकन गर्दा पाएको कुरा भन्न लगाएर | ४ |

| | | | | |
|---|---|---|---|---|
| | • मगर संग्रहालय<br>• मगर ग्राम होमस्टे | • घोराही १३ मा रहेको मगर संग्रहालयको बारेमा बताउने ।<br>• घोराही ४ मा सवारीकोटमा रहेको मगर ग्राम होमस्टेका बारेमा बताउने<br>• शिक्षकले मगर संग्रहालय र मगर ग्राम होमस्टेका बारेमा खोजी गरी तयार गरेको शैक्षिक सामग्री चार्ट पेपरमा प्रस्तुत गर्ने ।<br>• विद्यार्थीहरुलाई मगर संग्रहालय र मगरग्राम होमस्टेका बारेमा आफूले थाहा पाएको कुरा भन्न लगाउने ।<br>• सम्भव भएमा मगर संग्रहालय र मगर ग्राम होमस्टेको स्थलगत अवलोकन गराउने । | • मगर ग्रामका बारेमा भन्न लगाएर<br>• मगर ग्राम होमस्टेका बारेमा भन्न लगाएर | ४ |
| | • धार्मिक तथा पर्यटकीय क्षेत्र संरक्षणमा विद्यार्थीको भूमिका | • शिक्षकले विद्याथीहरुलाई आज पढ्ने पाठको बारेमा जानकारी दिई आफूले घरबाट लगेको धार्मिक तथा पर्यटकीय क्षेत्र संरक्षणमा विद्यार्थीको भूमिका पाठसँग सम्बन्धित शैक्षिक सामग्री कक्षामा प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई तिमीहरुले आफ्नो घर तथा विद्यालय नजिकको पर्यटकीय क्षेत्र संरक्षणमा के काम गरेका छौ भनेर सोध्ने ।<br>• शिक्षकले मठमन्दिर आदि धार्मिक स्थल तथा पर्यटकीय क्षेत्र संरक्षणमा विद्यार्थीले खेल्न सक्ने भूमिकाका बारेमा बताउने<br>• धार्मिक तथा पर्यटकीय क्षेत्रसँग सम्बन्धित जानकार व्यक्तिलाई कक्षामा आमन्त्रण गरी ती क्षेत्रको संरक्षणमा विद्यार्थीले कसरी भूमिका खेल्न सक्छन भन्ने कुरा सुन्ने व्यवस्था मिलाउने ।<br>• विद्यार्थीलाई नजिकैको धार्मिक स्थल तथा पर्यटकीय क्षेत्र संरक्षण गर्ने कुनै क्रियाकलापमा सहभागी बनाउने । | • विद्यार्थीलाई धार्मिक तथा पर्यटकीय क्षेत्र संरक्षणमा विद्यार्थीले खेल्न सक्ने भूमिका बारे भन्न लगाएर<br>• विद्यार्थीले धार्मिक तथा पर्यटकीय स्थल संरक्षणको अभ्यास गरेको अवलोकन गरेर | ३ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| **घोराहीका परम्परा र संस्कृतिहरु २५** | • थारु समुदायमा प्रचलित छोक्रा, सखिया, दस्या, बर्का महोट्या, हुर्डुङग्या, भुमरा, मघौटा नाच | • शिक्षकले विद्याथीहरुलाई थारु समुदायमा प्रचलित छोक्रा, सखिया, दस्या, बर्का, महोट्या, हुर्डुङग्या, भुमरा, मघौटा आदि नाँचका बारेमा जानकारी दिने ।<br>• विद्यार्थीहरुलाई आफ्नो घर परिबारमा विभिन्न अवसरमा नाचिने नाँचका बारेमा सोध्ने ।<br>• छोक्रा, सखिया, दस्या, बर्का, महोट्या, हुर्डुङग्या, भुमरा, मघौटा आदि नाँचका बारेमा थारु समुदायका जानकार व्यक्तिहरुलाई कक्षामा आमन्त्रण गरेर नाचका बारेमा वर्णन गर्न अवसर प्रदान गर्ने ।<br>• कक्षामा विद्यार्थीलाई वा विद्यालय नजिकै रहेको थारु समुदायमा छोक्रा, सखिया, दस्या, बर्का, महोट्या, हुर्डुङग्या, भुमरा, मघौटा आदि नाचका नाच्न जानेका व्यक्तिलाई कक्षामै नाचेर देखाउन अनुरोध गर्ने ।<br>• थारु नाच कुन कुन अवसरमा नाचिन्छ र नाचिनुको धार्मिक ऐतिहासिक विश्वासका बारेमा जानकारी दिने । | • कक्षामा रहेका थारु समुदायका विद्यार्थीलाई आफ्नो समुदायमा नाचिने नाँचका नामहरु भन्न लगाएर<br>• थारु समुदायका विद्यार्थीलाई आफ्नो समुदायमा नाचिने कुनै एक नाच नाच्न लगाइ त्यसको अवलोकन गरेर | ८ |
| | • नेवार समुदायमा | • शिक्षकले विद्याथीहरुलाई नेवार समुदायमा प्रचलित लाखे, गाईजात्रा, रोपाइजात्रा आदि नाँचका बारेमा जानकारी दिने | • कक्षामा रहेका नेवार तथा अन्य समुदायका | ४ |

| | | | | |
|---|---|---|---|---|
| | प्रचलित लाखे, गाईजात्रा, रोपाइजात्रा | ।<br>• विद्यार्थीहरुलाई आफ्नो घर परिवारमा विभिन्न अवसरमा नाचिने नाचका बारेमा सोध्ने ।<br>• लाखे, गाईजात्रा, रोपाइजात्रा आदि नाचका बारेमा नेवार समुदायका जानकार व्यक्तिहरुलाई कक्षामा आमन्त्रण गरेर नाचका बारेमा वर्णन गर्न अवसर प्रदान गर्ने ।<br>• कक्षामा विद्यार्थीलाई वा विद्यालय नजिकै रहेको नेवार समुदायमा लाखे, गाईजात्रा, रोपाइजात्रा आदि नाच नाच्न जानेका व्यक्तिलाई कक्षामै नाचेर देखाउन अनुरोध गर्ने ।<br>• नेवार नाच कुन कुन अवसरमा नाचिन्छ र नाचिनुको धार्मिक ऐतिहासिक विश्वासका बारेमा जानकारी दिने । | विद्यार्थीलाई आफ्नो समुदायमा नाचिने नाचका नामहरु भन्न लगाएर<br>• नेवार वा अन्य समुदायका विद्यार्थीलाई आफ्नो समुदायमा नाचिने कुनै एक नाच नाच्न लगाइ त्यसको अवलोकन गरेर | |
| | • ब्राम्हण क्षेत्री समुदायमा प्रचलित भजनकिर्तन नाच<br>• कुसुण्डाको लैमा नाच | • शिक्षकले विद्याथीहरुलाई ब्राम्हण क्षेत्री समुदायमा प्रचलित भजनकिर्तन तथा कुसुण्डा समुदायमा नाचिने लैमा नाचका बारेमा जानकारी दिने ।<br>• विद्यार्थीहरुलाई आफ्नो घर परिवारमा विभिन्न अवसरमा नाचिने नाचका बारेमा सोध्ने ।<br>• भजनकिर्तन तथा लैमा आदि नाचका बारेमा ब्राम्हण क्षेत्री समुदायका तथा लैमा नाचका बारेमा कुसुण्डा समुदायका जानकार व्यक्तिहरुलाई कक्षामा आमन्त्रण गरेर नाचका बारेमा वर्णन गर्न अवसर प्रदान गर्ने ।<br>• कक्षामा विद्यार्थीलाई वा विद्यालय नजिकै रहेको भजनकिर्तन हुने स्थान तथा कुसुण्डा समुदाय रहेको स्थानमा लैमा नाच नाँच्न जानेका व्यक्तिलाई कक्षामा आमन्त्रण गरी नृत्य देखाउन लगाउने ।<br>• विद्यालयको वार्षिक उत्सव तथा अभिभावक भेला आदि अवसरमा विभिन्न समुदायका नाचहरु प्रदर्शन गर्ने व्यवस्था गर्ने । | • कक्षामा रहेका ब्राम्हण क्षेत्री तथा कुसुण्डा समुदायका विद्यार्थीलाई आफ्नो समुदायमा नाचिने नाचका नामहरु भन्न लगाएर<br>• ब्राम्हण क्षेत्री वा अन्य समुदायका विद्यार्थीलाई आफ्नो समुदायमा नाचिने कुनै एक नाच नाच्न लगाइ त्यसको अवलोकन गरेर | ६ |
| | • मगर समुदायमा प्रचलित भूम्या,सरङ्ङ्या पैया, टप्पा, झाम्रे, | • शिक्षकले विद्याथीहरुलाई मगर समुदायमा प्रचलित भूम्या सरङ्ङ्या पैया, टप्पा, झाम्र आदि नाँचका बारेमा जानकारी दिने ।<br>• विद्यार्थीहरुलाई आफ्नो घर परिवारमा विभिन्न अवसरमा नाचिने नाचका बारेमा सोध्ने ।<br>• भूम्या सरङ्ङ्या पैया, टप्पा, झाम्र आदि नाँचका बारेमा मगर समुदायका जानकार व्यक्तिहरुलाई कक्षामा आमन्त्रण गरेर नाँचका बारेमा वर्णन गर्न अवसर प्रदान गर्ने ।<br>• कक्षामा विद्यार्थीलाई वा विद्यालय नजिकै रहेको मगर र समुदायका भूम्या, सरङ्ङ्या पैया, टप्पा, झाम्रे आदि नाँच नाच्न जानेका व्यक्तिलाई कक्षामा आमन्त्रण गरी नाचेर देखाउन अनुरोध गर्ने ।<br>• मगर नाच कुन कुन अवसरमा नाचिन्छ र नाचिनुको धार्मिक ऐतिहासिक विश्वासका बारेमा जानकारी दिने । | • कक्षामा रहेका मगर तथा अन्य समुदायका विद्यार्थीलाई आफ्नो समुदायमा नाचिने नाचका नामहरु भन्न लगाएर<br>• मगर वा अन्य समुदायका विद्यार्थीलाई आफ्नो समुदायमा नाचिने कुनै एक नाच नाच्न लगाइ त्यसको अवलोकन गरेर | ७ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| **पेसा, व्यवसाय र** | • बेमौसमी तरकारी | • शिक्षकले खोजी गरी तयार गरेको पाठसँग सम्बन्धित घोराही उपमहानगरपालिकाका मानिसले गर्ने बेमौसमी | • परिवारका सदस्यले गर्ने बेमौसमी तरकारी | ४ |

| | | | | |
|---|---|---|---|---|
| **सीप १५** | खेती | तरकारी खेतीका बारेको चार्ट, चित्र तथा भिडियो सामग्री प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई उनीहरुका परिवारका सदस्यहरुले गर्ने बेमौसमी तरकारी खेती के के हुन भनी सोध्ने<br>• विद्यार्थीलाई बेमौसमी तरकारी खेती भइरहेको नजिकैको क्षेत्रको स्थलगत अवलोकनको अवसर प्रदान गरेर<br>• बेमौसमी तरकारी खेतीबाट हुने फाइदा बताउने ।<br>• बेमौसमी तरकारी खेतीको व्यवसायिकीकरण तथा बजारीकरणका बारेमा बताउने । | खेतीका नामहरु बताउन लगाएर<br>• परिवारका सदस्यले गर्ने बेमौसमी तरकारी खेतीमा संलग्न भएको अबलोकन गरेर | |
| | • फलफुल खेती (मेवा, अम्वा, केरा, आँप) | • घोराही उपमहानगरपालिकामा खेती गरिने फलफूल खेती (मेवा अम्बा आप, केरा आदि) सम्बन्धि शिक्षकले खोजी गरी तयार गरेको शैक्षिक सामग्रीको चार्ट, चित्र तथा भिडियो आदि प्रस्तुत गर्ने ।<br>• घोराही क्षेत्रमा हुने फलफूल खेती  मेवा, अम्बा, आप, केरा सम्बन्धी जानकारी दिने ।<br>• विद्यार्थीहरुलाई आफ्नो घर तथा करेसाबारीमा हुने फलफूल खेतीको बारेमा भन्न लगाउने<br>• मेवा, अम्बा, केरा, आप आदि फलफूलको व्यवसायिक खेती गर्ने तरिकाका बारेमा जानकारी दिने ।<br>• विद्यार्थीहरुलाई मेवा अम्बा केरा आप लगायत व्यवसायिक फलफूल खेती भइरहेको स्थानको अवलोकन गराउने<br>• व्यवसायिक फलफूल खेतीबाट लिन सकिने लाभका बारेमा जानकारी दिने । | • घर छिमेकमा हुने गरेको फलफुल खेतीको बारेमा भन्न लगाएर<br>• फलफूल खेतीबाट हुने फाइदाका बारेमा भन्न लगाएर<br>• | ४ |
| | • जडिबुटी खेती (टिमुर, अदुवा, बेसार...) | • शिक्षकले खोजी गरी जडिबुटी खेतीका बारेमा तयार गरेको चार्ट, चित्र तथा भिडियो सामग्री  प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई आफ्नो घर, छिमेक तथा गाउँमा भएको जडिबुटी खेतीको बारेमा भन्न लगाउने ।<br>• जडिबुटीको महत्व तथा यसको व्यवसायिक खेतीबाट हुने फाइदाका बारेमा बताउने ।<br>• व्यवसायिक जडिबुटी भएका नजिकका क्षेत्रहरुको स्थलगत अवलोकन गराउने व्यबस्था मिलाउने ।<br>• व्यबसायिक जडिबुटी (अदुवा, बेसार, टिमुर) खेती गरिरहेका किसानलाई कक्षामा आमन्त्रण गरी उहाँले जडिबुटी खेती गर्दा भोगेका अप्ठेरा तथा लिएको लाभ हानी आदि बारेको अनुभव सुन्ने अबसर मिलाउने । | • विद्यार्थीलाई जडिबुटीको व्यबसायिक खेती<br>• भनेको के हो सोधेर<br>• जडिबुटीको व्यबसायिक खेती भएका स्थानको अवलोकन गर्दा पाएको अनुभव सुनाउन लगाएर | ४ |
| | • कृषि खेती प्रोत्साहन गर्न घोराही उपमहानगर पालिकाले गरेका कामहरु | • कृषि खेतीलाई प्रोत्साहन गर्न घोराही उपमहानगरपालिकाले गरेका कामहरुको जानकारी  दिने<br>• विद्यार्थीलाई घोराही उपमहानगरपालिकाले कृषि कार्यलाई प्रोत्साहन गरेको कुराहरु बारेमा सोध्ने<br>• शिक्षकले कृषि खेतीलाई प्रोत्साहन गर्न गरेका कामबारे खोजी गरी तयार गरेको लिखित चार्ट, भिडियो आदी प्रदर्शन गर्ने<br>• विद्यार्थीलाई घोराही उपमहानगरपालिका कृषि शाखाको अवलोकन गराई शाखा प्रमुखलाई भेटेर कृषि कार्यलाई प्रोत्साहन गर्न गरेका काम कुराबारे जानकारी लिने | • विद्यार्थीलाई कृषि कार्यलाई प्रोत्साहन गर्न घोराही उपमहानगरपालिकाले गरेका कामबारे सोधेर<br>• कृषि कार्यलाई किन प्रोत्साहन गर्नु आवश्यक छ भन्न लगाएर | ३ |

| क्षेत्र/थिम | मुख्य विषयवस्तु | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घन्टा |
|---|---|---|---|---|
| मूल्य शिक्षा, जीवनोपयोगी सीप, उद्घोषण कला, व्यवहारिक लेखन तथा स्थानीय खेलहरु २० | . प्रभावकारी सञ्चार सीप | . शिक्षकले प्रभावकारी सञ्चार सीपका बारेमा खोजी गरी तयार गरेको शैक्षिक सामग्री चार्टमा वा प्रोजेक्टरबाट प्रस्तुत गर्ने । <br>. शिक्षकले प्रभावकारी सञ्चार सीपको परिचय का साथै यसका फाइदा र महत्वका बारेमा जानकारी दिने । <br>. शिक्षकले कक्षाकोठाका विद्यार्थीहरु बिच कानेखुशी सन्देश प्रवाह अभ्यास गराई प्रभावकारी सञ्चार भए नभएको छलफल गर्ने । <br>. विद्यार्थीहरुलाई प्रभावकारी सञ्चार बारे आफूले बुझेका कुरा भन्न लगाउने । <br>. रेडियोको प्रमुख समाचार सुन्न लगाई वा टेलिभिजनको प्रमुख समाचार हेरेर रेडियोबाट तथा टेलिभिजनबाट प्रसारित समाचार | . कक्षाकोठाका साथीहरु बिच एक अर्कामा सञ्चार गरेको अभ्यासको अवलोकन गरेर <br>. विद्यार्थीलाई प्रभावकारी सञ्चारका बारेमा भन्न लगाएर | ५ |
| | . तार्किक वाक शैली | . शिक्षकले तार्किक वाक शैलीका बारेमा खोजी गरि तयार गरेको शैक्षिक सामग्री प्रदर्शन गर्ने । <br>. तार्किक वाक शैली भनेको के हो भन्ने कुरा बताउने । <br>. विद्यार्थीलाई कुनै एक विषयमा वक्तृत्वकला प्रतियोगिताको आयोजना गर्न लगाउने | . तार्किक वाक शैली बारे भन्न लगाएर <br>. तार्किक वाक शैलीमा बोलेको कुरा अवलोकन गरेर | ५ |
| | . निवेदन लेख्ने ढाँचा/तरिका | . शिक्षकले निवेदन भनेको के हो ? निवेदनको आवश्यकता, उपयोग र निवेदनमा हुनुपर्ने अंगहरु, निवेदन लेख्ने ढाँचा तथा तरिकाका बारेमा विद्यार्थीलाई बताउने । <br>. विद्यार्थीलाई निवेदन भनेको के हो ? यो किन लेखिन्छ ? यसको के महत्व छ आदि भन्न लगाउने । <br>. शिक्षकले पाठसँग सम्बन्धित विषयमा खोजी गरी तयार गरेको शैक्षिक सामग्री चार्ट पेपर वा प्रोजेक्टरबाट प्रस्तुत गर्ने । <br>. कक्षाकोठामै शिक्षकले कुनै एक विषय दिई (उदाहरण भोलि विद्यालय आउन नसक्ने व्यहोरा) निवेदन लेख्ने अभ्यास गराउने । | . निवेदन भनेका के हो सोधेर <br>. ढाँचामा निवेदन लेख्ने अभ्यासमा सहभागी गराएर | ५ |
| | . श्रम र सिर्जनाको सम्मान | . शिक्षकले श्रम र सिर्जनाको महत्व दर्शाउदै सम्मान गर्नुपर्ने कुराका बारेमा बताउने । <br>. शिक्षकले खोजी गरी तयार गरेको श्रम र सिर्जनाका बारेमा तयार गरेको शैक्षिक सामग्रीको चार्ट, भिडियो क्लीप आदि प्रदर्शन गर्ने । <br>. विद्यार्थीलाई श्रम र सिर्जनाको किन सम्मान गर्नुपर्छ भन्न लगाउने । <br>. श्रम गर्ने तथा सिर्जनामा लागिरहने समुदायका सम्मानित व्यक्तिलाई कक्षामा आमन्त्रण गर्ने व्यवस्था मिलाई श्रम र सिर्जनाका बारेमा भनाई सुन्ने । | . श्रम र सिर्जनाका बारेमा विद्यार्थीलाई भन्न लगाएर <br>. विद्यार्थीलाई श्रम र सिर्जनाको महत्व भन्न लगाएर | ५ |
| क्षेत्र/थिम | मुख्य विषयवस्तु | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घन्टा |
| विपत | . सुरक्षित | . शिक्षकले सुरक्षित घर तथा विद्यालयमा बारेमा खोजी गरी | . विद्यार्थीलाई सुरक्षित | ५ |

| | | | | |
|---|---|---|---|---|
| व्यवस्थापन,<br>फोहोर<br>व्यवस्थापन<br>र हरित<br>विद्यालय<br>१५ | विद्यालय | तयार गरेको चार्ट, चित्र वा भिडियो क्लीप प्रदर्शन गर्ने ।<br>• विद्यार्थीलाई सुरक्षित बिद्यालय भनेको के हो आफ्नो बिचार राख्ने अबसर प्रदान गर्ने ।<br>• सुरक्षित बिद्यालयका बारेमा जानकार व्यक्तिलाई आमन्त्रण गरी कक्षा सञ्चलनको अवसर प्रदान गर्ने ।<br>• विद्यालयलाई के के क्रियाकलाप गर्दा सुरक्षित बनाउन सकिन्छ भन्ने । | घरका बारेमा जानकार दिने ।<br>• सुरक्षित घर के कसरी बनाउन सकिन्छ भन्न लगाउने | |
| | • हावाहुरीबाट जोगिन गरिने कृत्रिम अभ्यास | • शिक्षकले विद्यार्थीलाई हावाहुरी जस्ता बितेका घटनाबाट जोगिन गरिने कृत्रिम अभ्यासका बारेमा जानकारी दिने ।<br>• विपतमा काम गर्ने ससस्त्र प्रहरीको सहयोगमा हावाहुरीबाट जोगिन गरिने कृत्रिम अभ्यास घटना प्रदर्शन गर्ने<br>• कृत्रिम घटना अभ्यासले विपत सुरक्षामा गर्ने फाइदाका बारेमा जानकारी दिने । | • विद्यार्थीलाई कृत्रिम घटना अभ्यास भनेको के हो भनेर सोधेर<br>• कृत्रिम घटना अभ्यास डेमोमा सहभागी भए नभएको अवलोकन गरेर | ४ |
| | • फोहोर व्यवस्थापन कर्नर/ खाडल | • शिक्षकले विद्यार्थीलाई फोहोर राख्न विद्यालयमा बनाइएको वा बनाउने फोहार बिसर्जन खाडल वा कर्नरका बारेमा जानकारी दिने ।<br>• विद्यार्थीलाई फोहोर बिसर्जन खाडल भनेको के हो ? र यो किन बनाइन्छ भन्न लगाउने ।<br>• विद्यालयमा फोहोर बिसर्जन खाडल बनाउदा हुने फाइदाका बारेमा जानकारी दिने ।<br>• फोहोर व्यवस्थापन खाडल भएको स्थानको अवलोकन गरी फोहोरको व्यवस्थापन प्रभावकारी तरिकाले भए नभएको पत्ता लगाउने । | • विद्याथीलाई घर तथा विद्यालयमा फोहोर राख्ने ठाउँहरु कहाँ कहाँ हुन सक्छन भन्न लगाएर<br>• आफूले पढ्ने विद्यालयमा फोहोर व्यवस्थापन खाडल भए नभएको सोधेर | ३ |
| | • हरित बगैचामा वृक्षरोपण | • शिक्षकले खोजी गरी तयार गरेको हरित बगैचामा वृक्षरोपणसँग सम्बन्धित शैक्षिक सामग्री चार्ट, चित्र तथा भिडियो सामग्री प्रदर्शन गर्ने ।<br>• विद्यार्थीलाई हरित बगैचामा वृक्षरोपण भनेको के हो भन्न लगाउने ।<br>• विद्यालय परिसरमा रहेको बगैचामा वृक्षरोपण कार्यक्रमका आयोजना गरी विद्यार्थीलाई वृक्षरोपण कार्यक्रममा सहभागी बनाउने ।<br>• विद्यालय परिसरको हरित बगैचामा वृक्षरोपण गर्दा हुने फाइदाका बारेमा बताउने । | • हरित बगैचामा वृक्षरोपण भनेको के हो भन्न लगाएर<br>• विद्यालय परिसरमा गरिने वृक्षरोपण कार्यक्रममा सहभागी भए नभएको अवलोकन गरेर | ३ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| सामाजिक कार्य, संघसंस्था र अनुकरणीय व्यक्तित्व<br>१२ | • सर्वोदय पुस्तकालय | • घोराही १५ मा रहेको ऐतिहासिक सर्वोदय पुस्तकालयको बारेमा जानकारी दिने ।<br>• सर्वोदय पुस्तकालयका बारेमा शिक्षकले खोजी गरी तयार गरेको शैक्षिक सामग्री चार्ट, चित्र वा भिडियो क्लिप प्रदर्शन गर्ने ।<br>• विद्यार्थीलाई सर्वोदय पुस्तकालयका बारेमा थाहा भएको कुरा भन्न लगाउने ।<br>• विद्यार्थीलाई सर्वोदय पुस्तकालयका बारेमा अभिभावकलाई सोधेर थाहा पाएको कुरा अर्को दिन कक्षामा आई भन्ने | • सर्वोदय पुस्तकालयका बारेमा भन्न लगाएर<br>• सर्वोदय पुस्तकालय<br>• रहेको स्थान भन्न लगाएर | ३ |

| | | | | |
|---|---|---|---|---|
| | | व्यबस्था मिलाउने ।<br>• विद्याथीमा अध्ययन संस्कृतिको विकासका लागि सर्वोदय पुस्तकालयको स्थलगत अवलोकन गराई पढाई प्रतियोगितामा समावेश गराउने । | | |
| | • घोराहीका सञ्चार संस्था | • शिक्षकले घोराहीमा रहेका सञ्चार संस्थाहरुका बारेमा खोजी गरी तयार गरेको शैक्षिक सामग्री चार्टको प्रदर्शन गर्ने ।<br>• घोराहीमा रहेका सञ्चार संस्थाहरु नाम तथा कामको बारेमा जानकारी दिने ।<br>• विद्यार्थीहरुलई घोराहीमा रहेका सञ्चार संस्थाहरुको नाम र तिनीहरुले गर्ने काम भन्न लगाउने ।<br>• विद्यार्थीहरुलाई कुनै एक सञ्चार संस्थाको अवलोकन गराउने । सञ्चार संस्थामा कसरी काम हुन्छ भन्ने कुराको जानकारी दिने<br>• सञ्चार संस्थाका सञ्चालक अनुभवि व्यक्तिलाई कक्षामा आमन्त्रण गरी संस्था संञ्चालनका अप्ठेरा तथा त्यसभित्रका अवसरको बारेमा बताउन लगाउने । | • आफूलाई थाहा भएको कुनै एक सञ्चार संस्थका बारेमा भन्न लगाएर<br>• सञ्चार संस्थाले गर्ने कुनै दुई काम भन्न लगाएर | ३ |
| | • घोराहीका साहित्यिक संघसंस्था | • शिक्षकले घोराहीमा रहेका साहित्यिक संस्थाहरुका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री प्रदर्शन गर्ने ।<br>• घोराहीमा रहेका साहित्यिक संस्थाहरु नाम तथा कामको बारेमा जानकारी दिने ।<br>• विद्यार्थीहरुलाई घोराहीमा रहेका साहित्यिक संस्था संस्थाहरुको नाम र तिनीहरुले गर्ने काम भन्न लगाउने ।<br>• विद्यार्थीहरुलाई कुनै एक साहित्यिक संस्थाको अवलोकन गराउने । साहित्यिक संस्थाले कसरी काम गर्छन र के काम गर्छन भन्ने कुराको जानकारी दिने<br>• कुनै एक साहित्यिक संस्थाका अनुभवी साहित्यकारलाई कक्षाकोठामा आमन्त्रण गरी साहित्यिक संस्था सञ्चालनका अप्ठ्यारा तथा त्यसभित्रका अवसरका बारेमा बताउन लगाउने । | • आफूलाई थाहा भएको कुनै एक साहित्यिक संस्थाका बारेमा भन्न लगाएर<br>• साहित्यिक संस्थाले गर्ने कुनै दुई काम भन्न लगाएर | ३ |
| | • घोराही उपमहानगर तथा वडामा स्वास्थ्य संस्था स्थापनामा योगदान गर्ने व्यक्तित्वहरु | • शिक्षकले घोराही उपमहानगरपालिका तथा वडा तहका स्वास्थ्य संस्थाहरु स्थापनामा भूमिका खेल्ने सामाजिक व्यक्तित्वहरु, संस्था स्थापनाका लागि जग्गा दान गर्ने व्यक्तित्वहरु, आर्थिक सहयोग गर्ने व्यक्तित्वहरु तथा जनशक्ति व्यवस्थापनमा भूमिका खेल्ने व्यक्तित्वहरुका बारेमा खोजी गरी विद्यार्थीहरुलाई जानकारी दिने<br>• स्वास्थ्य संस्था स्थापनाले समुदायस्तरमा हुने फाइदाका बारेमा जानकारी बताउने ।<br>• स्वास्थ्य संस्था स्थापना भएका सामाजिक विकासको काम भएकाले यसको दिगो सञ्चालनका बारेमा आवश्यक पक्षहरुको बारेमा जानकारी दिने<br>• स्वास्थ्य संस्थाको अवलोकन गराई त्यसका प्रमुखबाट यसले प्रदान गर्ने सेवा तथा संस्था सञ्चालनका कठिनाईका बारेमा अनुभव सुन्ने अवसर मिलाउने । | • समुदायमा रहेका स्वास्थ्य क्षेत्रमा योगदान गरेका व्यक्तिहरुको नाम भन्न लगाएर<br>• स्वास्थ्य संस्थाले दिने कुनै दुई सेवाको नाम भन्न लगाएर<br>• स्वास्थ्य संस्था सञ्चालनका कठिनाई भन्न लगाएर | ३ |

**विषयवस्तुको क्षेत्रक्रम, सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप र मूल्याङ्कन विधि तथा प्रक्रिया कक्षा ७**

| क्षेत्र/थिम | मुख्य विषयवस्तु | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|
| **घोराही उपमहानगर पालिकाको परिचय २८** | • नगर कार्यपालिका | • नगर/उपमहानगर/महानगरपालिकाले प्रदान गर्ने सेवालाई सहजीकरण गर्न कानुन अनुसार आवधिक निर्वाचनबाट निर्वाचित नगरप्रमुख, उपप्रमुख, वडाध्यक्षहरु र महिला, दलित तथा तोकिएको क्षेत्रबाट प्रतिनिधित्व हुने गरी बनेको जनप्रतिनिधिको समितिलाई कार्यपालिका भनिन्छ भन्ने बताउने ।<br>• शिक्षकले खोजी गरी कार्यपालिकाको बनावट तथा कामबारे तयार गरेको चार्ट, चित्र तथा अडियो भिडियो सामग्री प्रदर्शन गर्ने ।<br>• विद्यार्थीलाई नगर कार्यपालिकाका बारेमा थाहा पाएको कुरा भन्न लगाउने ।<br>• घोराही उपमहानगरपालिकाका निवर्तमान तथा वर्तमान प्रमुख वा उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृतलाई कक्षामा आमन्त्रित गरी नगर कार्यपालिकाका र यसले गर्ने कामका बारेमा आफ्ना अनुभव सुनाउन लगाउने ।<br>• विद्यार्थीलाई उपमहानगरपालिकाको अवलोकन गराई प्रमुख वा उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत वा कानुनी सल्लाहकारमध्ये एक जनालाई भेट गरी घोराही नगरकार्यपालिकाले कसरी काम गरिरहेको छ भन्ने जानकारी लिने व्यवस्था मिलाउने । | • नगर कार्यपालिकामा को को सदस्य हुन्छन् भन्न लगाएर<br>• नगरकार्यपालिकाले गर्ने कुनै दुई काम भन्न लगाएर | ५ |
| | • नगर सभा | • नगर/उपमहानगर/महानगरपालिकाले प्रदान गर्ने सेवालाई नीतिगत रुपमा सहजीकरण गर्न कानुन अनुसार आवधिक निर्वाचनबाट निर्वाचित प्रमुख वा उपप्रमुख वडा अध्यक्षहरु, वडा सदस्यहरु र महिला, दलित तथा तोकिएको क्षेत्रबाट प्रतिनिधित्व हुने गरी बनेको जनप्रतिनिधिको समितिलाई नगर सभा भनिन्छ भन्ने बताउने ।<br>• शिक्षकले खोजी गरी नगर सभाको बनावट तथा कामबारे तयार गरेको चार्ट, चित्र तथा अडियो भिडियो सामग्री प्रदर्शन गर्ने ।<br>• विद्यार्थीलाई नगर सभाका बारेमा थाहा पाएको कुरा भन्न लगाउने ।<br>• घोराही उपमहानगरपालिकाका निवर्तमान तथा वर्तमान मेयर, उपमेयर वा प्रमुख प्रसासकिय अधिकृत, वा कानुनी सल्लाहकार मध्ये कुनै एक जनालाई कक्षामा आमन्त्रीत गरी नगर सभाका र यसले गर्ने कामका बारेमा आफ्ना अनुभव सुनाउन लगाउने ।<br>• विद्यार्थीलाई उपमहानगरपालिकाको अवलोकन गराई प्रमुख वा उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत अधिकृतलाई भेट गरी घोराही नगर सभाले कसरी काम गरिरहेका छ भन्ने जानकारी लिने व्यवस्था मिलाउने । | • विद्यार्थीलाई नगर सभामा को को सदस्य हुन्छन भन्न लगाएर<br>• विद्यार्थीलाई नगर सभाले गर्ने कुनै दुई काम भन्न लगाएर | ५ |

| | | | | |
|---|---|---|---|---|
| | उपमहानगर पालिकाका शाखा महाशाखाहरु | • उपमहानगरपालिकाले आफ्नो कामलाई प्रभावकारी बनाउन कानुनका परिधिमा रही बनाएका कार्यक्षेत्र विभाजन गरी बनाएका शाखाहरुलाई शाखा महाशाखा भनिन्छ भन्ने कुराको जानकारी दिने ।<br>• शिक्षकले घोराही उपमहानगरपालिकाको प्रशासन शाखामा सोधखोज गरी तयार गरेको प्रशासनिक संरचनाको शाखागत चार्ट कक्षामा प्रस्तुत गर्ने ।<br>• विद्यार्थीहरुलाई घोराही उपमहानगरपालिकामा अवलोकन गर्न लगाई त्यहाँ रहेका शाखा महाशाखाहरु के के रहेछन् भन्न लगाउने ।<br>• घोराही उपमहानगरपालिकाका प्रशासन शाखा प्रमुखलाई कक्षामा आमन्त्रण गरी घोराही उपमहानगरका शाखा महाशाखा र तिनीहरुले गर्ने कामका बारेमा जानकारी दिने व्यवस्था मिलाउने । | • विद्यार्थीलाई घोराही उपमहानगरपालिकामा रहेका शाखाहरुको नाम भन्न लगाएर<br>• घोराही उपमहानगरपालिकाको कुनै एक शाखाले गर्ने काम भन्न लगाएर | ६ |
| | • उपमहानगरपालिकाले महिला तथा बालबालिकालाई दिने सेवा | • शिक्षकले घोराही उपमहानगरपालिकाले  महिला तथा बालबालिकालाई दिने सेवाका बारेमा शिक्षकले खोजी गरी तयार गरेको चार्ट, चित्र तथा अडियो भिजुअल सामग्री प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई घोराही उपमहानगरपालिकाले महिला तथा बालबालिकालाई कुन कुन सेवा दिन्छ थाहा पाएको कुरा भन्न लगाउने ।<br>• घोराही उपमहानगरपालिकाको महिला तथा बालबालिका शाखा प्रमुखलाई कक्षामा आमन्त्रण गरी शाखाले महिला तथा बालबालिकालाई दिने गरेका सेवाहरु भन्न लगाउने ।<br>• विद्यार्थीहरुलाई घोराही उपमहानगरपालिकाको स्थलगत अवलोकन गराई त्यहाँ रहेका शाखा प्रमुखहरुलाई भेटेर महिला र बालबालिकाले उपमहानगरपालिकाबाट कुन कुन सेवा पाइरहेका छन् जानकारी माग गर्ने व्यवस्था मिलाउने । | • घोराही उपमहानगरले महिला तथा बालबालिकालाई दिने सेवाका बारेमा थाहा पाएका कुनै दुई कुरा भन्न लगाएर<br>• घोराहीको महिला बालबालिका शाखा अवलोकन गरी थाहा पाएको कुरा भन्न लगाएर | ६ |
| | • स्वास्थ्य संस्थाले दिने सेवाहरु | • शिक्षकले घोराही उपमहानगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थहरुले दिने सेवाका बारेमा शिक्षकले खोजी गरी तयार गरेको चार्ट, चित्र तथा अडियो भिजुअल सामग्री प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई घोराही उपमहानगरपालिकामा रहेका स्वास्थ्य संस्थाले कुन कुन सेवा दिन्छन् थाहा पाएको कुरा भन्न लगाउने ।<br>• घोराही उपमहानगरपालिका अन्तर्गतका कुनै एक स्वास्थ्य संस्थाका प्रमुखलाई प्रमुखलाई कक्षामा आमन्त्रण गरी संस्थाले दिने गरेका सेवाहरु भन्न लगाउने ।<br>• विद्यार्थीहरुलाई घोराही उपमहानगरपालिकाको कुनै एक स्वास्थ्य संस्थाको स्थलगत अवलोकन गराई त्यहाँ रहेका शाखा प्रमुखहरुलाई भेटेर त्यस संस्थाबाट नागरिकल कुन कुन सेवा पाइरहेका छन जानकारी माग गर्ने व्यवस्था मिलाउने । | • घोराही उपमहानगर अन्तर्गत रहेका स्वास्थ्य संस्थाले दिने सेवाका बारेमा थाहा पाएका कुनै दुई कुरा भन्न लगाएर<br>• घोराहीको कुनै एक स्वास्थ्य संस्थ अवलोकन गर्दा थाहा पाएको कुरा भन्न लगाएर | ६ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र** | **कार्य घन्टा** |

| | | | प्रक्रिया | |
|---|---|---|---|---|
| **घोराहीका सम्पदाहरु धार्मिक/ पर्यटकीय क्षेत्रहरु १५** | • गुलरिया सांस्कृतिक संग्रहालय तथा सहिद पार्क र सहिद लखन थापा पार्क | • गुलरिया सांस्कृतिक संग्रहालय तथा सहिद पार्क र लखन थापा पार्कका बारेमा शिक्षकले खोजी गरी चार्टमा तयार गरेका शैक्षिक सामग्री चित्र तथा श्रव्यदृश्य प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई गुलरिया सांस्कृतिक संग्रहालय तथा सहिद पार्क र लखन थापा पार्कका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने<br>• विद्यार्थीहरुलाई गुलरिया सांस्कृतिक संग्रहालय र लखन थापा पार्कको अवलोकन गराउने ।<br>• गुलरिया सांस्कृतिक संग्रहालय र लखन थापा पार्कका बारेमा जानकारी राख्ने व्यक्तित्वलाई कक्षामा आमन्त्रण गरी उनीहरुका अनुभव र भोगाईका कुरा सुन्ने अवसर मिलाउने ।<br>• सास्कृतिक संग्रहालय र लखन थापा पार्क जस्ता ऐतिहासिक महत्वका क्षेत्रको संरक्षणका  बारेमा बताउने । | • विद्यार्थीहरुलाई गुलरिया सांस्कृतिक संग्रहालयका बारेमा सोधेर<br>• विद्यार्थीलाई प्रथम सहिद लखन थापा पार्कका बारेमा भनन लगाएर | ४ |
| | • थारु संग्रहालय | • शिक्षकले घोराही १७ पनौरामा रहेको थारु संग्रहालयका बारेमा खोजी गरी चार्ट पेपरमा तयार गरेको शैक्षिक सामग्री प्रस्तुत गर्ने<br>• विद्यार्थीहरुलाई थारु संग्रहालयका बारेमा आफूलाई थाहा भएको तथा आफूले सुनेका कुरा भन्न लगाउने ।<br>• शिक्षकले थारु संग्रहालयको परिचय तथा महत्वबारे जानकारी दिने ।<br>• विद्यार्थीलाई थारु संग्रहालयका बारेमा अवलोकन गरी देखाउने व्यवस्था मिलाउने<br>• थारु संग्रहालयका बारेमा जानकार व्यक्तिलाई कक्षामा आमन्त्रण गरी उनीहरुका भनाई सुन्ने व्यवस्था गर्ने ।<br>• | • विद्यार्थीहरुलाई थारु संग्रहालयका बारेमा थाहा पाएको कुरा भन्न लगाएर<br>• थारु संग्रहालयको अवलोकन गर्दा देखेका कुरा भन्न लगाएर | ४ |
| | • लुङखुरी लेख | • घोराही १९ मा रहेका लुंखुरी लेखको बारेमा शिक्षकले खोजी गरी तयार गरेको शैक्षिक सामग्री प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई लुंखुरी लेखको बारेमा थाहा पाएका केही कुरा भए भन्न लगाउने<br>• लुंखुरी लेखको अवलोकन गराउने<br>• लुंखुरी लेखको बारेमा थाहा पाएका व्यक्तिहरु तथा पर्यटन पत्रकार आदिलाई कक्षामा आमन्त्रण गरी लुखुंरी लेखका बारेमा भन्न लगाउने । | • लुंखुरी  लेखका बारेमा थाहा पाएको कुरा भन्न लगाएर<br>• लुखुरी लेखका बारेमा अरुले भनेको सुनेको कुरा सम्झन लगाएर | ३ |
| | • धार्मिक /पर्यटकीय क्षेत्र संरक्षणमा स्थानीय समुदाय / स्थानीय तहको भूमिका | • शिक्षकले आफूले खोजी गरी तयार गरेको धार्मिक तथा पर्यटकीय क्षेत्र संरक्षणमा स्थानीय समुदाय तथा स्थानीय तहको भूमिकाबारे चार्ट पेपरमा लेखेको सामग्री तथा श्रव्यदृश्य सामग्री प्रस्तुत गर्ने ।<br>• विद्यार्थीलाई धार्मिक तथा पर्यटकीय क्षेत्रको संरक्षणमा स्थानीय तहले खेल्ने भूमिकाका बारेमा थाहा भएको कुरा भन्न लगाउने ।<br>• स्थानीय अगुवा तथा स्थानीय तह प्रमुखलाई कहिलेकाही कक्षामा विशेष अतिथिको रुपमा बोलाई धार्मिक तथा पर्यटकीय क्षेत्र संरक्षणमा खेल्न सक्ने तथा हालसम्म खेलेको भूमिकाका बारेमा भन्ने अवसर प्रदान गर्ने | • धार्मिक तथा पर्यटकीय क्षेत्र संरक्षणमा स्थानीय समुदाय तथा तहले खेल्न सक्ने भूमिकाका बारेमा आफूलाई थाहा भएका कुरा भन्न लगाएर | ४ |

| क्षेत्र/थिम | मुख्य विषयवस्तु | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घन्टा |
|---|---|---|---|---|
| **घोराहीका परम्परा र संस्कृतिहरु २५** | पुसवन, गर्भाधान, सिमान्तोनय, जातकर्म संस्कार | • शिक्षकले हिन्दु धर्मसँग सम्बन्धित पुसवन, गर्भाधान, सिमान्तोनयन र जातकर्म संस्कारका बारेमा खोजी गरी चार्ट पेपरमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री देखाउने । यस्तै संस्कार अन्य धर्ममा कसरी गरिन्छ कक्षामा अन्य धर्ममान्ने विद्यार्थी सँग छलफल गर्ने ।<br>• बिद्यार्थीहरुलाई पुसबन, गर्भाधान, सिमान्तोनयन, जातकर्म आदी संस्कारबारे थाहा भएको कुरा भन्न लगाउने<br>• समुदायमा यस खालका संस्कारहरु हुने सूचना थाहा पाउदा विद्यार्थीलाई अवलोकन गर्न लगाउने ।<br>• धर्म गुरुहरुलाई कक्षामा आमन्त्रण गरी अथवा उहाँहरुसँग भेट गर्ने व्यवस्था मिलाई संस्कारहरुका बारेमा प्रत्यक्ष जानकारी लिने । | • आफ्नो घर तथा छिमेकीमा हुने गरेका पुसवन, गर्भाधान, सिमान्तोनयन र जातकर्म आदि संस्कारका बारेमा विद्यार्थीलाई थाहा भएको कुरा भन्न लगाएर<br>• | ७ |
| | • घोराहीमा प्रचलित लोक नौमती बाजा | • घोराहीमा प्रचलित लोक नौमति बाजाका बारेमा बताउने ।<br>• शिक्षकले नौमती बाजाका बारेमा खोजी गरी तयार गरेको शैक्षिक सामग्री प्रोजेक्टरका माध्यमबाट तथा चार्ट पेपरमा ठुला अक्षरमा लेखेर प्रस्तुत गर्ने ।।<br>• गाँउघर र शहर बजारमा आलभोलि बढी प्रचलनमा आएको नौमती बाजा (पञ्चे बाजा) का बारेमा विद्यार्थीहरुलाई जानकारी दिने ।<br>• हाम्रा धार्मिक संस्कारहरु तथा शुभ कार्यहरु, जन्म विवाह तथा मृत्यु कार्यमा बजाइने लोक बाजाका बारेमा जानकारी दिने ।<br>• विद्यार्थीहरुलाई लोक नौमती बाजाका बारेमा आफुलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• जन्म, मृत्यु तथा विवाह आदि कार्यहरुमा नौमती बाजा बजाएका स्थलहरुमा सहभागी भई लोकबाजालाई प्रत्यक्ष अवलोकन गर्ने ।<br>• परिवार तथा समुदायका जेष्ठ नागरिकबाट लोक बाजाको ऐतिहासिक सन्दर्भ तथा महत्वका बारेमा सोधखोज गर्ने । | • विद्यार्थीलाई आफूलाई थाहा भएको नौमती बाजाका बारेमा भन्न लगाएर<br>• नौमती बाजा मध्ये कुनै बाजा बजाउने अभ्यासमा सरिक भएको अवलोकन गरेर | ६ |
| | • सारंगी | • शिक्षकले सारंगी बाजाका बारेमा खोजी गरी चार्ट पेपरमा तयार गरेको शैक्षिक सामग्री, श्रव्यदृश्य सामग्री आदि देखाउने ।<br>• विद्यार्थीलाई सारंगी बाजा बजाएको देखे सुनेको अनुभव गरेको भन्न लगाउने ।<br>• सारंगी बाजा बजाइने गरेका स्थल तथा अबसरहरुमा आफै सहभागी भइ सारंगीबादक व्यक्तिसंग जानकारी लिने ।<br>• सारंगी बजाइनुको ऐतिहासीक सन्दर्भ यस्को ऐतिहासीक महत्व आदीका बारेमा सोधखोज गर्ने ।<br>• विद्यालयका बार्षिकोत्सव तथा अबिभावक भेलाहरुमा विद्यालयले सांरगीबादकलाई आमन्त्रण गरी विद्यार्थीलाई बाजाको बारेमा सुन्ने देख्ने अवसर मिलाउने ।<br>• विद्यार्थीहरुलाई गन्दर्भ समुदायको बस्तीको अवलोकन गराई सारंगी बाजाका बारेमा प्रत्यक्ष जानकारी लिने तथा बजाउने | • सारंगीका बारेमा विद्यार्थीलाई थाहा भएको कुरा भन्न लगाएर<br>• सारंगी बाजा बजाउने अभ्यास गरेको अवलोकन गरेर | ४ |

| | | | | |
|---|---|---|---|---|
| | | अवसर प्रदान गर्ने । | | |
| | • खैजडी | • शिक्षकले लोक बाजा खैजडीका बारेमा सोधखोज गरी तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री देखाउने ।<br>• विद्यार्थीहरुलाई खैजडी बाजाबारे देखे सुनेको तथा आफुले थाहा भएको अनुभव भन्न लगाउने<br>• विद्यार्थीहरुलाई खैजडी बाजाको प्रयोग हुने धार्मिकस्थलहरुका भजनकृतनमा सहभागी भई बाजा बजाएको हेर्ने तथा खैजडी बाजाको धुन सुन्ने तथा बाजा बजाउने अबसर प्रदान गर्ने ।<br>• लोक खैजडी बाजा बजाउने बाद्यबादकसंग भेटेर बाजाका बारेमा जानकारी लिने अबसर दिलाउने ।<br>• खैजडी बाद्यबादकलाई कक्षामा आमन्त्रण गरी खैजडी बाजाका विशेषता यस बाजाको महत्व आदिका बारेमा विद्यार्थीलाई सुन्ने अवसर प्रदान गर्ने । | • विद्यार्थीलाई खैजडी बाजाको बारेमा थाहा पाएको कुरा भन्न लगाएर<br>• खैजडी बाजा बजाएको अवलोकन गरेर | ४ |
| | • मुरली | • शिक्षकले लोक बाजा मुरलीका बारेमा सोधखोज गरी तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री देखाउने ।<br>• विद्यार्थीहरुलाई मुरली बाजाबारे देखे सुनेको तथा आफुले थाहा भएको अनुभव भन्न लगाउने<br>• विद्यार्थीहरुलाई मुरली बाजाको प्रयोग हुने धार्मिकस्थलहरुका भजनकिर्तनमा सहभागी भई बाजा बजाएको हेर्ने तथा मुरली बाजाको धुन सुन्ने तथा बाजा बजाउने अवसर प्रदान गर्ने ।<br>• लोक मुरली बाजा बजाउने बाद्यवादकसँग भेटेर बाजाका बारेमा जानकारी लिने अवसर दिलाउने ।<br>• मुरली वाद्यबादकलाई कक्षामा आमन्त्रण गरी मुरली बाजाका विशेषता यस बाजाको महत्व आदिका बारेमा विद्यार्थीलाई सुन्ने अवसर प्रदान गर्ने । | • विद्यार्थीलाई मुरली बाजाको बारेमा थाहा पाएको कुरा भन्न लगाएर<br>• मुरली बाजा बजाएको अलोकन गरेर | ४ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| **पेसा, व्यवसाय र सीप १५** | • भैसी तथा गाईपालन | • शिक्षकले घोराही उपमहानगरपालिकाका मानिसले गर्ने पेसा भैसी तथा गाईपालनका बारेमा खोजी गरी चार्ट पेपरमा तयार गरेको सामग्रीका साथै भैसी तथा गाईपालन व्यवसायका बारेमा जानकारी मुलक श्रव्यदृश्य सामग्री देखाउने ।<br>• विद्यार्थीहरुलाई आफ्नो घरका सदस्यले गर्ने भैसी तथा गाईपालन पेसाका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• गाई तथा भैसीपालन पेसाबाट घरपरिवारमा दुग्धजन्य पदार्थ र मल प्राप्त भई भएको फाइदाका बारेमा जानकारी दिने । व्यबसायिक रुपमा पालनगर्दा दुध, दही घिउ्‌ बिक्रीबाट हुने आम्दानी र त्यसले परिवारमा पुऱ्याउने सहयोगका बारेमा जानकारी दिने ।<br>• विद्यार्थीलाई परिबारका सदस्यको गरेको भैसी तथा गाईपालनमा गर्न सक्ने सहयोगका बारेमा जानकारी दिने<br>• विद्यार्थीलाई व्यवसायिक रुपमा गाई तथा भैसीपालन | • परिवारका सदस्यले गर्ने गाई तथा भैसीपालन पेसाका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाएर<br>• गाई तथा भैसीपालन भएका क्षेत्रको अवलोकन गर्दा देखेका नयाँ कुरा भन्न लगाएर | ६ |

| | | | | |
|---|---|---|---|---|
| | | भइरहेका क्षेत्रहरुको अवलोकन गर्न लगाउने ।<br>• गाई तथा भैंसीपालन व्यवसायबाट पुगेको फाइदा तथा गर्ने तरिकाका बारेमा अनुभवी पशुपालकहरुलाई कक्षामा आमन्त्रण गरी विद्यार्थीमाझ उनीहरुका अनुभवहरु बाड्ने अवसर प्रदान गर्ने । | | |
| | • स्थानीय जातका बाख्रा/कुखुरा/बंगुर पालन | • शिक्षकले घोराही उपमहानगरपालिकाका मानिसले गर्ने पेसा स्थानीय जातका बाख्रा/कुखुरा/बंगुर पालनका बारेमा खोजी गरी चार्ट पेपरमा तयार गरेको सामग्रीका साथै स्थानीय जातका बाख्रा/कुखुरा/बंगुर पालन व्यवसायका बारेमा जानकारी मुलक श्रव्यदृश्य सामग्री देखाउने ।<br>• विद्यार्थीहरुलाई आफ्नो घरका सदस्यले गर्ने स्थानीय जातका बाख्रा/कुखुरा/बंगुरपालन पेसाका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• स्थानीय जातका बाख्रा/कुखुरा/बंगुरपालन पेसाबाट घरपरिवारमा भएको फाइदाका बारेमा जानकारी दिने ।<br>• व्यबसायिक रुपमा पालनगर्दा दुध, दही घिउँ बिक्रीबाट हुने आम्दानी र त्यसले परिवारमा पुऱ्याउने सहयोगका बारेमा जानकारी दिने ।<br>• विद्यार्थीलाई परिवारका सदस्यको गरेको स्थानीय जातका बाख्रा/कुखुरा/बंगुरपालनमा गर्न सक्ने सहयोगका बारेमा जानकारी दिने<br>• विद्यार्थीलाई व्यवसायिक रुपमा स्थानीय जातका बाख्रा/कुखुरा/बंगुरपालन भइरहेका क्षेत्रहरुको अवलोकन गर्न लगाउने ।<br>• स्थानीय जातका बाख्रा/कुखुरा/बंगुरपालन व्यवसायबाट पुगेको फाइदा तथा गर्ने तरिकाका बारेमा अनुभवी पशुपालकहरुलाई कक्षामा आमन्त्रण गरी विद्यार्थीमाझ उनीहरुका अनुभवहरु बाड्ने अवसर प्रदान गर्ने । | • परिवारका सदस्यले गर्ने स्थानीय जातका बाख्रा/<br>• कुखुरा/बंगुर पालन पेसाका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाएर<br>• स्थानीय जातका बाख्रा/कुखुरा/बंगुर पालन भएका क्षेत्रको अवलोकन गर्दा देखेका नयाँ कुरा भन्न लगाएर | ७ |
| | • स्थानीय जातको मौरी पालन<br>• माछा पालन | • शिक्षकले घोराही उपमहानगरपालिकाका मानिसले गर्ने पेसा स्थानीय जातका मौरीपालन तथा माछा पालनका बारेमा खोजी गरी चार्ट पेपरमा तयार गरेको सामग्रीका साथै जानकारीमुलक श्रव्यदृश्य सामग्री देखाउने ।<br>• विद्यार्थीहरुलाई आफ्नो घरका सदस्यले गर्ने स्थानीय जातका मौरी तथा माछा पालन पेसाका बारेमा आफुलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• स्थानीय जातका मौरी तथा माछापालन पेसाबाट घरपरिवारमा भएको फाइदाका बारेमा जानकारी दिने ।<br>• व्यबसायिक रुपमा पालन गर्दा हुने आम्दानी र त्यसले परिबारमा पुऱ्याउने सहयोगका बारेमा जानकारी दिने ।<br>• विद्यार्थीलाई परिबारका सदस्यको गरेको स्थानीय जातका मौरीपालन तथा माछा पालनमा गर्न सक्ने सहयोगका बारेमा जानकारी दिने<br>• विद्यार्थीलाई व्यबसायिक रुपमा स्थानीय जातका मौरी पालन तथा माछा पालन भइरहेका क्षेत्रहरुको अबलोकन गर्न लगाउने । | • परिवारका सदस्यले गर्ने स्थानीय जातका मौरी तथा माछा पालन पेसाका बारेमा आफुलाई थाहा भएको कुरा भन्न लगाएर<br>• स्थानीय जातका मौरी तथा माछा पालन भएका क्षेत्रको अबलोकन गर्दा देखेका नयाँ कुरा भन्न लगाएर | ७ |

| | | | | |
|---|---|---|---|---|
| | | • स्थानीय जातका मौरी तथा माछापालन व्यबसायबाट पुगेको फाइदा तथा गर्ने तरिकाका बारेमा अनुभवी कुनै एक मौरी तथा माछापालनलाई कक्षामा आमन्त्रण गरी विद्यार्थीमाझ उनीहरुका अनुभवहरु बाड्ने अवसर प्रदान गर्ने । | | |
| | पशुपालनमा घोराही उपमहानगरले गरेका प्रोत्साहन मुलक कामहरु | • पशुपालन व्यवसायमा प्रोत्साहन गर्नका लागि घोराही उपमहानगरपालिकाले गरेका कामहरुबारे शिक्षकले खोजी गरि चार्ट पेपरमा तयार गरेको सामग्री तथा जानकारी मुलक श्रव्यदृश्य सामग्री देखाउने ।<br>• विद्यार्थीलाई घोराही उपमहानगरपालिकाले पशुपालन पेसामा कृषकलाई प्रोत्साहन गर्ने गरी गरेका कामहरुबारे जानकारी भए भन्न लगाउने ।<br>• पशुपालनमा घोराही उपमहानगरले कृषकलाई प्रोत्साहन गरेका स्थानहरुको अवलोकन गराउने । के कसरी के कस्ता काममा प्रोत्साहनमा सहयोग गरेको छ बताउने ।<br>• घोराही उपमहानगरपालिकाको पशुशाखा प्रमुखलाई कक्षाकोठामा आमन्त्रण गरी घोराहीले गरेका काम भन्न लगाउने ।<br>• विद्यार्थीलाई घोराही उपमहानगरपालिकामा गएको बेला पशु शाखामा पसेर शाखा प्रमुखसँग भेटघाट गरी पशुपालन पेसामा घोराही उपमहानगरले गरेका काम सोधर ल्याउन लगाउने । | • विद्यार्थीलाई घोराही उपमहानगरले पशुपालन व्यवसाय प्रोत्साहन गर्न गरेका कामबारे थाहा भएको कुरा भन्न लगाएर<br>• पशुपालन व्यवसाय भएका क्षेत्रका `अवलोकन गर्दा थाहा पाएको नयाँ कुरा भन्न लगाएर | |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन प्रक्रिया** | **कार्य घन्टा** |
| मूल्य शिक्षा, जीवनोपयोगी सीप, उद्घोषण कला, व्यवहारिक लेखन तथा स्थानीय खेलहरु<br>२० | . निर्णय सीप | • शिक्षकले निर्णय सीपका बारेमा आफूले खोजी गरी तयार चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री देखाउने सुनाउने ।<br>• विद्यार्थीलाई निर्णय सीपका बारेमा आफुले थाहा पाएको कुरा भन्न लगाउने ।<br>• विद्यार्थीहरुलाई कक्षामा कुनै समस्या सिर्जना गरी कसरी समाधान दिने होला भनी घटना अध्ययनबाट निर्णय दिने अभ्यासमा सरिक गराउने ।<br>• निर्णय दिदा दुवै पक्षको कुरा सुन्ने तथा उनीहरुबाटै समाधान के हुन सक्छ भनी दुवैको जीतको स्थितिमा निर्णय दिने प्रयत्न गर्ने तरिका बताउने ।<br>• कक्षामा होस वा घरमा हुने छलफलमा सरिक भइ आफ्नो विचार दिदा निर्णय क्षमतामा विकास हुने कुरा बताउने ।<br>• निर्णय सीपले आत्मनिर्भरता बढाउने तथा कुशल व्यक्तित्वको चिनारी बन्ने कुरा बताउने | • निर्णय दिदा कुन कुरामा ख्याल गर्ने भन्ने सोधेर<br>• निर्णण सीपले कुन कुन कुरामा फाइदा पुऱ्याउछ भन्न लगाएर | ५ |
| | . सकारात्मक सोचाई | • शिक्षकले सकारात्मक सोचका बारेमा खोजेर चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री देखाउने/सुनाउने ।<br>• विद्यार्थीलाई सकारात्मक सोचाई भनेको के होला यसले के फाइदा गर्छ भन्न लगाउने ।<br>• सकारात्मक सोचले ठुला ठुला समस्या हल भएका घटना | • सकारात्मक सोच भनेको के हो भन्न लगाएर<br>• सकारात्मक सोचले हुने फाइदाका बारेमा भन्न | ५ |

| | | | | |
|---|---|---|---|---|
| | | अध्ययनहरुका बारेमा जानकारी दिने ।<br>• सकारात्मक सोचका अभियन्ताहरुलाई कक्षामा आमन्त्रण गरी उनीहरुका अनुभव तथा भनाईहरु सुन्ने व्यबस्था गर्ने ।<br>• सकारात्मक सोचले जीवन परिवर्तनमा सघाउ पुगेका उदाहरणहरु प्रस्तुत गर्ने । | लगाएर | |
| | सिर्जनात्मक सोचाई | शिक्षकले सिर्जनात्मक<br>• सोचाईका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री देखाउने सुनाउने ।<br>विद्यार्थीलाई सिर्जनात्मक<br>• सोचाईका बारेमा थाहा भएको कुरा भन्न लगाउने<br>विद्यार्थीहरुलाई सिर्जनात्मक<br>• सोचाई जीवन उपयोगी सीप भएको कुरा बताउने ।<br>कुनै एक सामाजिक सवालमा सिर्जनात्मक<br>• सोचाई राखी अघि बढ्ने घटना अभ्यासमा विद्यार्थीलाई सहभागी बनाउने ।<br>सिर्जनात्मक<br>सोचाई राख्ने तरिकाका जानकारलाई कक्षामा आमन्त्रण गरी<br>सिर्जनात्मक<br>• सोचाई कसरी बजाउने टिप्सहरु प्राप्त गर्ने । | सिर्जनात्मक<br>• सोचाईका बारेमा थाहा भएको कुरा भन्न लगाएर<br>सिर्जनात्मक<br>• सोचाई घटना अभ्यासमा सहभागी भएको अवलोकन गरेर | ४ |
| | . भपाई लेखन ढाँचा/तरिका | • शिक्षकले दैनिक जीवनयापनमा आवश्यक पर्ने लेनदेनको भपाईका बारेमा जानकारी दिने ।<br>• शिक्षकले भर्पाइका बारेमा खोजी गरी चार्टमा तयार गरेको भपाई लेखन तरिका तथा श्रव्यदृश्य सामग्री देखाउने सुनाउने<br>• विद्यार्थीलाई भपाईबारे आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• भपाई लेखन ढाँचाका आधारभूत तत्वहरुबारे बताउने ।<br>• भपाई लेखनको ढाँचामा कक्षामा सरल भपाई लेखन अभ्यास गर्ने ।<br>• भपाई लेखन प्रमाणले भविष्यमा हुने फाइदाका बारेमा बताउने | • विद्यार्थीलाई भपाईका आधारभूत तत्वका बारेमा भन्न लगाएर<br>• भपाई लेखन अभ्यासमा सरिक भएको अवलोकन गरेर | ६ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन प्रक्रिया** | **कार्य घन्टा** |
| विपत व्यबस्थापन, फोहोर व्यवस्थापन र हरित विद्यालय १३ | . बाढी तथा पहिरोबाट जोगिन गरिने कृत्रिम घटना अभ्यास | • शिक्षकले बाढी तथा पहिरोबाट जोगिन गरिने कृत्रिम घटना अभ्यासका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री देखाउने सुनाउने<br>• बाढीबाट जोगिन गरिने कृत्रिम घटना अभ्यासमा सरिक हुन आवश्यक पर्ने कुराका बारेमा जानकारी दिने ।<br>• पहिरोबाट जोगिन गरिने कृत्रिम घटना अभ्यासका सरिक हुन आवश्यक पर्ने कुराका बारेमा जानकार दिने ।<br>• बाढीबाट जोगिन गरिने कृत्रिम घटना अभ्यासमा सरिक हुने<br>• पहिरोबाट जोगिन गरिने कृत्रिम घटना अभ्यासमा सरिक हुने<br>• कृत्रिम घटना अभ्यासले अप्ठेरोमा पर्दा विपतबाट जोगिन मद्यत मिल्ने कुराको जानकारी दिने । | बाढी तथा पहिरोबाट जोगिन गरिने कृत्रिम घटना अभ्यासका बारेमा थाहा भएको कुरा भन्न लगाएर | ४ |
| | . विपतबाट जोगिन | • शिक्षकले विपतबाट जोगिन समुदायले खेल्नुपर्नेका बारेमा भूमिका खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा | • विद्यार्थीलाई घर तथा विद्यालयमा | ३ |

| | | | | |
|---|---|---|---|---|
| | समुदायले खेल्नुपर्ने भूमिका | श्रव्यदृश्य सामग्री देखाउने सुनाउने ।<br>• शिक्षकले घर तथा विद्यालयमा हुने सम्भावित विपतका घटनाबाट जोगिन समुदायले खेल्नुपर्ने भूमिकाका बारेमा बताउने ।<br>• विद्यार्थीलाई विपतबाट जोगिन जोगाउन समुदायले खेल्नुपर्ने भूमिकाका बारेमा विद्यार्थीलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• विपतबाट जोगिन समुदायस्तरमा भएका राम्रा असल अभ्यासका घटनाहरु प्रस्तुत गर्ने । | हुने सम्भावित विपतबाट जोगिन समुदायले खेल्नुपर्ने भूमिकाका बारेमा विद्यार्थीलाई थाहा भएको कुरा भन्न लगाएर | |
| | • खेरजाने फोहोरबाट सजावट सामग्रीको निर्माण<br>• फोहोरबाट मोहर | • शिक्षकले फोहोरलाई गल्ने र नगल्ने भनि छुट्टाएर बिक्री वितरण गरी आम्दानी गर्ने तरिका बताउने ।<br>• फोहोरको रुपमा फ्याकिएका प्लाष्टिकका बोत्तल, वियरका बोत्तल र  चक्लेटका कागज आदिबाट गेट सजावट, बगैचा निर्माण, माला निर्माण गर्ने आदि तरिका बताइदिने ।<br>• फ्याकिएका फोहोर वस्तुहरुबाट निर्माण गरिएका गेट, बगैचा, माला, खेलौना आदि सामानहरुको फोटो तथा चित्र प्रदर्शन गर्ने ।<br>• घोराही उपमहानगरपालिकाको हकमा स्यानीटरी ल्याण्डफिल साइडमा गल्ने फोहोरबाट ग्यास प्लान्ट निर्माण भएको कुरा विद्यार्थीलाई अवलोकन गराई देखाउने । | • विद्यार्थीले घर तथा विद्यालयमा खेर गएको फोहोरलाई प्रयोग गरी बनाएका वस्तुको अवलोकन गरेर | ३ |
| | • घर तथा विद्यालयबाट खेर जाने पानीलाई बगैचामा उपयोग<br>• फूल बगैचाको हेरचाह | • शिक्षकले घर तथा बिद्यालयमा प्रयोग भई खेर जाने पानीलाई पाईप वा कुलोको माध्यमबाट सिधै या खाडलमा जम्मा गरी विद्यालयमा निर्माण गरिएको हरित बगैचामा रहेका फूल तथा फलफूलमा सिचाई गर्ने तरिका सिकाउने ।<br>• विद्यार्थीलाई खाली घण्टी तथा मध्यान्हको समयमा प्रयोग भई खेर जाने पानीलाई हरित बगैचामा प्रयोग गर्ने तरिकाको अभ्यास गराउने<br>• शिक्षकले काम अराउने विधिभन्दा आफूले गरेर देखाई स्वत अनुशरण गनेतर्फ अग्रसर बनाउने<br>• विद्यालयको हरित बगैचामा रहेका फूलको हेरचाह, गोडमेल र सिचाईका लागि विद्यार्थीलाई स्वत सहभागी हुने वातावरण सिर्जना गर्ने । | • विद्यार्थीले खेर गएको पानी प्रयोग गरे नगरेको अवलोकन गरेर<br>• विद्यार्थीलाई हरित बगैचामा भएका फूलको हेरचाहमा लागे नलागेको अवलोकन गरेर | ३ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन प्रक्रिया** | **कार्य घन्टा** |
| सामाजिक कार्य, संघसंस्था र अनुकरणीय व्यक्तित्व १२ | • पद्मोदय स्कुल | • शिक्षकले घोराहीको सबैभन्दा पहिला स्थापना भएको पद्मोदय स्कुलका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री देखाउने सुनाउने ।<br>• विद्यार्थीलाई पद्मोदय स्कुलका बारेमा थाहा पाएको कुरा भन्न लगाउने ।<br>• पद्मोदय स्कुल स्थापनाले दाङको शैक्षिक विकासमा पुगेको योगदान तथा भएको प्रगतिका बारेमा जानकारी दिने ।<br>• पद्मोदय स्कुल स्थापनामा भएका प्रयासका बारेमा त्यसबेलाको इतिहास बताउन सक्ने जेष्ठ नागरिकलाई कक्षामा आमन्त्रण गरी उहाँका अनुभव सुन्ने व्यवस्था मिलाउने । | • विद्यार्थीलाई पद्मोदय स्कुलका बारेमा आफूले थाहा पाएको कुरा भन्न लगाएर<br>• घरका जेष्ठ नागरिकले आफ्ना पालामा पढ्दाका अनुभव सोधी भन्न लगाएर | २ |

| | | | | |
|---|---|---|---|---|
| | | • विद्यार्थीलाई घरका जेष्ठ सदस्यलाई सोधेर उहाँहरुले कहाँ पढ्नु भएको ? कसरी पढ्नु भएको भन्ने जस्ता कुराको जानकारी प्राप्त गर्ने तरिका बताउने । | | |
| | • महेन्द्र बहुमुखी क्याम्पस | • शिक्षकले दाङमा सबैभन्दा पहिला वि.सं २०१६ सालमा स्थापना भएको प्रविणता प्रमाण पत्र तह(आइए)को पढाई हुने महेन्द्र बहुमुखी क्याम्पसका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री देखाउने सुनाउने ।<br>• विद्यार्थीलाई महेन्द्र बहुमुखी क्याम्पसका बारेमा आफूले थाहा पाएको कुरा भन्न लगाउने ।<br>• महेन्द्र बहुमुखी क्याम्पस स्थापनाले दाङकका साथै राप्ती अञ्चलको शैक्षिक विकासमा पुगेको योगदान तथा भएको प्रगतिका बारेमा जानकारी दिने ।<br>• महेन्द्र बहुमुखी क्याम्पस स्थापनामा भएका प्रयासका बारेमा त्यसबेलाको इतिहास बताउन सक्ने जेष्ठ नागरिकलाई कक्षामा आमन्त्रण गरी उहाँका अनुभव सुन्ने व्यवस्था मिलाउने ।<br>• विद्यार्थीलाई घरका जेष्ठ सदस्यलाई सोधेर उहाँहरुले कहाँ पढ्नु भएको ? कसरी पढ्नु भएको भन्ने जस्ता कुराको जानकारी प्राप्त गर्ने तरिका बताउने । | • विद्यार्थीलाई महेन्द्र बहुमुखी क्याम्पसका बारेमा आफूले थाहा पाएको कुरा भन्न लगाएर<br>• घरका जेष्ठ नागरिकले आफ्ना पालामा पढ्दाका अनुभव सोधी भन्न लगाएर | २ |
| | • कृष्णसेन इच्छुक बहु प्राविधिक शिक्षालय | • शिक्षकले घोराहीको सबैभन्दा पहिला सरकारी तवरबाट स्थापना भएको प्राविधिक धार तर्फको कृष्णसेन इच्छुक बहुप्राविधिक शिक्षालयका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री देखाउने सुनाउने ।<br>• विद्यार्थीलाई कृष्णसेन इच्छुक बहुप्राविधिक शिक्षालयका बारेमा थाहा पाएको कुरा भन्न लगाउने ।<br>• कृष्णसेन इच्छुक बहुप्राविधिक शिक्षालय स्थापनाले दाङको शैक्षिक विकासमा पुगेको योगदान तथा भएको प्रगतिका बारेमा जानकारी दिने ।<br>• कृष्णसेन इच्छुक बहुप्राविधिक शिक्षालय स्थापनामा भएका प्रयासका बारेमा त्यसबेलाको जानकार तत्कालिन शिक्षा मन्त्रीका सल्लाहकार, जीवन गौतम, तत्कालिन नगरप्रमुख नरुलाल चौधरी, शिक्षालयका प्रथम प्रमुख प्रधानाध्यापक यादव सुवेदी ...आदि जानकार व्यक्तिलाई कक्षामा आमन्त्रण गरी उहाँका प्राविधिक धार तर्फको शिक्षालय स्थापनाका अनुभव सुन्ने । | • विद्यार्थीलाई कृष्णसेन इच्छुक बहुप्राविधिक शिक्षालयका बारेमा आफूले थाहा पाएको कुरा भन्न लगाएर<br>• घरका जेष्ठ नागरिकले आफ्ना पालामा पढ्दाका अनुभव सोधी भन्न लगाएर | २ |
| | • उपमहानगर पालिकामा रहेका शैक्षिक संस्थाहरु | • शिक्षकले घोराहीमा रहेका शैक्षिक संस्थाहरु -क्याम्पसहरु, उच्च शिक्षा प्रदायक संस्थाहरु, इञ्जीनियरिङ क्याम्पस, स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सञ्चालित शैक्षिक कार्यक्रम, सामुदायिक तथा प्राइभेट क्याम्पसहरु, पुराना माध्यमिक विद्यालयहरु आदिको बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा अन्य श्रव्यदृश्य सामग्री देखाउने सुनाउने ।<br>• विद्यार्थीहरुलाई घोराहीमा रहेका शैक्षिक संस्थाहरुका बारेमा | • विद्यार्थीलाई घोराही उपमहानगरका पुराना शैक्षिक संस्थाहरुका नाम भन्न लगाएर<br>• | ३ |

| | | | | |
|---|---|---|---|---|
| | | आफूले थाहा पाएका कुराहरु भन्न लगाउने ।<br>• घोराहीमा रहेका पुराना शैक्षिक संस्थाहरु मध्ये कुनै एक शैक्षिक संस्थाको अवलोकन गराउने ।<br>• शैक्षिक संस्था स्थापनामा लाग्ने समुदायका अग्रजहरुलाई भेटेर वा कक्षामा आमन्त्रण गरी उहाँका अनुभवहरु सुन्ने । | | |
| | • घोराहीमा/ आफ्नो वडामा पहिलो शैक्षिक संस्था स्थापनामा भूमिका खेल्ने शैक्षिक व्यक्तित्वहरु | • शिक्षकले दाङको घोराहीमा तथा आफ्नो वडामा पहिलो शैक्षिक संस्था स्थापनामा भूमिका खेल्ने व्यक्तिहरुको नाम तथा योगदानका बारेमा खोजी गरी चार्टमा तयार गरी तथा श्रव्यदृश्य सामग्री देखाउने सुनाउने ।<br>• विद्यार्थीहरुलाई आफ्नो वडा तथा उपमहानगरपालिकामा रहेको पहिलो ठुलो शैक्षिक संस्था स्थापनामा भूमिका खेल्नेहरुको नाम र योगदानबारे आफुलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• विद्यार्थीलाई आफ्ना अभिभावकलाई सोधी घोराहीका पुराना शैक्षिक संस्था स्थापनामा भूमिका खेल्नेको नाम र योगदान थाहा पाई विद्यालयमा आई भन्न लगाउने ।<br>• विद्यार्थीलाई समुदायका जेष्ठ नागरिकलाई भेटेर त्यसबेला शैक्षिक स्थापना गर्न गाह्रो सजिलो के हुन्थ्यो ? जेष्ठ नागरिकले भनेको कुरा कक्षाका साथीहरुलाई सुनाउने । | • विद्यार्थीलाई आफ्नो वडा तथा उपमहानगरमा पुराना शैक्षिक संस्था स्थापनामा भूमिका खेल्ने व्यक्तिको नाम भन्न लगाएर | ३ |

**विषयवस्तुको क्षेत्रक्रम, सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप र मूल्याङ्कन विधि तथा प्रक्रिया कक्षा ८**

| क्षेत्र/थिम | मुख्य विषयवस्तु | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|
| **घोराही उपमहानगर पालिकाको परिचय २८** | • शिक्षा युवा तथा खेलकुद शाखाले दिने सेवा | • शिक्षकले शिक्षा युवा तथा खेलकुद शाखाले दिने सेवाका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस सुनाउनुहोस ।<br>• शिक्षकले विद्यार्थीहरुलाई शिक्षा युवा तथा खेलकुद शाखाले दिने सेवाका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• घोराहीको उपमहानगरमा रहेका शिक्षा युवा तथा खेलकुद शाखाको अवलोकन गरी शाखा प्रमुखबाट शाखाले प्रदान गर्ने सेवाका बारेमा जानकारी लिने । | • विद्यार्थीलाई शिक्षा युवा तथा खेलकुद शाखाले दिने कुनै दुई सेवाका बारेमा भन्न लगाएर ।<br>• विद्यार्थीलाई शाखा अवलोकन गर्दा पाएको कुरा भन्न लगाएर । | ६ |
| | • न्यायिक समिति र यसले दिने सेवा | • शिक्षकले घोराही उपमहानगरपालिकाको न्यायिक समिति र यसले दिने सेवाका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई न्यायिक समिति र यसले दिने सेवाका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने विद्यार्थीलाई घोराही उपमहानगरमा रहेको न्यायिक समितिको कार्यालयको अवलोकन गर्न लगाई उपप्रमुखलाई भेटेर न्यायिक समितिले गर्ने काम तथा सेवा दिने प्रक्रिया बारेमा जानकारी लिने । | • विद्यार्थीलाई न्यायिक समितिले गर्ने कुनै दुई काम भन्न लगाएर<br>• न्यायिक समितिको कार्यालय अवलोकन गर्दा थाहा पाएको कुनै एक कुरा भन्न लगाएर | ६ |

| | | | | |
|---|---|---|---|---|
| | उपमहानगर पालिकाको आर्थिक स्रोत | • शिक्षकले घोराही उपमहानगरपालिकाको आर्थिक स्रोतका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई उपमहानगरपालिकाको आर्थिक स्रोत बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने<br>• उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा राजश्व तथा कर प्रशासन शाखाको अवलोकन गरी शाखा प्रमुखलाई भेटेर उपमहानगरपालिकाको आर्थिक स्रोतहरुका बारेमा जानकारी लिने । | • विद्यार्थीलाई उपमहानगरको आर्थिक स्रोतका बारेमा बताउन लगाएर<br>• उपमहानगरपालिकाको अवलोकन गर्दा पाएका कुनै एक नयाँ कुरा भन्न लगाएर | ५ |
| | • दाङका स्थानीय तहहरु | • शिक्षकले दाङको स्थानीय तहहरुका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस सुनाउनुहोस ।<br>• शिक्षकले विद्यार्थीहरुलाई दाङका स्थानीय तहहरुका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने<br>• जिल्ला समन्वय समितिको अवलोकन गरी समन्वय अधिकारी वा समन्वय समिति प्रमुखलाई भेटेर दाङका स्थानीय तहहरुको बारेमा जानकारी दिने<br>• विद्यालय प्रशासनको सहयोगले समन्वय अधिकारी वा समन्वय समिति प्रमुखलाई कक्षामा आमन्त्रण गरी दाङका स्थानीय तहका बारेमा उहाँका अनुभव तथा भनाई सुन्ने अवसर मिलाउने । | • विद्यार्थीलाई दाङका स्थानीय तहका बारेमा थाहा भएका कुनै तीन कुरा भन्न लगाएर<br>• जिल्ला समन्वय समितिको अवलोकन गरी समन्वय अधिकारीलाई भेटेपछि थाहा पाएको थप कुनै एक कुरा भन्न लगाएर | ५ |
| | • दाङ जिल्लाको सामान्य परिचय | • शिक्षकले दाङ जिल्लाका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई दाङ जिल्लाका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• दाङ जिल्लाको बारेमा जानकारी राख्ने संस्कृतिका जानकार, इतिहासकार वा पत्रकारलाई भेटेर दाङ जिल्लाका परिचयका बारेमा जानकारी लिने ।<br>• जिल्लाको परिचयका सन्दर्भमा सामान्य प्रशासन तथा संघीय मामिला मन्त्रालयको वेभसाइड , सूचना तथा प्रसारण विभागको बेभसाइड, जिल्ला समन्वय समिति दाङको वेभसाइड आदि हेरेर जानकारी दिन लगाउने | • विद्यार्थीलाई दाङ जिल्लाका बारेमा थाहा पाएको कुनै दुई कुरा भन्न लगाएर ।<br>• दाङको बारेमा थाहा पाएको जानकारी दिन सक्ने व्यक्तित्वलाई भेटेपछि थाहा पाएको थप एक कुरा भन्न लगाएर । | ४ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| **घोराहीका सम्पदाहरु धार्मिक/ पर्यटकीय १५** | • पाण्डवेश्वरी धाम | • शिक्षकले पाण्डवेश्वरी धाम (मन्दिर) धारापानी का बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई धारापानीमा रहेका पाण्डवेश्वरी धाम (मन्दिर) का बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• विद्यार्थीलाई धारपानी धामको अवलोकन गरी त्यहाँको मन्दिर व्यवस्थापन समितिका पदाधिकारी वा मूल | • विद्यार्थीलाई मन्दिरका बारेमा थाहा पाएका कुनै दुई कुरा भन्न लगाएर<br>• मन्दिरको अवलोकन गरी वा वेभसाईड वा कुनै पुस्तक पढेर थाहा पाएको थप एक कुरा भन्न लगाउने | ३ |

| | | | | |
|---|---|---|---|---|
| | | पुजारीलाई भेट गरी धाम तथा मन्दिरका बारेमा जानकारी लिन लगाउने<br>• मन्दिरको बारेमा ब्रोसर, पुस्तक आदि अध्ययन गर्न लगाउने तथा वेभसाइडमा राखिएका कुरा अध्ययन गर्न लगाउने । | | |
| | गोरक्षरत्ननाथ मठ चौघेरो | • शिक्षकले गोरक्ष रत्ननाथ मठ चौधेराका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस सुनाउनुहोस ।<br>• शिक्षकले विद्यार्थीहरुलाई घोराही १७ चौधेरामा रहेका गोरक्ष रत्ननाथ मठका बारेमा आफुलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• विद्यार्थीलाई चौघेरा मठको स्थलगत अबलोकन गरी त्यहाँका मठाधिस वा मठ व्यबस्थापन समितिका पदाधिकारीलाई भेटेर मठको ऐतिहासिक पक्ष, मठका बारेमा रहेका विश्वास आदी शन्दर्भका बारेमा जाकारी लिन लगाउने । | • विद्यार्थीलाई चौधेरा मठको बारेमा थाहा पाएका कुनै एक कुरा भन्न लगाएर<br>• चौधेरा मठको स्थलगत अबलोकन गरेपछि थाहा पाएको थप कुरा भन्न लगाएर | ३ |
| | • अम्बिकेश्वरी मन्दिर | • शिक्षकले घोराही १८ मा रहेको अम्बिकेश्वरी मन्दिरको ऐतिहासिक परिचयका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई घोराही १८ नवलपुरमा रहेको अम्बिकेश्वरी मन्दिरका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• विद्यार्थीलाई घोराही १८ मा रहेको अम्बिकेश्वरी मन्दिरको अवलोकन गर्न लगाई मन्दिर व्यवस्थापन समितिका पदाधिकारी वा मन्दिरका पुजारीलाई भेटी कुराकानी गरेर मन्दिरको ऐतिहासिक पक्ष, धार्मिक विश्वास आदि कुराका बारेमा जानकारी लिन लगाउने । | • विद्यार्थीलाई अम्बिकेश्वरी मन्दिरका बारेमा थाहा पाएको कुनै २ कुरा भन्न लगाएर<br>• विद्यार्थीलाई अम्बिकेश्वरी मन्दिरका पदाधिकारीलाई भेटेपछि थाहा पाएको नयाँ कुरा भन्न लगाएर | ३ |
| | • घोराहीका कोटहरु | • शिक्षकले घोराही उपमहानगरपालिकामा रहेका कोटहरुको बारेमा खोजी गरी चार्टमा तयार गरेका शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई घोराहीमा रहेका सवारी कोट, माराकोट, मौलाकोट सुनकोट आदिका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• विद्यार्थीलाई आफूलाई पायक पर्ने घोराहीका कुनै एक कोटको अवलोकन गरी कोट आसपासका जेष्ठ नागरिकलाई भेटेर कोटको ऐतिहासिक महत्व, कोटका बारेमा भनिदै आएका पौराणिक भनाई आदिका बारेमा जानकारी लिन लगाउने । | • विद्यार्थीलाई घोराहीमा रहेका कोटहरुको बारेमा भन्न लगाएर<br>• विद्यार्थीलाई कुनै एक कोटको अवलोकन गर्न लगाई थाहा पाएको नयाँ कुरा भन्न लगाएर । | ६ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| **घोराहीका** | • झारा | • शिक्षकले हाम्रो गाउँघरमा सामाजिक काममा प्रचलनमा | • विद्यार्थीलाई झाराका | ५ |

| | | | | |
|---|---|---|---|---|
| **परम्परा र संस्कृतिहरु २५** | | रहेको निशुल्क श्रमदान गरी कुलो निर्माण गर्ने जस्ता झारा प्रथाका खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई सामाजिक कार्य मानिने झाराका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• विद्यार्थीहरुलाई गाउँघरमा सार्वजनिक धारा, इनार वा बाटो सरसफाई अभियानमा एक घर एक सदस्यले घरबाट सरसफाई औजार दिई सरिक हुने अभ्यास गर्ने ।<br>• सार्वजनिक कामहरु झारा मार्फत् गर्दा समाजलाई हुने फाइदाका बारेमा छलफल गर्ने । | बारेमा थाहा पाएको कुरा भन्न लगार<br>• विद्यार्थीलाई झारा अभियानमा सरिक भएको अवलोकन गरेर । | |
| | • पर्म/बाउरे | • शिक्षकले घोराहीका बस्तीहरुमा प्रचलनमा रहेको पर्म (बाउरे) प्रथाका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई पर्म (बाउरे) प्रथाका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• विद्यार्थीलाई आफ्नो घर छिमेकमा गर्ने काममा छिमेकी साथीको घरमा पर्ने काममा आफू पर्म गएर तथा आफ्नो घरमा पर्ने काममा साथीलाई बोलाएर श्रमको आदान प्रदान गर्ने अभ्यास गर्न लगाउने ।<br>• विद्यार्थीहरुका बिच पर्मको अभ्यास गर्दाका भोगाईहरु तथा यस्ले घर छिमेकमा पार्ने प्रभावका बारेमा छलफल चलाउने । | • विद्यार्थीलाई पर्मका बारेमा भन्न लगाएर<br>• पर्मको अभ्यास गर्न लगाएर<br>• पर्म गरेको अवलोकन गरेर | ५ |
| | • पैंचो | • शिक्षकले हाम्रो गाउँघरमा प्रचलनमा रहेको पैचो ( ऐँचोपैँचा) चलनका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई पैँचो प्रथाका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• घर छिमेकमा अन्न, खाद्यबाली, भाडाकुडा सकिएको बेला अथवा पाहुना आएको बेला घरमा नभएको कुरा छिमेकबाट ल्याई काम चलाउने अभ्यास (पैचो) लिने दिने कार्यको अभ्यास गर्न लगाउने ।<br>• पैचो लेनदेनले हुने फाइदा तथा सजिले अप्ठ्यारो बारेमा छलफल गर्ने । | • विद्यार्थीलाई पैँचोको बारेमा सोधेर<br>• विद्यार्थीलाई पैँचो लेनदेन प्रक्रियामा सहभागी हुदा हुने कुनै एक फाइदा बारे सोधेर । | ५ |
| | • अन्नले सामान साट्ने चलन | • शिक्षकले घोराहीका केही बस्ती तथा समुदायमा प्रचलनमा रहेको अन्नले सामान साट्ने सामाजिक चलन तथा कार्यका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई अन्नले सामान साट्ने चलनका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• पैसा नभएपनि अनाज प्रशस्त भएको अवस्थामा आपसी | • विद्यार्थीलाई अन्नले सामान साट्ने प्रचलन बारे थाहा भएको कुरा भन्न लगाएर<br>• विद्यार्थीलाई अन्नले सामान साट्ने अभ्यासमा सरिक हुँदाका अनुभव भन्न | ५ |

| | | | | |
|---|---|---|---|---|
| | | सहमतिमा एकले अनाज दिने र अर्कोले आफूलाई बढी भएको अनाज वा अरु कुनै सामान दिने परम्परागत प्रचलनको अभ्यास गर्न लगाउने ।<br>• अन्नले सामान साट्ने प्रचलनका राम्रा नराम्रा पक्षहरु केलाउने । | लगाएर । | |
| | • मर्दापर्दा दुःख गरिने सहयोग | • शिक्षकले मर्दापर्दा टोल छिमेक तथा आफन्तको दुःख गरिने सहयोगका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई मर्दापर्दा तथा दुःख गर्ने सहयोग प्रणालीका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• विद्यार्थीलाई गाउँघर तथा विद्यालयमा मर्दापर्दा हुने दुःख तथा कुनै सुखकै कार्यमा पनि एकले अर्कोलाई स्वतः सहयोग गर्ने परिपाटीको अभ्यासमा सहभागी बनाउने ।<br>• एक अर्कालाई सहयोग गर्दा वा नगर्दा हुने फाइदा तथा बेफाइदाका बारेमा एक आपसमा छलफल गर्ने । | • विद्यार्थीलाई गाउँघरमा मर्दापर्दा वा अन्य कुनै दुख बिरामी हुदा गरिने सहयोगका बारेमा भन्न लगाएर<br>• | ५ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| **पेसा, व्यवसाय र सीप**<br>**१५** | • खर मुज गुदबाट गुन्द्री, ढकिया बुनाइ सीप | • शिक्षकले खर, गुद तथा मुजबाट गुन्द्री, ढकिया, शिक्षा युवा तथा खेलकुद शाखाले दिने सेवाका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई खर गुद मुजबाट बनाइने गुन्द्री, ढकिया, बुनाई सीपका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• विद्यार्थीलाई खर गुद, मुज आदिबाट गुन्द्री तथा ढकिया बनाउने अभ्यास गर्न लगाउने । जानेकाबाट नजानेकाले बुन्ने अभ्यास गर्ने । खोला किनारमा खेर जाने गुदलाई प्रयोग गरी घरेलु प्रयोग तथा सजावटका सामग्री उत्पादन गरी आयआर्जनमा सहभागी हुने बाताबरण बनाउने । | • विद्यार्थीलाई गुदबाट हस्तकला सामान उत्पादन बारे थाहा भएको कुरा भन्न लगाएर ।<br>• हस्तकलाबाट ढकिया गुन्द्री आदि बनाई आयआर्जन गरेको अवलोकन गरेर । | ४ |
| | बाँसबाट डोको नाङ्लो थुन्से, मान्द्रो बुनाइ सीप | • शिक्षकले बाँसबाट डोको नाङलो, थुन्से मान्दो बुन्ने सीपका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई बाँसबाट बनाइने डोको नाङ्लो, थुन्से, मान्द्रो,छिट्वा, आदिका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• विद्यार्थीलाई बाँसको चोयाबाट डोको, नाङ्लो, थुन्से, मान्दो आदि बुनेका स्थानहरुको अवलोकन गर्न लगाई डोको बुन्ने, मान्द्रो  बनाउने अभ्यासमा सरिक गराउने । | • विद्यार्थीलाई बाँसको चोयाबाट डोको कसरी बनाइन्छ भन्न लगाएर<br>• विद्यार्थीलाई डोको नाङ्लो मान्द्रो बुन्ने आदि काममा सरिक हुँदाका फाइदा भन्न लगाएर । | ४ |
| | •अल्लो प्रशोधन तथा अल्लो | • शिक्षकले अल्लो प्रशोधन तथा अल्लो धागोबाट गरिने कपडा  उत्पादनका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री | • विद्यार्थीलाई अल्लो प्रशोधनका बारेमा भन्न लगाएर | ४ |

| | | | | |
|---|---|---|---|---|
| | धागोबाट<br>कपडा<br>उत्पादन | विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई अल्लो प्रशोधन तथा अल्लो धागोबाट कपडा उत्पादनका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• विद्यार्थीलाई अल्लो प्रशोधन स्थल तथा अल्लो धागोबाट कपडा उत्पादन गर्ने स्थानको अवलोकन गराई उद्योगका प्रबन्धकसँग कुराकानी गरेर अल्लो प्रशोधन तथा उत्पादन प्रक्रियामा सहभागी बनाउने । | • अल्लोबाट बनाइने कुनै दुई उत्पादनका नाम तथा तरिका भन्न लगाएर | |
| | • हस्तकला सामग्री उत्पादन तथा प्रबर्धनमा स्थानीय तहको भूमिका | • शिक्षकले हस्तकलाका सामग्रीको उत्पादन तथा प्रबर्धनमा स्थानीय तहको भूमिकाका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई हस्तकलाबाट सामग्री उत्पादन तथा प्रबर्धनमा स्थानीय तहको भूमिकाका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने | • विद्यार्थीलाई हस्तकला सामग्री उत्पादन तथा प्रबर्धनमा स्थानीय तहले खेल्नुपर्ने भूमिकाका बारे भन्न लगाएर<br>• स्थानीय तहले गर्ने सक्ने भूमिका बारे कुनै दुई उदाहरण भन्न लगाएर | ३ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| मूल्य शिक्षा, जीवनोपयोगी सीप, उद्घोषण कला, व्यवहारिक लेखन तथा स्थानीय खेलहरु<br>२० | . समस्याको पहिचान | • शिक्षकले समस्याको पहिचानका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई समस्याको पहिचानका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• विद्यार्थीलाई समाजमा हुने क्रियाकलापसँग सम्बन्धित कुनै विवादको घटनालाई अध्ययन गर्न लगाई समस्याको पहिचान खोज्ने अभ्यासमा संलग्न गराउने ।<br>• समस्याको पहिचानसँग सम्बन्धित दुवै पक्षका कुरा नियालेर सुन्ने लगायतका टिप्सहरुका बारेमा बताउने । | • विद्यार्थीलाई समस्या पहिचानका उपाय भन्न लगाएर<br>• विद्यार्थीलाई समस्या पहिचान प्रक्रियामा सहभागी भएको अवलोकन गरेर | ५ |
| | . समस्याको समाधान | • शिक्षकले समस्याको समाधानका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई समस्याको समाधानका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• विद्यार्थीलाई घटना अध्ययनका माध्यमबाट समस्याको समाधान प्रक्रियामा सहभागी बनाउने ।<br>• समस्या समाधानका केही टिप्स तथा क्लुका बारेमा जानकारी दिने । | • विद्यार्थीलाई समस्याको समाधानका बारेमा थाहा पाएको कुरा भन्न लगाएर<br>• समस्या समाधानका कुनै दुई टिप्स भन्न लगाएर । | ५ |
| | . लक्ष्य निर्धारण | • शिक्षकले लक्ष्य निर्धारणका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई लक्ष्य निर्धारणका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने । | • विद्यार्थीलाई लक्ष्य निर्धारणका कुनै दुई टिप्स भन्न लगाएर ।<br>• लक्ष निर्धारण घटना अभ्यासका | ४ |

| | | | | |
|---|---|---|---|---|
| | | • शिक्षकले लक्ष्य निर्धारण टिप्सहरु बताउने ।<br>• विद्यार्थीलाई लक्ष्य निर्धारण घटना अभ्यासमा सहभागी बनाउने । | क्रियाकलाप सम्झन लगाएर । | |
| | . माइन्युट लेख्ने ढाँचा /तरिका | • शिक्षकले माइन्युट लेखन तरिकाका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई माइन्युट लेखन ढाँचा तथा लेख्ने तरिकाका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने | • विद्यार्थीलाई माइन्युट लेखनका ढाँचा भन्न लगाएर ।<br>• माइन्युट लेखन अभ्यास गराएर । | ३ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| विपत व्यवस्थापन, फोहोर व्यबस्थपन र हरित विद्यालय १३ | . आगलागीबाट बच्ने कृत्रिम घटना अभ्यास | • शिक्षकले आगलागीबाट बच्न गरिने कृत्रिम घटना अभ्यासका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई आगलागीबाट बच्ने कृत्रिम अभ्यासका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने | • विद्यार्थीलाई आगलागीबाट बच्ने कुनै दुई तरिका भन्न लगाएर ।<br>• आगलागीका बेला सचेत हुन गरिने क्रियाकलापका केही अंश भन्न लगाएर । | ५ |
| | . विपतका बेलामा गरिने आकस्मिक प्राथमिक उपचार | • शिक्षकले विपतका बेलामा गरिने आकस्मिक प्राथमिक उपचारका बारेमा बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई विपतका बेलामा गरिने आकस्मिक प्राथमिक उपचारका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने | • विद्यार्थीलाई बिपतका बेला गरिने आकस्मिक उपचार कस्तो हुन्छ भन्ने उदाहरण भन्न लगाएर ।<br>• | ४ |
| | . फोहोर व्यवस्थापनका लागि विन तथा पिट कम्पोष्टिङ | • शिक्षकले फोहोर व्यवस्थापनका लागि विन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई फोहोर व्यवस्थापनका लागि विन तथा पिट कम्पोष्टिङका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने | • विद्यार्थीलाई बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङका बारेमा भन्न लगाएर । | ३ |
| | . फोहोर व्यवस्थापनमा स्थानीय तहको भूमिका | • शिक्षकले फोहोर व्यवस्थापनमा स्थानीय तहका भूमिकाका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई फोहोर व्यवस्थापनमा स्थानीय तहको भूमिकाका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने | • विद्यार्थीलाई फोहोर व्यबस्थापनमा स्थानीय तहले खेल्न सक्ने भुमिकाका बारेमा भन्न लगाएर ।<br>• बक्तृत्वकता प्रतियोगीता गराएर | ३ |

| | | | | |
|---|---|---|---|---|
| | . हरित बगैचामा उत्पादिन फूल तथा फलफूलको संकलन तथा बजारीकरण | • शिक्षकले विद्यालयको हरित बगैचामा उत्पादिन फूल तथा फलफूलको संकलन तथा बजारीकरण गरी आम्दानी गर्ने तरिकाका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई हरित बगैचामा उत्पादित फूल तथा फलफूल संकलन तथा बजारीकरणका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने | • हरित बगैचामा उत्पादित बस्तुहरुको सदुपयोगका लागि कसरी बजारीकरण गर्ने भन्ने कुरा भन्न लगाएरर | |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| सामाजिक कार्य, संघसंस्था र अनुकरणीय व्यक्तित्व १२ | . राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान | • शिक्षकले राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने | • राप्ती स्वास्थ्य बिज्ञान प्रतिष्ठानका बारेमा भन्न लगाएर ।<br>• त्यहा जादा आफुले थाहा पाएको कुरा अनुभव भन्न लगाएर । | ४ |
| | . उमेश चन्द्र थापा | • शिक्षकले बि.स. २०६२/०६३ का लोकतान्त्रिक आन्दोलनका प्रथम सहिद उमेश चन्द्र थापाका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस सुनाउनुहोस ।<br>• शिक्षकले विद्यार्थीहरुलाई लोकतान्त्रिक आन्दोलनका प्रथम सहिद उमेश चन्द्र थापाका बारेमा आफुलाई थाहा भएको कुरा भन्न लगाउने । | • उमेशचन्द थापाका बारेमा पाठ पढ्न अघिसम्म थाहा पाएको कुरा भन्न लगाएर ।<br>• पाठ पढेपछि थाहा पाएको नयाँ कुरा भन्न लगाएर | २ |
| | . गुम्रा थारु | • शिक्षकले दाङमा भएको किसानमाथि भएको विभेदकारी प्रथाका विरुद्ध आन्दोलन गर्दा सहिद हुन पुगेका किसान सहिद गुम्रा थारुका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई किसानमाथि परम्परागतरुपमा हुँदै आएको विभेदकारी प्रथाको विरोधमा आन्दोलन गर्दा मृत्युवरण गर्नुभएका किसान सहिद ग्रुमा थारुका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने | • विद्यार्थीलाई गुम्राथारुका बारेमा थाहा भएको कुरा भन्न लगाएर ।<br>• गुम्रा थारुले किसान आन्दोलनका लागी गरेको योगदानलाई भन्न लगाएर । | ३ |
| | . दामोदर शर्मा | • शिक्षकले दाङका विकासप्रेमी सामाजिक व्यक्तित्व दामोदर शर्माको चिनारी तथा उहाँले शिक्षा क्षेत्रमा गरेको योगदानका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई दाङको शैक्षिक विकासका धरोहरहरु विकासका नेतृत्वकर्ता दामोदर शर्मा घिमिरेका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने | • विद्यार्थीलाई दाङका दामोदर शर्मा घिमिरेका बारेमा भन्न लगाएर ।<br>• उहाँले गरेका सामाजिक योगदानकाबारेमा भन्न लगाएर । | ३ |
| | . भरतमणि शर्मा | • शिक्षकले दाङका पहिलो मन्त्री भरतमणि शर्माको व्यक्तित्व तथा शर्माको योगदानका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री | • विद्यार्थीलाई दाङका पहिलो मन्त्रि भरतमणि शर्माका गाएर । | ३ |

| | | | | |
|---|---|---|---|---|
| | | विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् । <br>• शिक्षकले विद्यार्थीहरुलाई दाङका पहिलो मन्त्री भरतमणि शर्माको व्यक्तित्व तथा शर्माको योगदानका बारेमा थाहा भएको कुरा भन्न लगाउने | • भरतमणि शर्माले गरेका सामाजिक योगदानकाबारेमा भन्न लगाएर । | |

## ७. आधारभुत तह कक्षा १-८ मा कक्षागत रुपमा गराउन सकिने सम्भावित प्रयोगात्मक तथा परियोजना कार्यको क्रियाकलापहरु

### कक्षा १ मा गर्न सकिने प्रयोगात्मक कार्य

१. विद्यार्थीलाई एक दिनमा एक चित्र जस्तै घर, करेसाबारी, रमणीय ठाउँ, पार्क मनोरञ्जनस्थल, मनपर्ने खानाका परिकार, परिवारका सदस्यले गर्ने काम, छिमेकीले गर्ने काम, खुशी मान्छे, फोहोरको थुप्रो, फोहोर राख्ने डोको, फूल बगैचा, आफूले पढ्ने विद्यालय, आफू बस्ने गाउँ आदिको चित्र बनाइ कक्षाका साथीहरुलाई देखाउन लगाउनुहोस् ।
२. आफूले गाउँघरमा डुल्दा घुम्दा देखेका रमणीय ठाँउहरु, आफ्नो परिवारले गर्ने पेशा, घरमा फोहोर राख्ने तरिका आदिका बारेमा आफूलाई थाहा भएका कुरा कक्षाका साथीहरुलाई सुनाउन लगाउनुहोस् ।
३. .विद्यार्थीलाई गुच्छा, चारी तथा आफूलाई मनपर्ने खेल खेलेर साथीहरुलाई देखाउन लगाउनुहोस् ।

### कक्षा २ मा गर्न सकिने प्रयोगात्मक कार्य

१.विद्यार्थीहरुलाई आफ्नो वरपर, छिमेक, टोल, गाउँघर, पोखरी, तालतलैया, झरना, मनपर्ने कपडा, आफ्नो परिवारले गर्ने कम, नम्र व्यवहार, गुरु गुरुआमा, मान्यजन, हावाहुरी, बाढी पहिरो, विपतबाट फोहोरको उपयोग, हरित बगैचा, समाजका असल मान्छे, आदिको चित्र बनाई कक्षाकोठामा प्रदर्शन गर्न लगाउनुहोस् ।
२. विद्यार्थीलाई आफ्नो वडा तथा उपमहानगरपालिकामा रहेका मठमन्दिरहरु, मस्जिद, चर्च, भूह्यारथान, कुलपूजा स्थल, तालतलैया, पोखरी, पार्कहरु तथा पर्यटकीयस्थलहरु घुम्दा आफूले त्यहाँ देखेका कुरा कक्षाका साथीहरुलाई भनेर सुनाउन लगाउनुहोस् ।
३. विद्यार्थीलाई आफूले बिहान उठेदेखि साँझ सुत्नु अघिसम्म गर्ने नियमित काम कुरा कक्षाका साथीहरुलाई सुनाउन लगाउनुहोस् ।
४. विद्यार्थीलाई राज्ये (एक खुट्टे) खेल तथा आफूलाई मनपर्ने अन्य खेल खेलेर देखाउन तथा अन्य साथीहरुलाई आफूले खेलमा सहभागि हुन भन्न लगाउनुहोस् ।

### कक्षा ३ मा गर्न सकिने प्रयोगात्मक कार्य

१. आफ्नो घर, टोल तथा वडामा भएका नयाँ कुरा कक्षाका साथीहरुलाई भनेर सुनाउनुहोस् ।
२. आफ्नो टोल, गाउँ तथा वडामा रहेका सामुदायिक संस्थाहरुका नाम कक्षाका सबै साथीहरुलाई सुनाउनुहोस् । साथीको टोल, गाउँ र वडामा भएका सामुदायिक संस्था के के रहेछन ? साथीबाट थाहा पाउनुहोस् ।
३. विद्यार्थीलाई आफूमा भएको अन्तरनिहित स्वेच्छिक सिर्जनात्मक कार्य गर्न लगाई कक्षा शिक्षकलाई देखाउनुहोस् ।

**कक्षा ४ मा गर्न सकिने प्रयोगात्मक कार्य**

१. घोराही उपमहानगरपालिकाको वडागत महिला र पुरुषको विवरणको चार्ट तयार गरी कक्षामा टाँस गर्नुहोस् ।

२.आफूले घरमा मनाउने प्रमुख चाडपर्वको बारेमा आफ्नो अभिभावकसँग सोधपुछ गरी तलका बुँदाको आधारमा तालिका बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क.सं. | चाडपर्वको नाम | चाडपर्व परेको महिना र गते | चाडपर्वमा गरिने क्रियाकलाप |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

३. समूहगत रूपमा कार्य विभाजन गरी नजिकमा पर्ने धार्मिक स्थलको भ्रमण गरी धार्मिक स्थल रहेको ठेगाना, परिचय, गरिने क्रियाकलाप, महत्व आदिलाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क.सं. | धार्मिक स्थलको नाम | धार्मिक स्थाल रहेको ठाउँ | धार्मिक स्थालमा हुने गरेका क्रियाकलाप |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

४. तपाईंको गाउँटोलमा पाइने बाँसबाट निर्मित सामग्री सङ्कलन गरी कक्षाकोठामा प्रदर्शन गर्नुहोस् । ती सामग्री बनाउने तरिका र उपयोगितासम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. घरमा हस्तकलाबाट निर्माण गर्न सकिने विभिन्न सामग्री मध्ये अभिभावकको सहयोगमा कुनै एक हस्तकलाको सामग्री (माटोका खेलौना, खुत्रुके, वनकासको ढकिया, ढकिया) निर्माण गर्नुहोस् । उक्त सामग्री निर्माण गर्दा चाहिने कच्चा पदार्थ, निर्माण गर्ने तरिका र निर्मित सामग्रीको प्रयोग तथा उपयोगिता आदिलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् । कक्षामा उक्त सामग्री प्रदर्शन गर्नुहोस् ।

६. सोधखोज तथा अवलोकनको माध्यमबाट घोराही उपमहानगरपालिकामा पाइने चराहरुको सूची बनाउनुहोस् । उक्त चराको महत्व तथा संरक्षण गर्ने तरिका समेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

७. घर वरपरको खाली जमिन, करेसाबारीमा उपयोगी बोटबिरुवाको वृक्षरोपण गर्नुहोस् । बिरुवा हुर्काउनका लागि आवश्यक पर्ने तत्व (पानी, मल आदि) प्रदान गर्नुहोस् । करिब एक महिनामा

बिरुवाको वृद्धि कति भयो, बिरुवामा के कस्ता परिवर्तन आए ? अवलोकन गरी प्राप्त तथ्यलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. घर तथा विद्यालयबाट निस्कने फोहोरको वर्गीकरण (कुहिने, नकुहिने, तरल र ग्याँस) गर्नुहोस् । फोहोरमैला व्यवस्थापन गर्ने तरिका अवलम्बन गर्नुहोस् । यसको लागि फोहोर तरल (नाली, शौचालय तथा स्नानघरबाट निस्कने तरल, भान्साबाट निस्कने फोहोर), कुहिने र नकुहिने ठोस फोहोर, ग्याँस ( वायु) आदिको व्यवस्थापन गर्ने तरिका (आफू, आफ्नो परिवार, विद्यालय)लाई प्रयोग गर्नुहोस् ।

यी कार्यबाट फोहोर व्यवस्थापन गर्दा के-के फाइदा तथा बेफाइदा भयो ? सङ्क्षेप प्रतिवेदन बनाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

८. समाजका असल व्यक्तिले गरेका कार्यको सूची तालिकामा तयार गर्नुहोस् । ती असल कार्य मध्ये आफूले गर्नसक्ने कार्य छनोट गरी कार्यान्वयन गर्नुहोस् । यसरी कार्यान्वयन गर्दा के-के पक्षमा सुधार भयो ? प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

९. तपाई बस्ने वडाभित्र रहेका वडा कार्यालय, स्वास्थ्य संस्था वा कुनै एक सरकारी कार्यालय वा सामुदायिक संस्थाका बारेमा  निबन्ध लेखी कक्षामा प्रस्तुत गर्नुहोस् । उक्त निबन्धमा संस्थाको परिचय, प्रदान गर्ने सेवालाई समेट्नुहोस् ।

**कक्षा ५ मा गर्न सकिने प्रयोगात्मक कार्य**

१. घोराही उप्महानगरपालिकाकोको नक्सा बनाई निम्न लिखित स्थान भर्नुहोस् :

(उपमहानगरपालिका कार्यालय रहेको स्थान, मन्ठोऱ्या मन्दिर, पाण्डवेश्वरी धाम, बाह्रकुने दह रहेको स्थान सहितको चित्र बनाई कक्षाका साथीहरु माझ प्रदर्शन गर्नुहोस् ।

२. बाह्रकुने दह मेला, पाण्डवेश्वरी मन्दिरमा लाग्ने शिवरात्री मेला, चौघेरामा लाग्ने पिरफेर्ने मेला, हरिबोधिनी एकादशी पर्व आदि बारे समुदायका जानकार समुदायका व्यक्तिसँग सोधपुछ गरी निम्न पक्षलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस्-

| क्र.सं. | मेलाको नाम | मेलामा गरिने क्रियाकलाप | राम्रा पक्ष | सुधार गर्नुपर्ने पक्ष |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

३. तीन जनाको समूह बनाई घोराही उपमहानगरपालिकाभित्र पर्ने लरैना मन्दिर, चेपे ताल, ज्यामिरे दह, गुलरिया ताल मध्ये आफूलाई पायक पर्ने कुनै एक स्थानको अवलोकन भ्रमण गर्नुहोस् र ती ठाउँका विशेषताको बारेमा सोधखोज तथा अवलोकन गरी प्राप्त विवरणलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. घर तथा विद्यालयबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने मुख्य तीन तरिका- कम प्रयोग, पुनःप्रयोग र पुनःचक्रण विधि प्रयोग गर्नुहोस् । यी तीन व्यवस्थापनका उपाय अवलम्बन गर्दा के-के फाइदा भयो ? अनुभवलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. घर वरपरको खाली जमिन, करेसाबारीमा उपयोगी औषधिजन्य वनस्पति (टोप्रे झार, पुदिना, घिउकुमारी, अमला, तुलसी, असुरो वा अन्य औषधिजन्य वनस्पति)को वृक्षरोपण गर्नुहोस् । ती वनस्पति हुर्किनको लागि आवश्यक पर्ने तत्व पानी, मल आदि प्रदान गर्नुहोस् । पहिलो पटक गर्दा मात्रा अडकलका लागि अभिभावकको सहयोग लिनुहोस् । करिब दुई महिनाको अवधिमा बिरुवाको वृद्धि कति भयो, बिरुवामा के कस्ता परिवर्तन आए ? अवलोकन गर्नुहोस् । प्राप्त तथ्यलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. तपाईको उपमहानगरपालिकामा रहेका माराकोट, सबारीकोट, सुनकोट, मौलाकोट मध्ये कुनै एक कोट, लुङखुरी लेख, कुनै एक बैंक, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, कुनै एक सहकारी संस्था मध्ये आफूलाई पायक पर्ने कुनै एक संस्थाको भ्रमण गरी सो संस्थाको परिचय, स्थापनाको उद्देश्य, संस्थाले गर्दै आएका कार्य र भावी योजनासम्बन्धी विवरण सहितको प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

७. घर तथा विद्यालयमा प्रयोग भएका ऊर्जाका स्रोतको पहिचान गरी के-के कार्यमा प्रयोग गरिएको छ ? ऊर्जाको मितव्ययी तरिकाले प्रयोग गर्न के गर्ने गरिएको छ आदि पक्षलाई समेत समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

**कक्षा ६ मा गर्न सकिने प्रयोगात्मक कार्य**

१. आफ्नो उपमहानगरपालिकाको नक्सा कोर्नुहोस् र उप महानगरपालिकाभित्र रहेका मुख्य-मुख्य स्थान बौद्ध गुम्बा, चौघेरा मठ, अम्बिकेश्वरी मन्दिर, मौलाकोट, माराकोट, सवारीकोट आदिलाई नक्सामा सङ्केतमा देखाउनुहोस् ।

२. आफ्नो वडा कार्यालयमा भ्रमण गर्नुहोस् । वडा कार्यालयले प्रदान गर्ने समग्र सेवाको सूची तथा बालबालिका, किशोर किशोरी र युवाको लागि प्रदान गर्ने सेवाको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. आफ्नो वडाका जातजाति मध्ये कुनै एक जातिले मनाउने चाडपर्व मध्ये कुनै एक चाडपर्वको बारेमा निम्न पक्षलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

चाडपर्वको नाम, मनाउने तरिका, महत्व, राम्रा पक्ष, सुधार गर्नुपर्ने पक्ष ।

| क्र.सं | चाडपर्वको नाम | चाडको महत्व | राम्रा पक्ष | सुधार गर्नुपर्ने पक्ष |
|---|---|---|---|---|
| १ | | | | |

४. तपाईको वडाका कुनै एक जातिले बजाउने स्थानीय लोकबाजा, गाउने गीत र नृत्यको एक-एक क्रियाकलाप गर्नुहोस् । कक्षाका बाँकी साथीले यसबाट सिकिएका पक्षलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र अरु साथीहरुमाफ प्रस्तुत गर्नुहोस् ।

५. घोराही उपमहानगरपालिकामा रहेका कुनै एक कोइलाखानी  वा चुनढुङ्गा उत्खनन् क्षेत्र वा नजिकैको कुनै एक मन्दिरको भ्रमण गर्नुहोस् । उक्त स्थलमा गरिने कार्यहरूलाई समेटेर प्रतिवेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।
६. स्थानीय कुनै एक जातिले निर्माण गर्ने परम्परागत हस्तकलाका सामग्रीमध्ये कुनै एक सामग्री निर्माण गर्नुहोस् । निर्माण गरिएका सामग्रीको नाम, निर्माण गर्दा चाहिने कच्चा पदार्थको नाम र निर्मित सामग्रीको उपयोगिता जस्ता पक्षलाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
७. आफ्नो वडामा विगतका दिनमा भएको कुनै एउटा विपद्को अवलोकन गर्नुहोस् । सो विपद्ले पुऱ्याएको असर (मानवीय, शैक्षिक, आर्थिक, भौतिकलगायत)को पहिचान गर्नुहोस् । उक्त विपद्लाई दीर्घकालीन रूपमा व्यवस्थापन गर्न के-के कार्य गर्न सकिन्छ ? प्रतिवेदन तयार गरी प्रस्तुत गर्नुहोस् ।
८. विद्यालयको नर्सरी निर्माण कार्यमा सहभागी हुनुहोस् । नर्सरीबाट उत्पादित बेर्नालाई खाली ठाउँमा रोप्नुहोस् । बेर्ना हुर्काउन मलजल तथा पानी नियमित रुपमा दिनुहोस । बेर्ना रोपेको दुई महिनापछि बेर्नाको वृद्धिको अवलोकन गर्नुहोस् । यो कार्य गर्दा आफूले गरेका कार्यहरू र भएको प्रगतिलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।
९. घर वरपरको खाली ठाउँ वा कौसी वा बरण्डामा सागसब्जी तथा दैनिक रूपमा घरमा प्रयोग गर्न सकिने अन्य फलफूल खेती गर्नुहोस् । उत्पादित वस्तु उपभोग गर्नुहोस् र बढी भएको उत्पादित वस्तुको बिक्री वितरण गर्नुहोस् । यी सबै कार्यलाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
१०. परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने असर बानी  पहिचान गर्नुहोस् । ती बानीको कार्यान्वयन गर्ने योजना बनाउनुहोस् र कार्यान्वयन गर्नुहोस् । कार्यान्वयन गर्दा तपाईंमा के-के बानीको विकास भयो ? स्वमूल्याङ्कन गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

**कक्षा ७ मा गर्न सकिने प्रयोगात्मक कार्य**

१. दाङ जिल्लाको नक्सा कोर्नुहोस् र जिल्लाभित्र तथा आफ्नो घोराही उपमहानगरपालिकाभित्र रहेका मुख्य-मुख्य स्थान घोराही उपमहानगरपालिका रहेको स्थान, जिल्ला समन्वय समिति रहेको स्थान, आफू बसेको वडा कार्यालय रहेको स्थानलाई नक्सामा सङ्केतमा देखाउनुहोस् ।
२. घोराही उपमहानगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको भ्रमण गर्नुहोस् । उपमहानगर पालिका शिक्षा शाखाले युवा तथा विद्यार्थीका लागि प्रदान गरिने सेवा के-के रहेछन् ? सोधखोज गरी प्रतिवेदन तयार गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।
३. मगर, ब्राम्हण, क्षेत्री, समुदायमध्ये कुनै एक समुदायको भाषा, भेषभूषा, चाडपर्व रीतिरिवाज, धर्मकर्म संस्कृति, गायन, बाजा र नृत्यसम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् । यसरी विवरण तयार गर्दा उक्त समुदायका उल्लेखित पक्षमा भएका राम्रा र सुधारका पक्षलाई ध्यान दिनुहोस् ।
४. आफ्नो घर नजिकैको कुनै एक पर्यटकीय स्थल तालतलैयाको भ्रमण गर्नुहोस् । सो तालतलैयाको परिचय, अवलोकन गर्दा पाइएका वस्तुको विवरण, महत्व, संरक्षणका उपाय लगायतका पक्षलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
५. स्थानीय परम्परागत हस्तकलाका सामग्री खुत्रुके, डोको, ढकिया, गुन्द्री, अल्लोको टोपी, वा कुनै एक तपाईले स्थानीय वस्तुबाट निर्माण गर्न सक्ने सामग्री निर्माण गर्नुहोस् र कक्षाका साथीहरुलाई देखाउनुहोस् । सामग्री प्रदर्शन गर्दा निर्माण गरिएको सामग्रीको नाम, उक्त सामग्री बनाउन चाहिने कच्चा पदार्थहरू, बनाउने विधि, सामग्रीको उपयोगिता आदि कुरा पनि साथीभाइलाई भन्नुहोस ।

| क्र.सं | सामग्रीको नाम | बनाउन चाहिने सामग्री | बनाउने बिधि | सामग्रीको उपयोग |
|---|---|---|---|---|
| १ | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

६. घरमा गोबर मल वा गँड्यौला मल वा अन्य कुनै मल बनाउनुहोस् र विद्यालयमा गएर सो मल बनाउने कार्य गरेर साथीभाइलाई देखाउने कार्यमा सहभागी हुनुहोस् । तयार भएको मललाई विद्यालयमा रोपिएका फूल तथा बिरुवामा प्रयोग गर्नुहोस् ।
७. घर तथा विद्यालयमा करेसाबारी/बगैँचा निर्माण गरी वा कौसी वा बरण्डा वा गमलामा तरकारी खेती/पुष्प खेती/फलफूल खेती गर्नुहोस् । यसबाट उत्पादित वस्तुहरू, तिनीहरूको उपयोग, भएको फाइदासम्बन्धी विवरणलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
८. के गरेपछि असल नागरिक हुन सकिन्छ भन्ने कुरा घरका अभिभावकलाई सोधेर विवरण तयार गर्नुहोस । सो विवरणको टिपोट गरी विद्यालयमा गएर कक्षाका साथीहरुमाझ प्रस्तुत गर्नुहोस् ।
९ तपाईको विद्यालय व्यबस्थापन समितिको अध्यक्ष को हुनुहुन्छ भन्ने पत्ता लगाई उहाँले तपाईको विद्यालयको विकासका लागि खेलेको भूमिका के के रहेछ सोधखोज गरी लेखेर कक्षाका साथीहरु माझ प्रस्तुत गर्नुहोस् ।

**कक्षा ८ मा गर्न सकिने प्रयोगात्मक कार्य**

१. घोराही उपमहानगरपालिकाको नक्सा बनाई वडागत विभाजन र ती वडामा रहेका सरकारी संस्थाहरुलाई सङ्केत चित्रमा देखाई कक्षा कोठामा प्रस्तुत गर्नुहोस ।
२. घरका अभिभावक तथा शिक्षकहरुलाई संगठन र यसको महत्वबारे सोधखोज गरी टिपोट गरेर संगठनको परिचय, महत्वबारे कक्षाका साथीहरुलाई बताउनुहोस् ।
३. गाउँमा विद्यमान पर्म, ऐँचोपैचो, कटुवाल, बालीघरे, प्रथाको बारेमा आफूभन्दा ठुला अग्रजहरुलाई सोध्नुहोस् । ती प्रथाका राम्रा र नराम्रा पक्ष केलाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
४. कक्षा ८ का विद्यार्थीहरुको भेला गरी तीन सदस्यीय अतिरिक्त कार्यक्रम सञ्चालन टिम गठन गर्नुहोस् । टिमको सक्रियतामा घोराहीका पर्यटकीय स्थलको संरक्षणमा विद्यार्थीको दायित्व शीर्षकमा कक्षाका साथीहरुको बिचमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुहोस् ।
५. थारु, मगर, नेवार वा ब्राह्मण तथा क्षेत्री कुनै एक समुदायका संस्कार र संस्कृतिको बारेमा सोधखोज गर्नुहोस् । उक्त समुदायको संस्कृतिमा भएका असल अभ्यास तथा सुधारका पक्षलाई समेटी प्रतिवेदन तयार गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।
८. अतिरिक्त क्रियाकलाप अन्तर्गत कक्षा ८ का विद्यार्थीहरुको अगुवाईमा घोराही क्षेत्रमा हुनेगरेका विपदका घटनाहरुको सूची बनाई यसको रोकथामका लागि गर्नुपर्ने कामका बारेमा वक्तृत्वकला कार्यक्रम सञ्चालन गर्नुहोस् ।

९. हरित विद्यालय निर्माणको लागि हरियाली क्लब वा इको क्लबको गठन गर्नुहोस् । क्लबको अगुवाईमा हरेक हप्ता विद्यालयको हरियाली प्रवर्धनका लागि के गर्न सकिन्छ शिक्षकहरुसँग सल्लाह गरी अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्नुहोस् ।

१०. तपाईको वडामा राम्रो काम गर्ने भनि चिनिनु भएका कुनै एक कलाकार, शिक्षक, खेलाडी, राजनीतिज्ञ, पत्रकार वा अन्य कुनै व्यक्तिलाई भेटी उहाँले समाज विकासमा खेलेको भूमिका सोधेर प्रतिवेदन तयार गरी कक्षाका साथीहरु माझ प्रस्तुत गर्नुहोस् ।

## ७. सिकाइ सहजीकरण प्रक्रिया र विधि

### कक्षा १-३

घोराही उपमहानगरपालिकाको स्थानीय विषयमा आधारित यस हाम्रो घोराही पाठ्यक्रमले विद्यार्थीहरुबाट अपेक्षा गरेका सिकाइ उपलब्धि सहज र सरल तरिकाले हासिल गर्न/गराउन शिक्षक तथा विद्यार्थीहरुले गर्ने सम्पूर्ण क्रियाकलापहरु सिकाइ सहजीकरण प्रक्रियाभित्र पर्दछन् । एकीकृत पाठ्यक्रमले सिकाइ उपलब्धिको आधारमा मूल्याङ्कन गर्ने ँ गरी विद्यार्थी मूल्याङ्कनको खाका तय गरेको छ । दैनिक सिकाइ सहजीकरणको क्रममा नै निर्धारित सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्न शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगको रुपमा मूल्याङ्कनलाई प्रयोग गर्नुपर्ने कुरा वर्तमान पाठ्यक्रमले उल्लेख गरेकाले सोही बमोजिमका सिकाइ क्रियाकलापहरु अवलम्बन गर्नुपर्ने हुन्छ । यस पाठ्यक्रमले सिकाईलाई प्रभावकारी र दिगो बनाई उनीहरुको स्थानीय विषयवस्तु र आवश्यकताअनुसारको ज्ञान, सीप र अभिवृत्तिको विकासको सुनिश्चितताको अपेक्षा गरेको छ । जसका लागि बालबालिका केन्द्रित, अन्तरक्रियात्मक, सहयोगात्मक तथा प्रत्यक्ष अनुभवमा आधारित शिक्षण विधि र रणनीतिहरुको प्रयोगमा जोड दिनुपर्ने हुन्छ । यसअनुसार कक्षाकोठामा हुने शिक्षणमा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, श्रव्यदृश्य सामग्री, सन्दर्भ सामग्रीका अतिरिक्त सकेसम्म स्थानीय स्तरमा उपलब्ध तथा स्वनिर्मित स्रोत र साधनहरुलाई शैक्षणिक सामग्रीको रुपमा प्रयोग गर्नुपर्छ । समयको माग बमोजिम सिकाइलाई निरन्तरता दिन तथा युग सापेक्ष सिकाइका लागि शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई स्थान दिनुपर्छ र वेभमा आधारित सिकाइलाई वैकल्पिक सिकाइको माध्यमको रुपमा प्रयोग गर्न शिक्षकले आफूलाई आवश्यक पर्ने ज्ञान र सीपको विकास गरी आवश्यकता अनुसार प्रविधिका साधनहरुको प्रयोग गर्नुपर्ने हुन्छ ।

कक्षा १-३ को पाठ्यक्रमले एकीकृत सिकाइलाई जोड दिएकाले शिक्षण सिकाइ सहजीकरणका क्रियाकलापहरुलाई पाठ्यक्रममा दिइएका सिकाइ उपलब्धि र विषयवस्तुको प्रकृतिअनुसार स्थानीय विषयका क्षेत्रहरु र अन्य विषयहरु (नेपाली, अंग्रेजी, गणित र हाम्रो सेरोफेरो) मा भएका मिल्दाजुल्दा विषयवस्तुलाई अन्तरसम्बन्ध कायम गरी सहजीकरण गर्नुपर्छ । स्थानीय विषयमा रहेका कतिपय विषयवस्तुहरु सहजीकरण गर्दा आवश्यकता अनुसार स्थानीय विज्ञहरुको ज्ञान र सीपलाई उपयोग गर्न उहाँहरुलाई कक्षाकोठामा आमन्त्रण गरी अनुभव तथा सीपको प्रदर्शन एवम् अन्तरक्रियाको अवसर सिर्जना गर्नु पर्ने छ । सिकाइलाई सहकार्यात्मक र प्रत्यक्ष अनुभवमा आधारित बनाउन स्थलगत अध्ययन समूहकार्य तथा प्रयोगात्मक अभ्यासमा जोड दिनु पर्ने छ । स्थानीय विषयमा उल्लिखित विषयवस्तुहरु विद्यार्थीहरुको आफ्नै सेरोफेरोका रहेकाले सैद्धान्तिक भन्दा प्रयोगात्मक तरिकाले सिकाइ

सहजीकरण गर्नेमा शिक्षकले ध्यान दिनुपर्ने हुन्छ । स्थानीय कला, संस्कृति, धर्म, चालचलन, रितीरिवाज, पेसा, व्यवसाय, प्रविधिहरुको प्रयोग, संरक्षण, विकास गर्न स्वयम् विद्यार्थीहरुको प्रत्यक्ष उपस्थिति भएपछि मात्र उक्त विषयवस्तुहरुको ज्ञान, सीप र अभिवृत्तिको विकास गराउन सहज हुन्छ । सिकाइलाई दिगो बनाउन सिकेका व्यवहारहरुलाई अभ्यास गर्ने तथा वास्तविक जीवनमा प्रयोग गर्ने अवसर प्रदान गर्नुपर्ने छ । साथै सिकाइ सहजीकरण प्रक्रियाहरुले, अनुभव, खोज, चिन्तन, तर्कद्धारा सिकारुको निर्णय क्षमता विकास गरी ज्ञानको विकास र रुपान्तरण गर्न सहयोग गर्नुपर्छ ।

**यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमका सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गर्नुपर्ने छ :**

- कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम एकीकृत ढाँचामा विकास गरिएको र यसअन्तर्गत बहु विषयक (विषयहरु अलग अलग तर मिल्दाजुल्दा विषयवस्तुलाई सँगै सिकाउने) र अन्तर विषयक (अन्य विषय र विषयभित्रका विषयवस्तुहरुमा अन्तरसम्बन्ध कायम गरी सिकाइ गराउने) रहेको हुँदा बहुविषयक ढाँचाको सिद्धान्तअनुसार सिकाइ सहजीकरणको योजना बनाइ सिकाइ सहजीकरण गर्नुपर्ने छ ।
- पाठ्यक्रमको बहु विषयक ढाँचा (अन्य विषयसँग मिल्दा सिकाइ उपलब्धि तथा विषयवस्तुलाई सँगै सहजीकरण गर्ने र नमिल्ने विषयवस्तुलाई निश्चित क्रममा राखेर सरलदेखि जटिलताको सिद्धान्तअनुसार सहजीकरण गर्ने) अनुरुप एकीकृत सिकाइका लागि शिक्षकले एकीकृत पाठ्यक्रमको अध्ययन र अन्य शिक्षकहरुसँग समेत समन्वय गरी सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।
- कक्षा १-३ मा अध्ययन गर्ने बालबालिकाको संज्ञानात्मक विकासको अवस्थालाई दृष्टिगत गरी उनीहरुको धारणा विकासमा सहयोग पुऱ्याउन शिक्षणमा ठोस सामग्रीको प्रयोगलाई प्राथमिकताका साथ स्थान दिनु पर्ने छ ।
- सिकाउनु पर्ने विषयवस्तु/धारणालाई उनीहरुको दैनिक जीवनसँग सम्बन्धित गरी रोचक र मनोरञ्जक ढंगले प्रस्तुत गर्नुपर्ने छ ।
- मनोरञ्जनपूर्ण सिकाईका लागि खेल, गीत, नृत्य र अभिनय विधिको प्रयोग गर्नुपर्ने छ ।
- बालबालिकाको दिगो सिकाईका लागि उनीहरुलाई प्रशस्त अभ्यासको अवसर दिनुपर्ने छ ।
- विद्यार्थीसँग प्रत्यक्ष अनुभव गरेर तथा विद्यार्थी आफै सक्रिय भई सिक्न सक्ने, विश्लेषणात्मक चिन्तनबाट अर्थ निर्माण गर्न सक्ने विषयवस्तुहरुमा विषयवस्तुको प्रकृति हेरी प्रयोग, परियोजना कार्य, सर्वेक्षण, समस्या समाधान, खोज, आगमन वा निगमन विधिको प्रयोग गर्नुपर्ने छ । यो पाठ्यक्रमको विषयवस्तुहरुले स्थानीयतासँग प्रत्यक्ष सरोकार राख्ने भएकाले सिकारुलाई प्रत्यक्ष अवलोकन र अनुभव प्रदान गर्न स्थलगत भ्रमणको व्यवस्था मिलाउनु पर्ने छ ।
- सिकारुहरुले आफूले जानेका र हासिल गरेका ज्ञान, सीप र अनुभवहरु एक आपसमा आदानप्रदान गरी सहपाठीहरुको सहयोग र सहकार्यमा सिक्न तरिकाहरु अवलम्बन गर्नुपर्ने छ ।
- सामाजिक सुधार, जनचेतना र वातावरण संरक्षणमा आफ्नो स्तरबाट योगदान दिन तथा नेतृत्व सीप विकासमा प्रेरित गर्न साना चेतनामूलक भिडियो बनाई सामाजिक सञ्जालमा लोड गर्ने, यस्तै चित्रहरु सार्वजनिक ठाउँमा टाँस्ने जस्ता अभियान तथा सामाजिक कार्यहरुमा सहभागी गराउनुपर्ने छ ।

- कक्षाकोठालाई रमाइलो तथा जीवन्त बनाई राख्न तथा युगसापेक्ष प्रविधियुक्त सिकाइका लागि उपलब्ध श्रव्य दृश्य सामग्रीहरु, विद्युतीय सामग्रीहरु तथा वेभमा आधारित सामग्री र विधिहरुलाई सकेसम्म प्रयोग गर्ने प्रयास गर्नुपर्ने छ ।

## कक्षा ४-८ को शिक्षण सहजीकरण विधि र प्रक्रिया

घोराही उपमहानगरपालिकाभित्रका सबै वडाहरुका स्थानीय विषयवस्तु र आवश्यकतालाई समेटी यस पाठ्यक्रममा विषयवस्तुहरु राखिएको हुँदा उक्त विषयवस्तुको व्यावहारिक ज्ञान, सीप र अभिवृत्ति विकास लागि कक्षाभित्र वा बाहिर आफ्नो घर, समुदाय, संघसंस्था, धार्मिक स्थल, पेसा र व्यवसायस्थल, वन सम्पदा, जलसम्पदामा भ्रमण गरी पञ्चज्ञानेन्द्रीयद्धारा प्रत्यक्ष अवलोकन तथा प्रयोग गरी सिकेका कुराहरूलाई सिर्जनात्मक विश्लेषण गर्ने प्रतिभाको विकास गर्न प्रोत्साहित गर्ने गरी शिक्षण सिकाइ सहजीकरण गर्नुपर्छ । पाठ्यक्रममा विषयवस्तु तथा सिकाइ उपलब्धि हासिल गर्न विद्यार्थीहरूले कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्बीर, नक्सा, नमुना निर्माण, प्रयोग, फोटो जस्ता रोचक वस्तुहरू मार्फत् अपेक्षित उपलब्धि हासिल गर्ने अपेक्षा गरिएको छ । विद्यार्थीहरूलाई कुनै पनि विषयवस्तु सिकाउँदा जीवन्त सिकाइ वातावरण तयार गर्नुपर्दछ । यसका लागि शिक्षण सिकाइको विधि, पद्धति तथा उपागम (एप्रोच) लाई विद्यार्थी केन्द्रित र सामग्री केन्द्रित गर्दै प्रयोगात्मक क्रियाकलापबाट गरेर सिक्ने अवस्थाको सुनिश्चितता गर्नु पर्दछ । अझ स्थानीय विषय स्थानीय परिवेश, सर्न्दभ, पहिचान, पेसा व्यवसाय र प्रविधिसँग बढि नजिक तथा परिचित हुने भएकाले सान्दर्भिक शिक्षण सिकाइ मार्फत बालबालिकाहरुमा पाठ्यक्रमले तोकेका सक्षमता र सिकाइ उपलब्धि हासिल गराउन प्रयत्नशील रहनुपर्छ ।

आधारभूत तहको कक्षा ४ देखि ८ सम्म राखिएका विषयवस्तुहरु सहजीकरण गर्न निम्न विधि र तरिकाहरुको प्रयोग गर्न सकिने छ ।

| क्र.स. | शिक्षण विधि | प्रयोग गर्न सकिने विषयवस्तुहरु |
|---|---|---|
| १ | प्रयोगात्मक अभ्यास विधि | गरेर सिक्ने क्रियाकलापहरु यस विधि अन्तर्गत पर्दछन् । जस्तै : बिरुवा तथा जनावरको हेरचाह, वृक्षरोपन, पशुपालन, पंक्षीपालन, तरकारी खेती, गायन, वादन, नृत्य, अभिनय, हस्तकला र चित्रकलाद्धारा प्रदर्शन आदि । |
| २ | अवलोकन र परियोजना विधि | गरेर सिक्नेसँगै बसेर सिक्ने, प्राकृतिक वातावरणमा सिक्ने, सीपको विकास हुने गरी एकल वा समूह, कक्षाकोठाभित्र तथा बाहिर यो विधि प्रयोग गर्न सकिन्छ । जस्तै : स्थानीय सेवाहरुको जानकारी, विभिन्न धार्मिक स्थल, जलसम्पदा, वन सम्पदा, नमुना निर्माण, पेसा, व्यवसाय र प्रविधिको अवलोकन गरी प्रतिवेदन तयारी गर्ने तथा एकल र समूहगत तथा कक्षाकोठाभित्र र कक्षाकोठा बाहिर गरेर सिक्ने, पञ्च ज्ञानेन्द्रीयहरुको प्रयोग द्धारा सिक्ने क्रियाकलापहरु यसअन्तर्गत पर्दछन् । |
| ३ | क्षेत्र भ्रमण विधि | कक्षाकोठा बाहिर रहेका वस्तुहरुको प्रत्यक्ष अवलोकन गरी प्राप्त जानकारीको अभिलेख राख्ने (प्रतिवेदन, चित्र, चार्ट, भिडियो आदि) । जस्तै : धार्मिक स्थल, वन, पोखरी, ताल, खेती, पालन आदि । |
| ४ | छलफल विधि | कुनै विषयवस्तुको बारेमा समूहगत, जोडीगत, कक्षागत रुपमा छलफल |

| | | |
|---|---|---|
| | | गरी निष्कर्ष निकाल्न प्रयोग गरिन्छ । जस्तै : सामुदायिक वनको महत्व, संरक्षण गर्ने उपायहरु, धार्मिक सम्पदाको संरक्षणका उपायहरु, बालबगैंचाको महत्व, हरित विद्यालयको लागि अवलम्बन गर्नुपर्ने पक्षहरु आदि । |
| ५ | समस्या समाधान विधि | कुनै समस्या दिई समाधानको लागि उपायहरु पहिचान गरी समाधान गर्ने कार्य यस विधिमा गरिन्छ । जस्तो : पुष्प खेती गने, बाँसको चोयाबाट डालो बुन्ने, मकैको प्वाँखबाट चकटी बुन्ने, वृक्षरोपण गर्ने, सरसफाइ गर्ने आदि । |
| ६ | प्रश्नोत्तर | जुन सुकै विषयवस्तुको उठान गर्दा, परियोजना कार्य वा क्षेत्रभ्रमण वा कक्षा कार्य वा समूह कार्य गराउँदा, विषयवस्तुको प्रस्तुति अघि, प्रस्तुतीकरणको समय र अन्तमा, सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । |
| ७ | घटना अध्ययन, मामला अध्ययन | वरपरको कुनै विशेष घटनाको अध्ययन गरी त्यसको बारेमा प्रतिवेदन तयार गर्न लगाइ प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । बाढी, पहिरो, आगलागी, चट्याङ्ग, तरकारी खेती, कुखुरापालन आदि । |
| ८ | प्रदर्शन विधि | कुनै वस्तु देखाएर सिकाउने विधि प्रदर्शन विधि हो । सामग्रीको अभाव भएको बेला शिक्षकले वस्तु वा चित्र प्रदर्शन गरेर सिकाउने गर्दछन् । जस्तै : बराह ताल उपमहानगरपालिकाको नक्सा आदि । यसमा श्रव्यदृश्य सामग्रीको प्रदर्शन समेत पर्दछ । जस्तै : तरकारी खेती, पशुपालन, कुखुरापालको भिडियो आदि । |
| ९ | सोधखोज विधि | विद्यार्थीमा नयाँ नयाँ कुरा खोजी गर्ने, त्यसको व्यक्ति तथा समाजमा परेको वा पार्ने प्रभाव पहिचान गराउने जस्ता सीपको विकास गराउने, समाजमा रहेको धार्मिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक, भौगोलिक आदि पक्षको सोधखोज गरी वास्तविकता पत्ता लगाउने कार्यमा यस विधिको प्रयोग गर्न सकिन्छ । |
| १० | कथा कथन विधि | विषयवस्तुलाई रमाइलो, आकर्षक, उत्प्रेरणात्मक तरिकाले प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । जस्तै : धार्मिक स्थल, पेसा, व्यवसाय, प्रविधिको प्रयोग, संरक्षण, विकास र प्रवर्धन आदिलाई कथात्मक तरिकाले प्रस्तुत गर्न सकिन्छ । |

माथि उल्लेख गरिएका विधिहरुका अलावा विषयवस्तुको प्रकृतिअनुसार अन्य विधिहरुको समेत प्रयोग गर्न सकिन्छ । विधिहरुको साथै विद्यार्थीको सिकाइलाई थप आकर्षक, तार्किक, समालोचनात्मक, सहभागितात्मक बनाउन विभिन्न रणनीति तथा तरिकाहरुको प्रयोग गर्न सकिन्छ । जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

अ) मष्तिष्क मन्थन (आ) जिग्सअ (इ) सोच-जोडीमा छलफल-आदान प्रदान (ई) जोडीमा पढाइ र जोडीमा सारांश (उ) संक्षिप्त लेखन ऊ) मान्यता (ए) घुलमिल/स्थिर/जोडी

## ८ .विद्यार्थी मूल्याङ्कन

### (क) कक्षा १-३ मा विद्यार्थी मूल्याङ्कन

शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमित रुपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्ने पक्षलाई यस पाठ्यक्रमले जोड दिएको छ । यस प्रकारको मूल्याङ्कनले विद्यार्थीलाई न्यूनतम सिकाइस्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ । स्थानीय विषयमा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पूरा गराउनको लागि कक्षाकोठाको शिक्षण सिकाइको क्रममा गरिने लेखाजोखाको साथै विद्यार्थीहरुलाई आवश्यकता अनुसार सम्बन्धित क्षेत्रमा अवलोकन, क्षेत्रभ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमा समेत सलंग्न गराई सोही बमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको यकिन गर्नुपर्ने हुन्छ र आवश्यकताअनुसार सहजीकरण गर्नुपर्ने हुन्छ । यस्तो मूल्याङ्कनलाई मूलतः सिकाइका लागि मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ ।

निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नु पर्दछ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नु पर्दछ । विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलापपछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ । यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ ।

कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्छ । पहिलो चरणअन्तर्गत नियमित सिकाइ सहजीकरण पश्चात् मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइको अवस्थाको लेखाजोखा गर्ने र दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्तालगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु साथै पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ । कक्षाकोठा र आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ । यसबाट विद्यार्थीहरूको कक्षा दोहऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सिर्जना हुने छ ।

### (अ) मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले के कति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ ।

यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका ( पोर्टफोलिया) व्यवस्थित गरी राखिनुपर्छ । कार्य सञ्चयिका फाइललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक थिम वा क्षेत्रको पठनपाठन पश्चात, विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्य, परियोजना कार्य तथा प्रयोगात्मक कार्यलाई नै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्यको सही तरिकाले मूल्याङ्कन गर्ने साधन ( उपयुक्त औजारबाट परिक्षण कार्य) समावेश गर्नु उपयुक्त हुने छ ।

### (आ) मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमी कमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नको लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, परियोजना तथा प्रयोगात्मक कार्य, कार्यसम्पादन तथा प्रदर्शन, सहपाठी तथा स्वमूल्याङ्कन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिकाहरु अवलम्बन गर्न सकिन्छ । यसको लागि अवलोकन फाराम, रुजु सूची, श्रेणीमापन, रुब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्याङ्कनका साधनहरु प्रयोग गर्न सकिन्छ ।

### (इ)विद्यार्थीको सिकाइ उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| अर्पाप्त (Insufficent) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर |

| | | |
|---|---|---|
| | | सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा नियमित सिकाइ क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धिस्तर ४ पुऱ्याउने प्रयास गर्नुपर्दछ । उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुऱ्याउन सहयोग गर्नुपर्छ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइ क्षेत्रका सिकाइ उपलब्धिहरूको सिकाइ परीक्षण पश्चात् त्यस सिकाइ क्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ ।

यही क्रममा सबै विषय क्षेत्रको सिकाइ पश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तरसहित विषय क्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसै गरी मुख्य व्यवहारकुशल सीपमा विद्यार्थीको उपलब्धि स्तर पनि अभिलेखित गर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चिता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका लागि योजनाका लागि गरिन्छ ।

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूप अनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ ।

**(ई) उपलब्धि प्रतिशत निकाल्ने विधि तथा प्रक्रिया**

सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापनपछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्दछ भने प्रत्येक विषयक्षेत्र वा थिमको सिकाइपश्चात् प्रत्येक सिकाइ उपलब्धि र औसत उपलब्धिसहित अभिभावक र शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावी सिकाइका योजना तय गर्नुपर्छ । प्रत्येक

थिमको सिकाइपछि अभिभावकसँग छलफल गर्नु विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भए पनि छोटोछोटो समयको अन्तरालमा अभिभावसँग छलफल सबैका लागि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्याङ्कन नतिजा सहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकतानुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ ।नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थी सबल पक्ष, रुचि र कठिनाइलाई ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थीलाई पनि सहभागी गराउनुपर्छ ।

विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन

१. विषयक्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्नअनुसार व्यवस्थित गरी राख्नुपर्छ :
   - प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ ।
   - कार्यसञ्चयिका फायलमा विद्यार्थीको व्यक्तिगत, पारिवारिक तथा स्वास्थ्य सम्बन्धी विवरण, कक्षा कार्य, परियोजना कार्य, उपलब्धि प्रतिशतका अभिलेख, हाजिरी विवरण, विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालमा विद्यार्थीका नमुना कार्य तथा सिर्जनाहरू समयबद्धरूपमा सिलसिला मिलाई राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धिस्तर झल्काउने प्रतिनिधि कार्यहरूमात्र समावेश गर्नुपर्छ । यसमा यतिनै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ ।
   - कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूची भित्री कभरपृष्ठमा राखिनुपर्छ ।
   - प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फायल हस्तान्तरण गर्नुपर्छ ।

२. विद्यार्थीको कार्यसञ्चयिकालाई निम्नअनुसार प्रयोग सकिन्छ :
   - शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन
   - विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफ्नो कार्य र उपलब्धिबारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित हुन
   - अभिभावकले विद्यार्थीले कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न
   - विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिई अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेहिता व्यक्त गर्न
   - विद्यालय व्यवस्थापनले विद्यालय समुदाय सुधार गरी सिकाइ वातावरण सुधाार गर्न

विषयक्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फाराम

- मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तर अनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ ।

- हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनी एकिन गनुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दम बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।
- सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेखभएअनुसार अभिलेखित गनुपर्छ ।
- सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइस्तर न्यूनतम ४ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १, २ वा ३ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि मुख्य तथा माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनु पर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित छ ।
- विषयक्षेत्र तथा थिम अन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसके पछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्न अनुसार निकाल्नु पर्छ :

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छ :

| क्र.स. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

६. कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धि स्तरको अङ्कका आधारमा विद्यार्थीको विषय क्षेत्रगत समग्र उपलब्धिस्तर निर्धारण गर्न सकिन्छ । विषय क्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{विषय क्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

## स्थानीय विषयको थिमगत उपलब्धि विवरण
## मूल्याङ्कन अभिलेखीकरण फाराम

**विद्यार्थी मूल्याङ्कन मापनका आधार**

वर्तमान पाठ्यक्रमले  सिकाइ उपलब्धि हासिल भए नभएको आधारमा विद्यार्थीले गरेका कार्यहरुको लेखाजोखा गरी प्राप्त उपलब्धिको अङ्कन गर्ने र यसको आधारमा उपलब्धि प्रतिशत पत्ता लगाउने कार्यलाई जोड दिएको छ । प्रत्येक सिकाइ उपलब्धिको अधिकतम स्तरमा ४ अंक प्रदान गर्ने प्रावधान रहेको छ । यसको लागि विद्यार्थीको सिकाइ स्तरको मापन १, २, ३ वा ४ गरी  विषयक्षेत्र अर्थात् थिमममा उल्लिखित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मापन गरी आएको उपब्धिस्तरको अङ्क चढाउनुपर्छ । सिकाइ उपलब्धि मापन गर्दा प्रत्येक सिकाइ उपलब्धिमा हासिल गरेको स्तर यकिन गरी १, २, ३ वा ४ मध्ये कुन स्तर छ त्यसलाई अङ्कन महलमा चढाउनुपर्छ । फारामको कैफियत महलमा उल्लिखितबाहेक अन्य साधन तथा तरिका प्रयोग गरेको भए उल्लेख गर्नुपर्छ  । अभिलेख फारममा मूल्याङ्कन नतिजाका आधारमा प्रत्येक विद्यार्थीको अलग अलग भरी विद्यार्थीको कार्यसञ्चयिका (पोर्टफोलिया) मा व्यवस्थित गरेर राखी आवश्यकतानुसार विद्यार्थीको सिकाइ सुधार गर्ने कार्यमा प्रयोग गर्नुपर्छ । प्रत्येक सिकाइ उपलब्धिमा चारओटा सूचक निर्धारण गरिएको हुनाले पुरा गरेको सूचक अनुसारको अङ्क प्रदान गर्नुपर्छ ।

थिमगत रुपमा दिइएका प्रत्येक सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्नका लागि अवलोकन, मौखिक प्रश्नोत्तर, लिखित कार्य, कक्षा कार्य, गृहकार्य, छोटा कक्षा परीक्षा, परियोजना कार्यमध्ये कुनै वा अन्य कुनै उपयुक्त साधन प्रयोग गर्न सकिन्छ । तपसिलका फाराममा केही सम्भाव्य साधनमात्र उल्लेख गरिएका छन् । यी बाहेक कुन साधनद्वारा मूल्याङ्कन गरिएको हो ती साधनलाई फाराममा उल्लेख गर्नुपर्छ । विद्यार्थीको मूल्याङ्कन दुई चरणमा गर्नुपर्छ । नियमित सिकाइ पश्चात् र थप सहायता पश्चात् थिमअन्तर्गत रहेको प्रत्येक सिकाइ उपलब्धिसँग सम्बन्धित पाठ वा क्रियाकलाप सञ्चालन पश्चात मूल्याङ्कन गरी मूल्याङ्कन गरिएको मिति र अंक चढाउनुपर्छ ।  नियमित सिकाइ पश्चात् कुनै विद्यार्थीको कुनै सिकाइ उपलब्धिमा १, २ वा ३ आएमा थप सहयोग गर्नुपर्ने हुन्छ र थप सहायता पश्चात् पुनः मूल्याङ्कन गरी प्राप्त उपलब्धिको अभिलेखित गर्नुपर्छ । थप सहायता गर्दा जुन विद्यार्थीको उपलब्धिस्तर १, २ वा ३ अंक प्राप्त गरे ती विद्यार्थीलाई बढी सहयोग गर्ने, अभिभावकलाई जानकारी दिई सहयोग गर्न लगाउने, कक्षाका ४ अंक प्राप्त गरेका विद्यार्थीलाई सहयोग गर्न लगाउने जस्ता क्रियाकलापहरु गर्न सकिन्छ ।

## अनुसूची १ स्थानीय विषयको थिमगत उपलब्धि विवरण
## मूल्याङ्कन अभिलेखीकरण फाराम : कक्षा १

### १. घोराही उपमहानगरपालिकाको परिचय

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफ्नो परिवारका सदस्यहरुको नाम, काम र नातासम्बन्ध बताउन | प्रश्नोत्तर | | | | |
| २. आफू बसेको उपमहानगरबस्तीको नामका साथै आफू पढने विद्यालयको नाम र त्यहाँ काम गर्ने प्र.अ, शिक्षक र कर्मचारीहको नाम र कामको विवरण बताउन | प्रश्नोत्तर | | | | |
| ३. आफ्नो उपमहानगरवस्ती वरपर रहेको नदी, खोला र बाटोहरुको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. आफ्नो उपमहानगरवस्तीमा रहेका धार्मिक स्थल र मठ मन्दिरहरुको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ५. आफ्नो घर नजिकै रहेका स्थानीय बजारको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. आफ्नो उपमहानगर टोलको स्वास्थ्य स्वयं सेविकाको नाम र कामको विवरण दिन | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**विषय : हाम्रो घोराही विद्यार्थीको नाम : कक्षा १ रोलनम्बर :**

### २. घोराहीका धार्मिक तथा पर्यटकिय सम्पदाहरु

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफ्नो वडा तथा उपमहानगरपालिकामा भएको धार्मिक स्थलहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २. आफ्नो वडा तथा उपमहानगरपालिकामा भएका प्राकृतिक पोखरी तथा दहहरुको नाम क्षेत्रहरुको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ३. आफ्नो वडा तथा उपमहानगरपालिकामा भएका विभिन्न कृतिम पोखरी तथा तालहरुको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ४. आफ्नो वडा तथा उपमहानगरमा ऐतिहासिक महत्वका सम्पदाहरुको नाम बताउन | अवलोकन र प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**विषय : हाम्रो घोराही विद्यार्थीको नाम : कक्षा १ रोलनम्बर :**

**३. घोराहीका परम्परा तथा सस्कृतिहरु**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | ीमिति | अङ्कन | मिति | अङ्कन |
| १. आफ्नो वडा तथा उपमहानगरपालिकामा भएका खाने बिशेष परिकारको नाम | प्रश्नोत्तर | | | | |
| २. आफ्नो वडा तथा उपमहानगरपालिकामा भएका विभिन्न जातजातिहरुले मनाउने चाडपर्वहरुको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ३. आफ्नो उपमहानगरटोलमा गाईने गितहरुको पहिचान गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| ४ घोराही उपमहानगरपालिकाका बिभिन्न जातजातीमा नाचिने प्रचलित नृत्यहरुका बारेमा बताउन | | | | | |
| ५. घोराही उपमहानगरपालिकामा प्रतलित बाद्यबादन सामग्रीहरुको नाम र काम बताउन । | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**विषय : हाम्रो घोराही विद्यार्थीको नाम : कक्षा १ रोलनम्बर :**

**४. पेसा, व्यवसाय र सीप**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. परिवारका सदस्यहरुले गर्ने पेसा र व्यवसायको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २. छिमेकीहरुले गर्ने पेसा व्यबसायको नाम बताउन | प्रश्नोत्तर, अवलोकन | | | | |
| ३. परम्परागत कृषि तथा पशुपालन पेसामा प्रयोग हुने औजारहरुको नाम बताउन | प्रश्नोत्तर, अवलोकन | | | | |
| ४ घोराहीमा प्रचलित पेसा व्यबसाय ढकिया बन्ने, डोको बुन्ने तथा अल्लो प्रशोधन तथा अल्लोबाट उत्पादित सामानको नाम भन्न । | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**विषय : हाम्रो घोराही विद्यार्थीको नाम : कक्षा १ रोलनम्बर :**

**५. मूल्य शिक्षा र जीवनोपयोगी सीप, उद्घोषण कला, व्यबहारिक लेखन तथा स्थानीय खेलहरु**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | ीमिति | अङ्कन | मिति | अङ्कन |
| १. नाता सम्बन्धका मानिसहरुको आनीवानी र विवरण बताउन | प्रश्नोत्तर | | | | |
| २. असल बानी तथा असल चरित्रको बारेमा बताउन | प्रश्नोत्तर, अवलोकन | | | | |
| ३. खुशी हुन सक्ने तथा खुशीका लागि आबश्यक पर्ने | प्रश्नोत्तर, अवलोकन | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| स्वभावहरुको पहिचान र अनुसरण गर्न | | | | | |
| ४. असल बानी व्यवहारलाई सम्झने र प्रयोग गर्ने अभ्यास गर्न | अवलोकन, प्रश्नोत्तर | | | | |
| ५. श्रम र सिर्जनालाई सम्मान गर्ने सीप र प्रवृत्तिको चर्चा र अभ्यास गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ६. घरपरिवार र समाजमा आबश्यक पर्ने जीवन उपयोगी सीपहरुको नाम भन्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ७ उद्घोषण कला, बाक कला आदीका बारेमा भन्न | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**विषय : हाम्रो घोराही विद्यार्थीको नाम : कक्षा १ रोलनम्बर :**

**६ बिपत व्यबस्थापन, फोहोर व्यबस्थापन तथा हरित बिद्यालय**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. विद्यालय आउँदा र घर जाँदा बाटोमा हुने जोखिम पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. विद्यालय आउँदा र घर जाँदा बाटोमा हुने जोखिमबाट सावधानी अपनाउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. कक्षाकोठा, विद्यालय, घर र बाटोमा सडक दुर्घटना, करेन्ट लाग्ने र करेन्टबाट समेत हुने आगलागी, डुबानबाट बच्ने उपायहरू अवलम्बन गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. कृत्रिम घटना अभ्यास | अवलोकन | | | | |
| ५. व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहयोग गर्न | अवलोकन | | | | |
| ६. घर, समुदाय र विद्यालयमा हुने फोहोर मैलाको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ७. फोहोर मैलाको रखाइमा सहयोग गर्न | अवलोकन | | | | |
| ८. घर तथा टोल वरपर भएका बिरुवाहरुको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ९. विद्यालयको बाल बगैंचामा भएका बिरुवाहरु चिन्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| १०. घर तथा विद्यालयमा गरिने वृक्षारोपणमा सहयोग गर्न | अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**विषय : हाम्रो घोराही विद्यार्थीको नाम : कक्षा १ रोलनम्बर :**

**७ सामाजिक कार्य, सामाजिक संघसंस्था तथा अनुकरणिय व्यक्तित्व**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. सामाजिक कार्य झारा, बाटो सरसफाई आदीको नाम भन्न | प्रस्नोत्तर | | | | |
| २. उपमहानगरपालिका क्षेत्रका टोल विकास संस्था, सहकारी संस्था, सामुदायिक बन, आदी संस्थको नाम भन्न | प्रस्नोत्तर अबलोकन | | | | |
| ३. घोराहीका अनुकरणिय व्यक्तिहरुको नाम तथा योगदान भन्न | प्रस्नोत्तर र अबलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |

| मिति : | उपलब्धि प्रतिशत | | | |
|---|---|---|---|---|

**विषय : हाम्रो घोराही** **विद्यार्थीको नाम :** **कक्षा १** **रोलनम्बर :**

**नोट :** यो कक्षा १ को मोडललाई आधार मानेर कक्षागत सिकाई उपलव्धीमा दिइएका सिकाई उपलव्धीका आधारमा कक्षा २ र ३ का विषय शिक्षकले पनि यसैगरी मुल्याङ्कन गर्नुपर्दछ ।

**विद्यार्थी मूल्याङ्कन (कक्षा ४-८)**

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक दुवै सिसिमका मूल्याङ्कन गरिनेछ । निर्माणात्मक मूल्यमान्यताको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकन लगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजूसूची, श्रेणी मापन लगायतका व्यवहार अवलोकन फाराम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यवहारिक समस्या लगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइ पश्चात् गरी सो क्षेत्र वा एकाइ अन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइ स्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइ पश्चात् पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ ।

**(क) आन्तरिक मूल्याङ्कन**

आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (पोर्टफोलियो ) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिए अनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| सि.नं. | मूल्याङ्कनका पक्ष | अंक भार |
|---|---|---|
| १ | **सहभागिता** | ४ |
| २ | **प्रयोगात्मक/परियोजना** | **३६** |
| | (क) प्रयोगात्मक तथा परियोजना कार्यको तयारी (योजना) | ६ |
| | (ख) प्रयोगात्मक तथा परियोजना कार्य सञ्चालन र प्रतिवेदन/चार्ट तयारी/चित्र/तालिका तयारी र अभिलेखीकरण | २० |
| | (ग) परियोजना कार्य तथा प्रयोगात्मक कार्यको प्रतिवेदन प्रस्तुतीकरण | ६ |
| | (घ) अन्तर्वार्ता | ४ |

| | | |
|---|---|---|
| ३ | **त्रैमासिक परीक्षा** | १० |
| | जम्मा | ५० |

निर्णयात्मक मूल्याङ्कनको कुल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट समावेश गरिनेछ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिनेछ ।

**द्रष्टव्य :**

- सहभागिताअन्तर्गत उपस्थिति तथा सिकाइमा सहभागिता र सक्रियता पर्दछन् ।
- आन्तरिक मूल्याङ्कन तोकिएको भारमा नै गर्नुपर्ने छ । उक्त भारअनुसार नै अक्षराङ्कन पद्धतिअनुसार विद्यार्थीलाई नतिजाको ग्रेडसिट दिन सकिने छ ।
- त्रैमासिक परीक्षालाई ५० प्रतिशत अङ्कभारमा सञ्चालन गरी तोकिएको १० प्रतिशत अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ ।
- त्रैमासिक परीक्षामा सुरु देखि पठनपाठन भएका सबै पाठ तथा एकाइबाट बाह्य परीक्षाको विशिष्टीकरण तालिकालाई आधार मानेर प्रश्न निर्माण गरी परीक्षा सञ्चालन गर्नुपर्ने छ ।
- एक शैक्षिक सत्रमा दुईओटा त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्ने छ । उक्त परीक्षाको नतिजालाई निर्णयात्मक मूल्याङ्कनमा समावेश गर्नुपर्ने छ ।
- वार्षिक रुपमा विद्यार्थीलाई ग्रेड सिट प्रदान गर्दा आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत अङ्कभार (सहभागिता ४, परियोजना कार्य, प्रयोगात्मक कार्य ३६, त्रैमासिक परीक्षा १०) को छुट्टै ग्रेड तथा बाह्य परीक्षाको ५० अङ्कभारको छुट्टै ग्रेड कायम गरी आन्तरिक र बाह्य मूल्याङ्कन दुवैको औसत ग्रेड पोइन्ट (जीपीए) कायम हुने गरी ग्रेड सिट तयार गर्नुपर्ने छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीको मूल्याङ्कन गर्दा आवश्यकताअनुसार दृश्य तथा ठूला मुद्रित सामग्री, स्पर्शात्मक सामग्री लगायतको उपयोग गर्नुपर्ने छ । प्रतिक्रियामा आधारित मूल्याङ्कनका लागि उपकरण, टङ्कण, साङ्केतिक भाषा वा सङ्केत प्रयोग गर्न उत्प्रेरित गर्नुपर्ने छ । कठिन तहको अपाङ्गता भएका विद्यार्थीलाई उनीहरूको स्तर, रुचि र आवश्यकताका आधारमा समय तालिका बनाई त्यस अनुसार मूल्याङ्कन गर्नुपर्ने छ । तपसिलको लेटरग्रेडिङ पद्धतिअनुसार विद्यार्थीको आन्तरिक र बाह्य मूल्याङ्कनको ग्रेड छुट्टा छुट्टै निकालेर विषयगत अन्तिम ग्रेड र जिपीए निकाल्नुपर्ने छ ।

| **क्र.स.** | **उपलब्धि प्रतिशत** | स्तरीकृत अङ्क | **अक्षरमा उपलब्धिस्तर** | **उपलब्धि स्तरको व्याख्या** |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

विद्यार्थी मूल्याङ्कनको नतिजा विवरण ( Grade Sheet) यसप्रकार हुने छ :

विद्यालयको नाम : ................................

विद्यार्थीको नाम : लिङ्ग :......................

कक्षा : ............ रोल न.......... जन्म मिति :

**नतिजा विवरण ( Grade Sheet)**

| क्र.सं | विषय | पाठ्य घण्टा | ग्रेड | ग्रेड पोइन्ट | अन्तिम ग्रेड | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नेपाली (सैद्धान्तिक)<br>नेपाली (आन्तरिक) | २.५<br>२.५ | | | | |
| २ | अङ्ग्रेजी (सैद्धान्तिक)<br>अङ्ग्रेजी (आन्तरिक) | २.५<br>२.५ | | | | |
| ३ | गणित (सैद्धान्तिक)<br>गणित (आन्तरिक) | २.५<br>२.५ | | | | |
| ४ | विज्ञान तथा प्रविधि (सैद्धान्तिक)<br>विज्ञान तथा प्रविधि (आन्तरिक) | २.५<br>२.५ | | | | |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा ( सैद्धान्तिक)<br>सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा ( आन्तरिक) | २.५<br>२.५ | | | | |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला (सैद्धान्तिक)<br>स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला (आन्तरिक) | १.५<br>१.५ | | | | |
| ७ | मातृभाषा वा स्थानीय विषय (सैद्धान्तिक)<br>मातृभाषा वा स्थानीय विषय (आन्तरिक) | २<br>२ | | | | |
| **ग्रेड पोइन्ट औसत (Grade Point Average-GPA) =** | | | | | | |

विषय शिक्षकको हस्ताक्षर : प्रधानाध्यापकको हस्ताक्षर :

नाम : नाम :

मिति :

**(ख) आवधिक मूल्याङ्कन**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्नेछ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सीप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र निर्माण गर्दा तपसिलको विशिष्टीकरण तालिकाको आधारमा गरिनेछ । यस पाठ्यक्रममा कक्षा ८ को विशिष्टीकरण तालिका विकास गरिएको छ । यसलाई आधार मानेर विद्यालयले अन्य कक्षा ४, ५, ६ र ७ को विशिष्टीकरण तालिका निर्माण गरी अन्तिम परीक्षा (५० पूर्णांकको परीक्षा) को प्रश्नपत्र बनाई मूल्याङ्कन गर्नुपर्ने छ ।

**विषयवस्तुको क्षेत्र/एकाइ र अनुमानित कार्यघन्टा (कक्षा १, २ र ३)**

| क्र.स. | क्षेत्र/एकाइ | अनुमानित कार्य घण्टा | | |
|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| १ | घोराही उपमहानगरपालिकाको परिचय | ३० | ३० | ३० |
| २ | घोराहीका धार्मिक तथा पर्यटकीय सम्पदाहरु | २५ | २५ | २५ |
| ३. | घोराहीका परम्परा र संस्कृतिहरु | ३५ | ३५ | ३५ |
| ४ | पेसा, व्यवसाय र सीप | २० | २० | २० |
| ५ | मूल्य शिक्षा, जीवनोपयोगी सीप उद्घोषण कला, व्यवहारिक लेखन तथा स्थानीय खेलहरु | २० | २० | २० |
| ६ | विपद् व्यवस्थापन, फोहोर व्यवस्थापन तथा हरित विद्यालय | १५ | १५ | १५ |
| ७ | सामाजिक कार्य, संघसंस्था तथा अनुकरणीय व्यक्तित्व | १५ | १५ | १५ |
| जम्मा | | **१६०** | १६० | १६० |

**विषयवस्तुको क्षेत्र/एकाइ र कार्यघन्टा (कक्षा ४ र ५)**

| क्र.स. | एकाइ | अनुमानित कार्य घण्टा | |
|---|---|---|---|
| | | कक्षा ४ | कक्षा ५ |
| १ | घोराही उपमहानगरपालिकाको परिचय | २८ | २८ |
| २ | घोराहीका धार्मिक तथा पर्यटकीय सम्पदाहरु | १५ | १५ |
| ३ | घोराहीका परम्परा र संस्कृतिहरु | २५ | २५ |
| ४ | पेसा, व्यवसाय र सीप | १५ | १५ |
| ५ | मूल्य शिक्षा, जीवनोपयोगी सीप उद्घोषण कला, व्यवहारिक लेखन तथा स्थानीय खेलहरु | २० | २० |
| ६ | विपद् व्यवस्थापन, फोहोर व्यवस्थापन तथा हरित विद्यालय | १३ | १३ |
| ७ | सामाजिक कार्य, संघसंस्था तथा अनुकरणीय व्यक्तित्व | १२ | १२ |
| **जम्मा** | | **१२८** | १२८ |

**विषयवस्तुको क्षेत्र/एकाइ र अनुमानित कार्य घण्टा (कक्षा ६, ७ र ८)**

| क्र.स. | क्षेत्र/एकाइ | अनुमानित कार्य घण्टा | | |
|---|---|---|---|---|
| | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १ | घोराही उपमहानगरपालिकाको परिचय | २८ | २८ | २८ |
| २ | घोराहीका धार्मिक तथा पर्यटकिय सम्पदाहरु | १५ | १५ | १५ |
| ३ | घोराहीका परम्परा र संस्कृतिहरु | २५ | २५ | २५ |
| ४ | पेसा, व्यवसाय र सीप | १५ | १५ | १५ |
| ५ | मूल्य शिक्षा, जीवनोपयोगी सीप उद्घोषण कला, व्यबहारिक लेखन तथा स्थानीय खेलहरु | २० | २० | २० |
| ६ | विपद् व्यवस्थापन, फोहोर व्यबस्थापन तथा हरित बिद्यालय | १३ | १३ | १३ |
| ७ | सामाजिक कार्य, संघसंस्था तथा अनुकरणिय व्यक्तित्व | १२ | | १२ |
| **जम्मा** | | **१२८** | **१२८** | **१२८** |

## विशिष्टीकरण तालिका

कक्षा ६-८

पूर्णाङ्क : ५०  समय : १ घण्टा ३० मिनेट

